सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१७ असोज २०८३, शनिबार (3 Oct 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १७३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# कांग्रेस महाधिवेशनमा इतिहासमै धेरै प्रतिनिधि

## आइतबारदेखि सुरु हुने महाधिवेशनमा ७७ सय प्रतिनिधि, २४० सदस्यीय केन्द्रीय कार्यसमिति प्रस्ताव गरिए पनि आकार बढ्न सक्ने

### रास्वपा सभापति लामिछाने, एमाले अध्यक्ष ओली, नेकपा संयोजक प्रचण्डलगायतका नेताहरू अतिथि वक्ता

### विधानमा निवर्तमान सभापति शेरबहादुर देउवाको भूमिका सुनिश्चित गर्ने तयारी

● **देवराज चालिसे**, प्रवक्ता



खुलामञ्च ०३६ को जनमतसंग्रहका वेला बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले जनताको स्वतन्त्रता र प्रजातन्त्रका पक्षमा ऐतिहासिक सम्बोधन गर्नुभएको स्थल हो। पञ्चायती व्यवस्थाविरुद्ध र बहुदलीय प्रजातन्त्रको पक्षमा जनमत सिर्जना गर्न ती सम्बोधनले महत्त्वपूर्ण भूमिका खेलेका थिए। त्यसको प्रतीकात्मक महत्त्वलाई ध्यानमा राखेर खुलामञ्चमै महाधिवेशन गर्दै छौं।

**प्रेम गौतम, शुरोजंग पाण्डे**/नयाँ पत्रिका

कांग्रेसको १५औं महाधिवेशनमा अहिलेसम्मकै धेरै अर्थात् सात हजार सात सय प्रतिनिधि सहभागी हुँदै छन्। संविधान र पार्टी विधानअनुसार ३३ प्रतिशत न्यूनतम महिला प्रतिनिधि सुनिश्चित गरिएको छ। यसबाहेक खुलासहित अन्य क्षेत्रबाट पनि प्रतिनिधित्व हुने भएकाले महिलाको अझै बढ्न सक्ने कांग्रेसले जनाएको छ। महाधिवेशन काठमाडौंको खुलामञ्चमा आइतबारदेखि सुरु हुँदै छ।

कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार सबैतिरबाट प्रतिनिधि चयन भइसकेका छन्। सभापतिले ७५ जना प्रतिनिधि मनोनीत गर्न सक्ने वैधानिक व्यवस्था छ। 'मूलधारमा आउन बाँकी साथीहरूलाई सभापतिले मनोनीत गर्नुहुनेछ। ७५ जना मनोनीत गर्ने वैधानिक व्यवस्था छ,' चालिसेले भने। कांग्रेस नेताहरूका अनुसार प्रतिनिधिहरूको काठमाडौं आउने क्रम सुरु भएको छ।

१८ असोजमा उद्घाटनपछि १९ र २० मा पार्टीको विधान र राजनीतिक प्रतिवेदनकेन्द्रित छलफल सत्र चलाएर २१ र २२ असोजमा निर्वाचन प्रक्रिया आरम्भ गर्ने गरी कांग्रेसले

» पृष्ठ २ मा क्रमशः

## ■ यस्तो छ महाधिवेशनको व्यवस्थापन तयारी

बन्दसत्र खुलामञ्चमा र राष्ट्रिय सभागृहमा हुने व्यवस्था गरिँदै छ। मतदान पनि खुलामञ्च, राष्ट्रिय सभागृह र प्रज्ञा भवनमा गर्ने तयारी छ। मतगणना भने राष्ट्रिय सभामा गर्ने कि पार्टी कार्यालयमै भन्ने टुंगो लाग्न बाँकी छ।



खुलामञ्चमा कांग्रेसको १५औं महाधिवेशनका लागि मञ्चलगायतका पूर्वाधार तयार गरिँदै। देश विपत्मा र जनता शोकमग्न रहेको अवस्थामा सादगीपूर्ण महाधिवेशन गर्ने निर्णय भएको प्रवक्ता देवराज चालिसेले बताए। उनका अनुसार प्रचारका कुनै झाँकी, तस्बिर र झकिझकाउ धेरै हुनेछैन। उद्घाटनको मूल गेटमा बाहेक अन्यत्र प्रचार सामग्री राखिनेछैनन्। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

### प्रतिनिधिलाई भृकुटीमण्डपमा चार दिन खानाको व्यवस्था

महाधिवेशनमा सहभागी प्रतिनिधिका लागि कांग्रेसले भृकुटीमण्डपमा चार दिन खाना तथा खाजाको व्यवस्था गर्ने भएको छ। त्यसका लागि क्याटरिङ अर्डरसमेत गरिसकिएको भोजन व्यवस्थापन समितिले जनाएको छ।

भोजन व्यवस्थापन समितिका सदस्य मनोजमणि आचार्यका अनुसार प्रतिनिधिका लागि बिहानको खाजा, खाना, दिउँसोको चियानास्ता र बेलुकीको खानाको व्यवस्था गरिनेछ। एक दिनमा एक छाक मासुको परिकारसमेत राखिएको छ। '७५ सय प्रतिनिधि, सचिवालय, सुरक्षाकर्मी तथा स्वयंसेवकलगायतलाई ध्यानमा राखेर करिब आठ हजारजनाका लागि खानाखाजाको व्यवस्था गरिएको छ,' नेता सुरेश आचार्यले भने, 'सबैका लागि भृकुटीमण्डपमै खानाखाजा खुवाउने प्रबन्ध गरेका छौं।'

### पार्टीले होटेल खोज्ने, प्रतिनिधिले खर्च व्यहोर्ने

महाधिवेशन प्रतिनिधिका लागि कांग्रेसले आवासको व्यवस्थापन गर्ने भएको छ। तर, होटेलमा बस्ने तथा खाने खर्च भने सम्बन्धित प्रतिनिधिले नै व्यहोर्नुपर्नेछ। काठमाडौंमा घर भएका, आफन्तकोमा बस्न सक्ने तथा डेरा गरी बस्ने प्रतिनिधिले आफैं आवासको व्यवस्था गर्न सक्नेछन्। अन्य प्रतिनिधिका लागि पार्टीले होटेलको व्यवस्थापन गर्नेछ।

भोजन व्यवस्थापन समितिका सदस्य मनोजमणि आचार्यका अनुसार नेपाल लोकतान्त्रिक होटेल व्यवसायी संघसँगको समन्वयमा सुन्धारा, नयाँ बसपार्क, एयरपोर्ट, गौशाला, कलंकीलगायत क्षेत्रमा प्रतिनिधिका लागि होटेल व्यवस्थापन भइरहेको छ। 'पार्टीले होटेलको व्यवस्था मिलाइदिन्छ, तर महाधिवेशन प्रतिनिधिले बस्ने तथा खाने खर्च आफैं व्यहोर्नुपर्नेछ,' आचार्यले भने।

### डाक्टर, नर्स र स्वास्थ्यकर्मीको एम्बुलेन्स स्ट्यान्डबाई

कांग्रेसले महाधिवेशन अवधिभर प्रतिनिधिको स्वास्थ्य सुरक्षाका लागि चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीलाई स्ट्यान्डबाई राख्ने भएको छ। स्वास्थ्य समितिका संयोजक डा. केदारनरसिंह केसीका अनुसार २५ देखि ३० जना चिकित्सक र त्यति नै संख्यामा नर्स तथा स्वास्थ्यकर्मी तयारी अवस्थामा रहनेछन्। 'आठ घण्टाको सिफ्टमा दुई सिफ्ट र आकस्मिक ड्युटीसहित तीन सिफ्टमा स्वास्थ्य सेवा दिने व्यवस्था गरेका छौं,' केसीले भने, 'कुनै प्रतिनिधिलाई असहज भएमा फोन गरेको केही समयमै सम्बन्धित स्थानमा पुग्ने गरी व्यवस्था मिलाइएको छ।'

स्वास्थ्य समितिले प्राथमिक उपचारदेखि आवश्यक परे थप उपचार र अस्पताल रेफरसम्मको व्यवस्था मिलाएको छ। वीर अस्पताल, ट्रमा सेन्टर र बिपी स्मृति अस्पताललाई रेफरल अस्पतालका रूपमा राखिएको छ। महाधिवेशनस्थलमा दुईवटा एम्बुलेन्स तयारी अवस्थामा रहने स्वास्थ्य समितिले जनाएको छ।

---

### झन् नयाँ

#### सहरमा हराउँदै छिमेकीपन




● **सुरेश ढकाल**, मानवशास्त्री

छिमेकीपन हराउनु भनेको छिमेकीसँगको सम्बन्ध हराउनु मात्र होइन, सामाजिक पुँजी, सामुदायिक स्मृति र पारस्परिक उत्तरदायित्वको एउटा हिस्सा हराउनु पनि हो

#### यसरी सुरु भयो महिलाले पनि रथ तान्ने प्रचलन



#### नेपालमा बाघको सिकार सम्भव छ ?




बाघ मार्नु सम्भव छ त ? यदि छ भने के अहिले यो समय आइसकेको छ ? यस प्रश्नको उत्तरका लागि अन्तर्राष्ट्रिय कानुन, सन्धि र अरू देशमा गरिने अभ्यासलाई हेर्न जरुरी देखिन्छ।

#### रासायनिक मलमा बर्सेनि बढ्दै अनुदान, तर किसानलाई पाउन सधैं सकस



०८२/८३ मा पाँच लाख ३८ हजार टन मल आयात, तर किसानले मलविनै सके रोपाइँ, धान गोडमेल गर्न पनि समस्या

(**विस्तृत पृष्ठ ७**)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

---

### विकल पौडेल अर्को भ्रष्टाचार मुद्दामा पनि दोषी ठहर

# ४२ करोड सम्पत्ति जफत हुने, सोहीबराबर बिगो तिर्नुपर्ने

नयाँ पत्रिका



● **छानबिनका क्रममा सिंगापुरको युनाइटेड ओभरसिज बैंकमा भेटिएको पौडेलको २५ करोड २३ लाख रुपैयाँबराबरको विदेशी मुद्रा जफत गर्ने फैसला**

सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकल पौडेल गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा पनि दोषी ठहर भएका छन्। विशेष अदालतले पौडेललाई करिब ४२ करोड रुपैयाँबराबरको सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरेको ठहर गर्दै उक्त सम्पत्ति जफत हुने फैसला गरेको छ। साथै, उनलाई साढे दुई वर्ष कैद सजाय तोकिएको छ।

विशेष अदालतका न्यायाधीशहरू वासुदेव आचार्य, उमेश कोइराला र विदुर कोइरालाको इजलासले शुक्रबार पौडेललाई दोषी ठहर गरेको हो। अदालतले विदेशमा रहेको उनको सम्पत्तिसमेत जफत हुने फैसला गरेको छ। अदालतका अनुसार गैरकानुनी रूपमा आर्जन गरेको ठहर भएको सम्पत्ति जफतसँगै पौडेलले थप करिब ४२ करोड रुपैयाँ बिगोसमेत तिर्नुपर्नेछ।

पौडेल यसअघि पनि भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका छन्। गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी यो मुद्दामा भने अदालतले उनको सम्पत्तिको स्रोत र वैधानिक आम्दानीबिचको अन्तरका आधारमा सम्पत्ति जफत तथा बिगो असुल गर्ने फैसला गरेको हो। पौडेलले ६२ करोड गैरकानुनी सम्पत्ति आर्जन गरेको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा अदालतले उनको ४१ करोड चार लाख ७३ हजार २८२ रुपैयाँबराबरको सम्पत्ति जफत हुने फैसला गरेको हो। यसमा उनकी श्रीमती एलिना बस्नेत तथा बुबा धर्मप्रसाद पौडेल र आमा शीतल पौडेलले भने अदालतबाट सफाइ पाएका छन्।

छानबिनका क्रममा सिंगापुरको युनाइटेड ओभरसिज बैंकमा उनको २५ करोड २३ लाख रुपैयाँबराबरको विदेशी मुद्रा भेटिएको थियो। सिंगापुर सरकारले नै उनको नाममा सो रकम रहेको भनेर इमेल गरेको तथा पौडेलले पनि त्यहाँ आफ्नो खाता भएको भनेर स्वीकार गरेकाले सो रकमलाई भने उनको आर्जनका रूपमा अदालतले गणना गरी जफत हुने फैसला गरेको छ। पौडेलले भने परामर्श सेवाबापत

» पृष्ठ २ मा क्रमशः

## निर्वाचन प्रहरीको कपडा खरिदसम्बन्धी संसदीय समितिले अध्ययन गर्ने



**रास्वपा सांसद मनीष झाको संयोजकत्वमा नौ सदस्यीय** अध्ययन **उपसमिति**



नयाँ पत्रिका

गत फागुनमा सम्पन्न निर्वाचनमा भर्ना भएका निर्वाचन प्रहरीका लागि भएको कपडा खरिदका विषयमा संसद्को सार्वजनिक लेखा समितिले अध्ययन उपसमिति गठन गरेको छ। रास्वपा सांसद मनीष झाको संयोजकत्वमा शुक्रबार उपसमिति गठन भएको हो।

समितिमा सांसदहरू ऐन महर, योगेश गौचन थकाली, आरेन राई, खगेन्द्र सुनार, खुश्बु ओली, रमेशकुमार मल्ल, गणेश धिमाल र महेन्द्रबहादुर शाही सदस्य रहेका छन्।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले निर्वाचन प्रहरीको

» पृष्ठ २ मा क्रमशः

● **निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० तथा सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरी भर्ना गरेका थिए। उनीहरूलाई पोसाक खरिदका लागि नगद नै दिइएको थियो। प्रत्यक्ष रूपमा खरिदमा प्रहरी देखिएको छैन। तर, प्रहरीले जिल्लाअनुसार ठेकेदारलाई तोकेर सहजीकरण गरी लाभ लिएको आरोप लागेको छ। समितिलाई दुई महिनाभित्र अध्ययन गरी प्रतिवेदन बुझाउन भनिएको छ।**

---

# भोटेकोशीले तहसनहस पारेको सडक सञ्जाल पुनर्निर्माणमा बेलिब्रिज अभाव, करिब ६० बेलिब्रिज आवश्यक पर्ने अनुमान

## सडक विभागसँग ८ र सेनासँग १ बेलिब्रिज, दाताले दिने प्रतिबद्धता गरे तर पठाएनन्, ५० मिटरका ७ र ७० मिटरका २ बेलिब्रिज किन्न टेन्डर आह्वान

● **भारतले सहयोग गरेको ७० मिटर लम्बाइको बेलिब्रिज त्रिशूलीबजारमा जडान गरिने, थप २२ बेलिब्रिज पठाउने भारतको प्रतिबद्धता**

● **चीनले १०० मिटरका दुई बेलिब्रिज पठाएको छ, जुन कोरोला नाका आइपुगेका छन्। तर, यी पुल प्रयोगमा ल्याउन बिचमा 'सपोर्ट' आवश्यक पर्ने हुनाले भोटेकोशी/त्रिशूली करिडोरमा तत्काल प्रयोग गर्न नसकिने देखिन्छ। चीनले पनि थप बेलिब्रिज पठाउने जनाएको छ।**

### सेनासँग रहेको एउटा बेलिब्रिज स्याफ्रुबेंसीमा प्रयोग गरिने, रसुवागढी नाकासम्म सडक खुलाउन तत्काल ७० मिटरमाथिका ६ बेलिब्रिज चाहिने

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

गत १० भदौमा ल्हेन्दे तथा भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीले ध्वस्त बनाएको सडक सञ्जाल पुनर्स्थापना गर्न बेलिब्रिज अभाव देखिएको छ।

पुल बगाएका क्षेत्रमा ६० बेलिब्रिज आवश्यक पर्ने भए पनि

» पृष्ठ २ मा क्रमशः



देवीघाटमा जडान गरिएको बेलिब्रिज। यो पुल २५ भदौदेखि सञ्चालनमा आएको थियो। १०-१२ दिनभित्र सञ्चालनमा ल्याउने गरी शुक्रबारदेखि वेत्रावतीमा पनि बेलिब्रिज जडान सुरु भएको छ। त्यसपछि रसुवा केन्द्रीय सडक सञ्जालमा जोडिनेछ।

## ■ वेत्रावतीसम्म खुल्यो सडक ट्र्याक

दसैंभित्र धुन्चे केन्द्रीय सडक सञ्जालमा जोडिने। स्याफ्रुबेंसी, रसुवागढी तथा टिमुरे नाका भने तत्काल केन्द्रीय सडकमा नजोडिने

नयाँ पत्रिका

बाढीले केन्द्रीय सडक सञ्जालबाट विच्छेद भएको रसुवा जिल्ला दसैंअघि पुनः सडक सञ्जालमा जोडिने भएको छ। नुवाकोट-रसुवा सीमाक्षेत्र वेत्रावतीसम्म सडकको ट्र्याक खुलेसँगै रसुवा सदरमुकाम धुन्चेलाई दसैंअघि नै केन्द्रीय सडक सञ्जालमा जोड्ने तयारी भएको हो।

बाढीले ८२ किलोमिटर लामो गल्छी-वेत्रावती-स्याफ्रुबेंसी-रसुवागढी-टिमुरे सडकखण्डको करिब ४० किलोमिटर बगाएको छ। बाँकी सडकमा समेत लेदो र माटो थुप्रिएपछि यातायात पूर्ण अवरुद्ध भएको थियो। त्यसपछि सडक विभागले निरन्तर काम गर्दै बिहीबार वेत्रावतीसम्म सडकको ट्र्याक खुलाएको छ।

» पृष्ठ २ मा क्रमशः

### ■ स्याफ्रुबेंसीदेखि रसुवागढीसम्मको सडक पुनर्निर्माण गर्न चीनलाई आग्रह

स्याफ्रुबेंसीदेखि टिमुरे नाकासम्मको सडक पुनर्निर्माण गर्न सरकारले चीनलाई आग्रह गरेको छ। यो खण्डको करिब १८ किमि सडक पूर्ण रूपमा क्षतिग्रस्त छ। चीनकै सहयोगमा स्याफ्रुबेंसी-रसुवागढी सडक विस्तार गर्ने आयोजना यसअघि नै अघि बढिसकेको थियो। त्यसलाई सुरु गर्न चीनलाई प्रस्ताव गरिएको परराष्ट्र मन्त्रालयको भनाइ छ। मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार यस विषयमा अहिले चीनसँग समन्वय भइरहेको छ।

# संसद्को बर्खे अधिवेशनबाट १२ विधेयक पारित

नयाँ पत्रिका

१४५ दिन चलेको संघीय संसद्को बर्खे अधिवेशनबाट १२ विधेयक पारित भएका छन् । बर्खे अधिवेशन शुक्रबार मध्यरातिबाट सकिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा शुक्रबार राति १२ बजेबाट लागू हुने गरी अधिवेशन अन्त्य गरेका हुन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले शुक्रबारबाटै संसद्को दोस्रो अधिवेशन सकिएको जानकारी गराए । अधिवेशन समापनका क्रममा सभामुख अर्यालले संसद्को बर्खे अधिवेशनमा १२ वटा विधेयक पारित भएको र विपत् व्यवस्थापनसहित जनसरोकारका विषयमा गम्भीर भूमिका खेलेको बताए । बर्खे अधिवेशनमै संसद्ले आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ र सम्पत्ति शुद्धीकरण निवारण तेस्रो संशोधनलगायत १२ विधेयक पारित गरेको हो । ११ वटा विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएर लागू भइसकेका छन् । त्यस्तै, २० वटा विधेयक विभिन्न समितिमा छलफलकै सिलसिलामा विचाराधीन छन् ।

संसद् सचिवालयका अनुसार गत २८ वैशाखदेखि शुक्रबारसम्म १४५ दिन चलेको बर्खे अधिवेशनमा ६८ बैठक बसे । ६२ दिन संसद् चलेको छ । २७७ घण्टा ३० मिनेटको संसदीय समय व्यतीत भएको अधिवेशनमा संघीय संसद्का दुवै सदनको संयुक्त बैठकसमेत गरी कानुन निर्माण र नीतिगत बहसमा केन्द्रित रहेको सभामुख अर्यालको भनाइ छ ।

संसद्ले जलवायु परिवर्तनको प्रभाव र विपत् व्यवस्थापनका लागि अध्ययन गर्न १५ सदस्यीय विशेष संसदीय समिति गठन गरिएको छ । उता, राष्ट्रिय सभाबाट पनि यससँग सम्बन्धित नै अलग्गै नौ सदस्यीय विशेष समिति पनि बनेको छ । सरकारका विभिन्न मन्त्रीहरूले प्रश्नोत्तरका क्रममा सांसदहरूले उठाएका जनसरोकारका विषयमा जवाफ दिएका छन् ।

**संसद्को भूमिका प्रभावकारी रह्यो : सभामुख**

सभामुख डोलप्रसाद अर्यालले संसद्ले प्रभावकारी भूमिका निर्वाह गरेको बताएका छन् । संसद्को बर्खे अधिवेशन समानपनसँगै शुक्रबार आयोजित पत्रकार अन्तर्क्रियामा सभामुख अर्यालले यस्तो बताएका हुन् ।

उनले संसद्को कमजोर भूमिका आफूलाई महसुस नभएकोसमेत अनुभव सुनाए । 'संसद् कमजोर भएको महसुस पटक्कै छैन । विगतमा तीन वर्ष मैले पनि सभामा सदस्य भएर काम गरे । नागरिकको हैसियतले राजनीतिमा प्रवेश गर्नुभन्दा अगाडि पनि नेपालको संसद् हेरिरहेकै हो,' उनले भने । आफूले नेतृत्व गरेको रूपमा नभएर विगतसँग तुलना गर्दा पनि संसद्ले कमजोर भूमिका खेलेको हो कि भन्ने अवस्था नरहेको उनको प्रष्टोक्ति थियो । संसद्को मर्यादा, यसको काम गर्ने गति र जनताप्रतिको उत्तरदायित्वमा कुनै कमी हुन नदिइएको पनि उनले जानकारी गराए । कार्यपालिकालाई जनउत्तरदायी बनाउने काममा नागरिक तथा पत्रकार सबै लाग्नुपर्नेमा उनले जोड दिए ।

■ नयाँ पत्रिका समाचार प्रभाव

# पाँचजना सल्लाहकार र २० जना स्वकीयसहित प्रधानमन्त्रीको सचिवालयमा २५ जना

सुवास भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालय समूह सार्वजनिक गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्रधानमन्त्रीका सल्लाहकार, विज्ञ र स्वकीय सचिवालयमा कार्यरत सबैको सेवासुविधासहितको विवरण आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरेको हो ।

विवरणअनुसार प्रधानमन्त्रीको सचिवालयमा २५ जना नियुक्त भएका छन् । कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार प्रधानमन्त्रीको स्वकीय सचिवालयमा पाँचजना सल्लाहकार र २० जना स्वकीय सदस्य छन् ।

प्रधानमन्त्री सचिवालयको विवरण लुकाइएकोबारे गत मंगलबार नयाँ पत्रिकामा समाचार प्रकाशित भएको थियो । प्रधानमन्त्री र १६ मन्त्रीले १२८ जना सल्लाहकार र स्वकीय नियुक्त गरेकोबारे प्रकाशित समाचारमा प्रधानमन्त्री कार्यालयले प्रधानमन्त्रीको सचिवालयको विवरण लुकाएको उल्लेख थियो ।

नयाँ पत्रिकाले सूचनाको हकसम्बन्धी निवेदनमार्फत माग गरेको सूचनामा कार्यालयले सचिवालयको संख्या मात्रै दिएर पद, नाम र सेवासुविधा लुकाएको थियो । यसबारे समाचार प्रकाशित भएपछि आलोचना भएका थियो । त्यसलगत्तै कार्यालयले सचिवालय समूह सार्वजनिक गरेको हो ।

सल्लाहकारमा तीनजनाले मन्त्रीसरह र दुईजनाले राज्यमन्त्रीसरह नियुक्ति लिएका हुन् । मुख्य सल्लाहकारको पदमा कुमार ब्यञ्जनकार छन् भने असिम शाह राजनीतिक सल्लाहकार छन् । मन्त्रीसरहको सेवासुविधा हुने गरी नियुक्ति लिए पनि ब्यञ्जनकार भने अवैतनिक अर्थात् पारिश्रमिक नलिने रहेका विवरणमा उल्लेख छ । मन्त्रीसरहकै स्वास्थ्य सल्लाहकारको नियुक्ति लिएका प्रा.डा. जगदीशप्रसाद अग्रवाल पनि अवैतनिक छन् । राज्यमन्त्रीसरह नियुक्ति रहेको सल्लाहकारमा सुदीप ढकाल र विवेक मिश्र छन् । ढकाल नीति, प्रशासन तथा सुशासन सल्लाहकार र मिश्र सूचना तथा प्रविधि सल्लाहकार हुन् ।

सचिवसरहको नियुक्ति लिएका सुवास शर्मा प्रमुख स्वकीय सचिव छन् । सहसचिवसरहको नियुक्तिमा भने पाँचजना छन् । त्यसमा स्वकीय सचिव नवीन भण्डारी छन् । स्वकीय सहसचिवमा दुईजनामध्ये विकास परियोजना हेर्ने सञ्जीव पाण्डे र प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहाल छन् । कार्यक्रम तथा भ्रमण संयोजक सन्तोष गिरी र सामाजिक विकासविज्ञ विश्व राई छन् । पाँचजना उपसचिवसरहको नियुक्तिमा छन् । स्वकीय उपसचिवमा प्रकृति ढकाल र विशाल अधिकारी छन् । सहायक विज्ञमा नागरिक उड्डयन हेर्ने सुमन गौतम र भाषा तथा मस्यौदामा रविकिरण अधिकारी छन् । स्वकीय उपसचिवमै विनय शाक्य छन् ।

शाखा अधिकृतसरह नियुक्ति पाएका चारजना छन् । त्यसअन्तर्गत स्वकीय शाखा अधिकृतमा प्रेस सहजकर्ता सुरेन्द्र बजगाईं, ग्राफिक्स डिजाइनमा रोशन तामाङ र स्वकीय शाखा अधिकृतमै बेदानन्द जोशी र अनुसन्धान अधिकृतमा हेमनारायणदास चौधरी छन् । सहायकसरहको नियुक्तिमा नासुसरह सेवासुविधा हुने गरी पाँचजना छन् । प्रशासन सहायकमा अनुप थापामगर, ऋषि थापा, राजकुमार गौतम, बेनिस कार्की र कम्प्युटर सहायक अमृत पाण्डे छन् ।

प्रधानमन्त्रीको सचिवालयमा ४८ जनाको दरबन्दी भए पनि हाल २५ जनाको नियुक्ति रहेको कार्यालयले खुलाएको छ । विगतमा ६६ जनासम्मको सचिवालय दरबन्दीलाई प्रधानमन्त्री बालेन्द्रले ४८ जनामा कायम गरेका थिए ।

# चिनियाँ राजदूत तिब्बतमा, कोरोला नाकाको अनुगमन गर्ने

नयाँ पत्रिका

नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले कोरोला नाकादेखि जोमसोमसम्म सडक तथा सीमा पूर्वाधारको स्थलगत अवलोकन गर्ने भएका छन् । हाल तिब्बतको सागा क्षेत्रमा रहेका राजदूत माओमिङ आइतबार कोरोला हुँदै जोमसोम पुग्ने जानकारी मुस्ताङ प्रशासनले पाएको छ ।

चीनले तिब्बतको झोङ्बा काउन्टी जोड्ने मुस्ताङको ल्होमान्थाङ गाउँपालिका- ४ मा अवस्थित कोरोला नाकालाई अन्तर्राष्ट्रिय सीमानाका बनाउने प्रस्ताव गरेपछि चिनियाँ राजदूत पहिलोपटक अवलोकनका लागि जान लागेका हुन् ।

केही दिनअघि परराष्ट्र मन्त्रालयका चीन डेस्क हेर्ने उत्तर पूर्वी महाशाखा प्रमुख रामकाजी खड्काको नेतृत्वमा चिनियाँ राजदूतावासका उपनियोग प्रमुख वाङ सिनसहितको टोली सिन्धुपाल्चोकस्थित तातोपानी नाका अनुगमनमा गएको थियो । अब चिनियाँ राजदूत आफैँ कोरोला नाकाको अनुगमन गर्दै स्थलमार्ग भएर तिब्बतबाट नेपाल आउन लागेका छन् ।

चिनियाँ राजदूत माओमिङ तथा परराष्ट्र मन्त्रालयको चीन मामिला हेर्ने उत्तरपूर्वी महाशाखाका उपसचिव मनहरि दंगाललगायतको टोली हाल तिब्बतमा छ । उनीहरू दुवैजनाले सीमानाकाको पूर्वाधार र सडकको अनुगमन गर्नेछन् ।

मुस्ताङकी प्रमुख जिल्ला अधिकारी अजिता शर्मा तथा कोरोलाका प्रमुख भन्सार अधिकृत विदुर चुँडालले चिनियाँ राजदूत मुस्ताङ जाने जानकारी पाएको बताए । 'चिनियाँ राजदूत आइतबार कोरोलाबाट जोमसोम आइपुग्ने जानकारी प्राप्त भएको छ,' मुस्ताङको कोरोला भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत विदुर चुँडालले टेलिफोनमा नयाँ पत्रिकासँग भने ।

चीनले परराष्ट्र मन्त्रालयमार्फत पूर्वाधार विकास मन्त्रालयमा यही साता चिठी पठाएर कोरोलालाई एक वर्षका लागि अन्तर्राष्ट्रिय नाकामा रूपान्तरण गर्ने प्रस्ताव पठाएको थियो । नेपालले विगतमा गर्दै आएको प्रस्ताव कार्यान्वयन नभए पनि चीन स्वयंले प्रस्ताव गरेपछि नेपाली अधिकारीहरू उत्साही भएका छन् । चिनियाँ राजदूत माओमिङ कोरोलामा चिनियाँ तथा नेपाली सीमा पूर्वाधारको अवलोकन गर्दै जोमसोम पुग्ने र त्यहीँबाट काठमाडौं आउने कार्यक्रम रहेको छ ।

समुद्री सतहबाट चार हजार ६ सय मिटर उचाइमा रहेको कोरोला नाका पछिल्लोपटक म्याग्दीखण्डमा बाढीका कारण पुल बगाएसँगै ठप्पप्रायः छ । सीमा क्षेत्रआसपासमा १५० भन्दा बढी कन्टेनर अड्किएको प्रमुख भन्सार अधिकृत चुँडालले बताए ।

## भौतिक पूर्वाधार

भदौ १० मा भोटेकोशीको प्रलयकारी बाढीले रसुवागढी-केरुङ सीमाका सबै पूर्वाधार बगाएपछि कोरोला नाकाबाट सामान आवतजावत हुँदै आएकोमा असोज पहिलो साता आएको बाढीका कारण म्याग्दीमा बाटो र पुल भत्केपछि सञ्चालनमा आएको छैन । उक्त अवरोध खुलाउने तयारी भइरहेका वेला चीन सरकारले एक वर्षका लागि कोरोलालाई अन्तर्राष्ट्रिय नाका बनाउने प्रस्ताव गरेको छ ।

'मुस्ताङ जिल्लामा काभ्रेचौरदेखि कोरोला नाकासम्म बाटो एकतर्फी चलाइएको छ । मुस्ताङमा समस्या छैन, म्याग्दीखण्डमा कनेक्टिभिटी भत्केका कारण कोरोला नाकाबाट सामानहरू आउन पाएका छैनन्,' मुस्ताङकी प्रमुख जिल्ला अधिकारी शर्माले भनिन् । उनका अनुसार म्याग्दीखण्डको राजमार्ग भत्केर सम्पर्कविच्छेद भएपछि मुस्ताङमा पेट्रोलियम पदार्थको समस्या भएको छ । म्याग्दीखण्डका तातोपानी, पोखरेबगरलगायतमा सडक भत्केका छन् र बाटो पूर्ण क्षमतामा सञ्चालन हुन एक महिना लाग्ने जानकार एक अधिकारीले बताए ।

■ रास्वपा केन्द्रीय समिति बैठक आज

# स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट समिति गठनदेखि नेतालाई पालिकास्तरसम्म खटाउनेसम्मका एजेन्डा

नयाँ पत्रिका

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय समिति बैठक शनिबार बस्दै छ । पार्टी सभापति रवि लामिछानेले अपराह्न केन्द्रीय कार्यालय घन्टीघरमा बैठक बोलाएका हुन् । बैठकमा आगामी स्थानीय तह निर्वाचनको तयारीसहित समसामयिक राजनीतिक विषयमा छलफल तथा निर्णय हुने भएको छ ।

बैठकले स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट समिति गठन, उम्मेदवार छनोटको प्रक्रिया तथा नेताहरूलाई पालिकास्तरसम्म खटाउने विषयमा निर्णय गर्नेछ । साथै, पार्टीका केन्द्रीय सदस्य तथा सांसदहरूलाई स्थानीय तहसम्म परिचालन गर्ने र विभिन्न विभागलाई पूर्णता दिने विषय पनि बैठकको एजेन्डामा छन् ।

रास्वपाले आगामी स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै केन्द्रीय सदस्य तथा सांसदहरूलाई देशभरका पालिकामा परिचालन गर्ने तयारी गरिरहेको छ । पार्टीले नागरिकसँग प्रत्यक्ष संवाद गर्ने र स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियाबारे जानकारी गराउने उद्देश्यले पालिकाकेन्द्रित अभियान सञ्चालन गर्ने जनाएको छ ।

पार्टी प्रवक्ता जगदीश खरेलका अनुसार बैठकमा समसामयिक राजनीतिक विषयमा समेत छलफल हुनेछ । 'सभापतिज्यूले बोलाउनुभएको केन्द्रीय समितिको बैठकको तयारी भइरहेको छ । स्थानीय तहको आगामी निर्वाचनमा उम्मेदवार छनोटका लागि समिति गठन गर्ने, पार्टीका केन्द्रीय सदस्य तथा सांसदहरूलाई स्थानीय तहसम्म परिचालन गर्ने, विभागहरूलाई पूर्णता दिने तथा मधेश प्रदेश समितिको अधिवेशनलगायत समसामयिक विषयमा छलफल हुनेछ,' उनले भने ।

रास्वपाले 'हामी आउँदै छौँ, हामी सुन्छौँ' अभियानमार्फत आफ्ना नेताहरूलाई स्थानीय तहसम्म परिचालन गर्ने तयारी गरेको छ । पार्टीका केन्द्रीय सदस्य र सांसदहरूलाई फरक-फरक जिल्ला तथा पालिकामा पठाएर स्थानीय तह, जिल्ला र केन्द्रबिच समन्वय विस्तार गर्ने योजना रहेको एक पदाधिकारीले बताए ।

'विशेष गरी केन्द्रीय सदस्य र सांसदहरूलाई आफ्नो क्षेत्रमा मात्र नभई फरक जिल्लामा समेत पठाउने विषयमा छलफल हुनेछ । स्थानीय तहदेखि केन्द्रसम्मको समन्वयका लागि यस्तो निर्णय आवश्यक छ,' ती पदाधिकारीले भने ।

**सर्टिफिकेट हरायो**

मिति २०८३/५/३० गते रुकुम पूर्व घरबाट सदरमुकाम रुकुमकोट सम्म आउँदा मेरो NEB बाट जारी भएको +2 को माईग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनुहुन अनुरोध छ ।

**नाम : प्रकाश के.सी.**
रजिष्ट्रेसन नं. : 775411031
सिम्बोल नं. : 25401692
फोन नं. : 9866170902

**Re-Invitation of Sealed Bid for Supply of Blank Visa Debit Cards**

**Jyoti Bikash Bank Limited (JBBL)** invites sealed bids from eligible Nepalese firm / company for the Supply of Blank Visa Debit Cards as below:

| S.N. | Particular | Required Quantity |
|---|---|---|
| 1 | Blank Visa Debit Cards | 15,000 |

For more details, please scan the QR Code

The bid document is to be purchased from bank's General Service Department at Head Office, Kamalpokhari, Kathmandu within office hours upon payment of non-refundable fee of NRs. 3,000.00. All bids must be submitted in a sealed envelope by 5 PM on or before 9th October 2026 at the General Service Department, Kamalpokhari. If the last date falls on a public holiday, the deadline will be extended to the next working day. Late submissions will not be accepted.
The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306/07/08/09/10
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

## कांग्रेस महाधिवेशनमा...

पृष्ठ १ बाट क्रमशः

महाधिवेशन कार्यतालिका बनाएको छ । बन्दसत्रमा छलफल अलग-अलग टिम बनाएर तीन ठाउँमा गर्ने तयारी छ । ६ हजारसम्म खुलामञ्चमा र बाँकी राष्ट्रिय सभागृहमा छलफलको व्यवस्था गरिँदै छ । मतदान पनि खुलामञ्च, राष्ट्रिय सभागृह र प्रज्ञा भवनमा गर्ने तयारी छ । आचार्यका अनुसार मतगणना भने राष्ट्रिय सभामा गर्ने कि पार्टी कार्यालयमै भन्ने टुंगो लाग्न बाँकी छ ।

महाधिवेशनका लागि कांग्रेसले व्यवस्थापकीय काम तीव्र पारेको छ । उद्घाटनस्थल खुलामञ्चमा मञ्च निर्माणको काम भइरहेको छ । खुलामञ्चमै उद्घाटन र बन्दसत्रका साथै केन्द्रीय पदाधिकारी र सदस्यहरूका लागि मनोनयन दर्ता र मतदानसमेतको व्यवस्था मिलाइँदै छ ।

ऐतिहासिक स्थल भएकाले खुलामञ्चको प्रतीकात्मक महत्त्वलाई ध्यानमा राख्दै १५औँ महाधिवेशन त्यहीँ गर्ने निर्णयमा पुगेको प्रवक्ता चालिसले बताए । 'खुलामञ्च ०३६ को जनमतसंग्रहका वेला बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले जनताको स्वतन्त्रता र प्रजातन्त्रका पक्षमा ऐतिहासिक सम्बोधन गर्नुभएको स्थल हो । पञ्चायती व्यवस्थाविरुद्ध र बहुदलीय प्रजातन्त्रको पक्षमा जनमत सिर्जना गर्न ती सम्बोधनले महत्त्वपूर्ण भूमिका खेलेका थिए,' उनले भने, 'त्यसको प्रतीकात्मक महत्त्वलाई ध्यानमा राखेर खुलामञ्चमै महाधिवेशन गर्दै छौँ ।'

प्रवक्ता चालिसेका अनुसार १५औँ महाधिवेशन केवल नेतृत्व चयनका लागि नभई पार्टीमा आवश्यक परिवर्तन र सुधारलाई संस्थागत गर्ने अवसरका रूपमा अघि बढाइनेछ । 'परिवर्तनको एजेन्डा बोकेर विशेष महाधिवेशन भएको थियो । अब त्यस एजेन्डालाई संस्थागत गर्नेछौँ,' उनले भने ।

उनका अनुसार आवास, भोजन तथा अतिथि सत्कारलगायत व्यवस्थापकीय काम अन्तिम चरणमा पुगेका छन् ।

महाधिवेशनका लागि प्रचारप्रसार संयन्त्रसमेत मितव्ययी बनाइएको प्रवक्ता चालिसेले बताए ।

मञ्च व्यवस्थापनमा खटिएका नेता सुरेश आचार्यका अनुसार मञ्च निर्माणको काम द्रुत गतिमा भइरहेको छ । संविधानसभामा भएका सबै राजनीतिक दल र अहिले संसद्मा प्रतिनिधित्व गर्ने दलका नेतालाई अतिथिलाई रूपमा आमन्त्रण गरिएको छ । विदेशबाट समेत केही दलबाट अतिथि आउनेछन् । मिडिया सेन्टर र स्वास्थ्यको क्याम्प पनि टुँडिखेलमै रहनेछ । स्वयंसेवकका रूपमा भूतपूर्व सैनिक संघ, भूतपूर्व प्रहरी संघका साथै तरुण दल र नेविसंघका नेता तथा कार्यकर्ता खटिनेछन् ।

### केन्द्रीय समितिको आकार बढ्दै

१४औँ र विशेष महाधिवेशनमा १६८ सदस्यीय केन्द्रीय कार्यसमिति रहेको भए पनि कांग्रेसले १५औँ महाधिवेशनबाट आकार बढाउने तयारी गरेको छ । विधान मस्यौदा समितिका संयोजक महामन्त्री प्रदीप पौडेलले महाधिवेशनको बन्दसत्रमा पदाधिकारीसहितको केन्द्रीय कार्यसमितिसम्बन्धी नयाँ व्यवस्थासहितको विधान पेस गर्नेछन् । विधान पास भएपछि केन्द्रीय कार्यसमितिको आकार बढाउने विकल्प खुला हुनेछ ।

विधानमा कम्तीमा १७ सदस्यीय पदाधिकारीसहित २४० सदस्यीय कार्यसमिति रहने व्यवस्था आउनेछ । प्रवक्ता चालिसेले त्यसमा पनि बढ्न सक्ने सम्भावना रहेको सुनाए । 'अहिले सभापतिलाई सहमहामन्त्री मात्र मनोनीत गर्ने अधिकार दिइएकोमा अन्य पदाधिकारी पनि दिने कि भन्ने आन्तरिक छलफल पनि चलिरहेकै छ । त्यसैले पदाधिकारीसहित केन्द्रीय समितिको आकार बढाउने गरी हलले निरूपण गर्न पनि सक्छ,' चालिसले भने । १४औँ महाधिवेशनमा १३ जना पदाधिकारी थिए ।

१७ सदस्यीय प्रस्तावित पदाधिकारी संरचनाअनुसार १३ जना निर्वाचित र अन्य मनोनीत रहनेछन् । प्रस्तावअनुसार सभापति एकजना (निर्वाचित), उपसभापति दुईजना (निर्वाचित), महामन्त्री दुईजना (निर्वाचित) र सहमहामन्त्री ११ जना (आठ क्लस्टरबाट आठजना र सभापतिले केन्द्रीय सदस्यबाट मनोनयन गर्ने तीनजनामा एक महिला अनिवार्य) रहनेछन् । यस्तै, एक कोषाध्यक्ष (केन्द्रीय सदस्यमध्येबाट मनोनयन हुने वा अन्य व्यवस्थाअनुसार) रहनेछन् ।

### विधानमा देउवाको भूमिका सुनिश्चित गर्ने तयारी

विधान मस्यौदा समितिका संयोजक महामन्त्री प्रदीप पौडेलले प्रस्तुत गर्ने विधान संशोधन प्रस्तावमाथि छलफल गरी पास गर्ने तयारी छ । अहिलेसम्म पूर्वसभापतिहरूको मर्यादाक्रम र भूमिका के रहने विषय विधानमा नरहे पनि अबको विधानमा भने निवर्तमान सभापति शेरबहादुर देउवाको स्थान र जिम्मेवारी पनि निरूपण गर्ने गरी विधान बनाउने तयारी भइरहेको प्रवक्ता चालिसेले बताए । पार्टी एकताको स्पिरिट ख्याल गरेरै देउवाको स्थान सुनिश्चित गर्ने तयारीमा कांग्रेस लागेको हो । यद्यपि, अहिले कांग्रेसको देउवा समूह पनि समानान्तर महाधिवेशनको तयारीमा जुटेको छ ।

### लामिछाने, ओली, प्रचण्ड अतिथि वक्ता

कांग्रेसको १५औँ महाधिवेशनमा रास्वपाका सभापति रवि लामिछाने, एमाले अध्यक्ष केपी ओली र नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डसहितका नेताले सम्बोधन गर्ने भएका छन् । त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टी अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत, श्रम संस्कृति पार्टी महासचिव आरेन राई र राष्ट्रिय जनमोर्चा अध्यक्षका तर्फबाट कार्यवाहक महासचिव घनश्याम पौडेलले पनि उद्घाटनका क्रममा शुभकामना सम्बोधन गर्नेछन् । त्यस्तै, विदेशबाट सोसलिस्ट इन्टरनेसनलकी कार्यकारी संयोजक चन्ताल काम्बिवा महाधिवेशनमा सहभागी हुन नेपाल आइसकेको उनले बताए । अन्तर्राष्ट्रिय अतिथि आउने क्रम जारी रहेको कांग्रेसले जनाएको छ ।

## ४२ करोड...

पृष्ठ १ बाट क्रमशः

आफूले सो रकम कमाएको दाबी गरेका थिए । अख्तियारले भने सरकारी ठेक्काबापत उनले सो खातामा कमिसन बुझ्दै आएको दाबी गरेको थियो । अमेरिकाको रबिनहुड सेक्युरिटीमा समेत उनको आठ करोड ४७ लाख ६० हजारबराबरको लगानी रहेको अख्तियारको दाबी प्रमाण नपुगेको भन्दै बिशेषले अस्वीकार गरेको छ ।

पौडेलविरुद्ध आठ प्रकारका मुद्दा दायर भइसकेका छन् । जसमध्ये कतिपयमा उनी दोषी ठहर भइसकेका छन् । ३ वैशाख ०८० मा ६९ करोड आठ लाख ८१ हजार बिगोको गैरकानुनी लाभहानि, ९ वैशाख ०८१ मा झुटा विवरण पेस गरेर सरकारी नियुक्ति लिएकामा १० हजार जरिवानासहितको अर्को मुद्दा, लगत्तै ३० वैशाखमा ४० करोड ८५ लाख ७४ हजार बिगो दाबी गरेर गैरकानुनी लाभहानिको मुद्दा दायर भएको थियो ।

त्यस्तै, लगत्तै ९ जेठ २०८१ मा ६२ करोड गैरकानुनी सम्पत्ति आर्जनको मुद्दा दायर भएकोमा त्यसमा हाल फैसला भएको हो । १० असार ०८१ मा ३८ करोड ६७ लाख १७ हजार ६४० बिगोको सार्वजनिक सम्पत्ति हानि-नोक्सानी मुद्दा, ८ असोजमा एक करोड ४६ लाख ६६ हजार बिगोको हुन्डी कारोबार मुद्दा, १४ असोजमा एक अर्ब ८३ करोड जरिवानाको विदेशी विनिमय अपचलन र २६ वैशाख ०८३ मा ६१ करोड १३ लाख २१ हजार १५३ रुपैयाँ बिगोको मुद्दा दायर भएका छन् । पौडेल साढे दुई वर्षदेखि कारागारमा छन् ।

## निर्वाचन प्रहरीको...

पृष्ठ १ बाट क्रमशः

नेपाल प्रहरी र सशस्त्र प्रहरीले निर्वाचन प्रहरीको पोसाक खरिदमा अनियमितता भएको उजुरी परेपछि त्यसमा अध्ययन हुन लागेको हो । प्रहरीले भने सम्बन्धित निर्वाचन प्रहरीलाई पोसाक खरिदको पैसा नगद नै दिइएकोले यसमा कुनै अनियमितता नभएको दाबी गरेको छ । समितिले सुरुमा अध्ययन गर्ने र त्यसको आधारमा छानबिन गर्ने नगर्ने निर्णय गर्ने सांसद खुश्बु ओलीले बताइन् ।

रास्वपाकै सांसद खगेन्द्र सुनारले खरिदमा अनियमितता भएको भन्दै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको राजीनामा समेत माग्दै आएका छन् । उनलाई पनि राखेर अध्ययन समिति गठन भएको हो । सुरुमा समितिमा उनलाई राखिएको थिए । सुनारले आफूलाई संयोजक नै मानेका थिए । पछि सदस्यमा राखिएको हो । समितिको बैठकमा अध्ययन समिति बनाउने कि छानबिन समिति भन्नेमा पनि विवाद देखिएको थियो ।

निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० तथा सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरी भर्ना गरेको थियो । उनीहरूलाई पोसाक खरिदका लागि नगद नै दिइएको थियो । प्रत्यक्ष रूपमा खरिदमा प्रहरी देखिएको छैन । तर, प्रहरीले जिल्लाअनुसार ठेकदारलाई तोकेर सहजीकरणी गरी लाभ लिएको आरोप लागेको छ ।  समितिलाई दुई महिनाभित्र अध्ययन गरी प्रतिवेदन बुझाउन भनिएको छ ।

## भोटेकोशीले...

पृष्ठ १ बाट क्रमशः

सडक विभागसँग आठ र नेपाली सेनासँग एउटा गरी नौवटा बेलिब्रिज मात्र उपलब्ध छन् ।

धुन्चे र पश्चिम रसुवातर्फ सडक सम्पर्क पुनर्स्थापित गर्ने काम अघि बढे पनि स्याफ्रुबेँसीभन्दा माथि रसुवागढी र टिमुरे नाकासम्म तत्कालै केन्द्रीय सडक सञ्जाल जोडिने अवस्था छैन । बाढीले क्षति पुऱ्याएको उक्त क्षेत्रमा सडक संरचना पुनर्निर्माणसँगै पुलको अभाव मुख्य चुनौती बनेको छ ।

सरकारी अधिकारीहरूका अनुसार स्याफ्रुबेँसीबाहेक टिमुरेस्थित चिनियाँ नाकासम्म पुग्न ६ ठाउँमा पुल राख्नुपर्ने देखिएको छ । बाढीले त्यो खण्डमा भएको ६ वटा पुल बगाएको छ । त्यसअनुसार टिमुरे नाकासम्म सडक खुलाउन नयाँ ट्र्याक निर्माणसँगै मितेरी, रोंगा, रोंगा चिलिमे, फेलुङ, कुलुङ र घट्टेखोलामा पुल राख्नुपर्नेछ ।

अहिले स्याफ्रुबेँसीमा जडान गर्न मिल्ने ७३ मिटरको बेलिब्रिज छ । बाँकी भने लम्बाइअनुसारका बेलिब्रिज नभएको सडक विभागको एक अधिकारीले बताए । अहिले विभागसँग आठ र सेनासँग एक बेलीबृज स्टक छन् । 'स्याफ्रुबेँसीमा राख्नेबाहेक सडक विभागसँग ५० र १०० मिटरका पुल छन्,' ती अधिकारीले भने ।

केही समयअघि विदेशी दाताले नेपाललाई बेलिब्रिज अनुदान दिने प्रतिबद्धता जनाएका थिए । तर, हालसम्म भारतले एक र चीनबाट दुईवटा मात्रै बेलिब्रिज प्राप्त भएका छन् । तीबाहेक थप बेलिब्रिज आइनपुगेकाले बाढीले क्षति पुऱ्याएको सडक पुनः सञ्चालनमा चुनौती देखिएको छ ।

चीनले सय मिटर लम्बाइका दुईवटा बेलिब्रिज पठाए पनि त्रिशूली करिडोरमा ती पुल तत्काल प्रयोगमा नआउने सडक विभागका एक अधिकारीले बताए । उनका अनुसार भारतले पठाएका बेलिब्रिज भने प्रयोग गर्न सकिने अवस्थामा छन् ।

चीनले थप बेलिब्रिज उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । भारतले पनि थप २२ वटा बेलिब्रिज पठाउने बताएको छ । स्रोतका अनुसार भारतले बेलिब्रिज निर्माणका लागि आवश्यक उपकरण उपलब्ध हुन नसकेको भन्दै ढिलाइ भएको जानकारी दिएको छ ।

सडक विभाग आफैँ पनि थप बेलिब्रिज किन्ने योजनामा छ । विभागको पुल महाशाखाका प्रमुख ललिजन खनालका अनुसार ५० मिटरको सात र ७० मिटरको दुई गरेर नौ बेलिब्रिज किन्ने गरी टेन्डर आह्वान गरिएको छ । थप विश्व बैंकको सहयोगअन्तर्गतका थप बेलिब्रिज किन्न प्रक्रिया अघि बढाउने तयारी भएको पनि उनले बताए ।

१० भदौमा भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीले रसुवागढीदेखि मलेखुसम्म ४१ वटा मोटरेबल पुल बगाएको थियो । मुख्यतः चिनियाँ नाकासँग जोडिने गल्छी-स्याफ्रुबेँसी-रसुवागढी सडकका अधिकांश पुल बाढीले क्षतिग्रस्त भएका छन् । यसबाहेक आसपासका अन्य सडकका पुलमा समेत ठुलो क्षति पुगेको छ ।

सडक विभागको तथ्यांकअनुसार रसुवामा मात्रै २२ वटा मोटरेबल पुल बगेका छन् । तीमध्ये रसुवागढीस्थित नेपाल-चीन जोड्ने मितेरी पुलसमेत छ । रसुवा र नुवाकोट जोड्ने तीनवटा पुल पनि बाढीले बगाएको छ । नुवाकोटमा मात्रै १२ वटा पुलमा क्षति पुगेको छ भने धादिङमा चारवटा पुल बगेका छन् ।

तथ्यांकअनुसार रसुवागढी नाकादेखि मुग्लिनसम्मका ६३ मोटरेबल पुलमध्ये ४१ वटा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । थप चारवटा पुलमा क्षति पुगे पनि मर्मत गरेर सञ्चालन गर्न सकिने अवस्थामा छन् । बाढीले नदीकिनारका बस्ती, सडक, अन्य पूर्वाधार तथा जलविद्युत् आयोजनामा समेत ठुलो क्षति पुऱ्याएको थियो ।

ठुलो संख्यामा मोटरेबल पुल बगे पनि सरकारले तत्कालका लागि नुवाकोटको देवीघाटमा मात्रै बेलिब्रिज जडान गरेको छ । सडक विभागको प्राविधिक सहयोगमा नेपाली सेनाले जडान गरेको उक्त बेलिब्रिज २५ भदौदेखि सञ्चालनमा छ ।

देवीघाटमा बेलिब्रिज जडान भएपछि त्यसबाट वेत्रावतीसम्म सडक सम्पर्क स्थापित गर्न सहज भएको थियो । बिहीबार वेत्रावतीसम्म सडकको ट्र्याक खुलेपछि अब त्यहाँ पनि बेलिब्रिज जडान गर्ने तयारी भएको छ । त्यसपछि सडकलाई थप अगाडि बढाउँदै तेस्रो चरणमा स्याफ्रुबेँसीमा बेलिब्रिज राख्ने विभागको योजना छ ।

बाढीबाट क्षतिग्रस्त सडक र पुल तत्काल सञ्चालनमा ल्याउन ठुलो संख्यामा बेलिब्रिज आवश्यक पर्ने विभागको प्रारम्भिक आकलन छ । विभागका अनुसार करिब ६० वटा बेलिब्रिज आवश्यक पर्ने अनुमान गरिएको छ ।

सडक विभागको प्रारम्भिक आकलनअनुसार बाढीले पुलतर्फ मात्रै करिब १५ अर्ब रुपैयाँको क्षति पुऱ्याएको छ । सडक र पुल दुवैको पुनर्निर्माणमा करिब ३० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । सडक विभागले बाढी प्रभावित क्षेत्रमा बेलिब्रिजलाई तत्कालीन समाधानका रूपमा प्रयोग गर्ने जनाएको छ । बेलिब्रिज जडान गरेर यातायात तत्काल सञ्चालनमा ल्याउने र त्यससँगै स्थायी पुल निर्माणको काम अघि बढाउने विभागको योजना छ ।

## वेत्रावतीसम्म...

पृष्ठ १ बाट क्रमशः

वेत्रावतीसम्म सडक खुलेपछि नुवाकोट र रसुवा जोड्ने बेलिब्रिज जडानको काम पनि अघि बढेको छ । सडक विभागका सुपरिटेन्डेन्ट इन्जिनियर सौजन्य नेपालका अनुसार पुलको फाउन्डेसन तयार भइसकेको छ । सडक नखुलेका कारण बेलिब्रिजका सामग्री ढुवानी गर्न समस्या भएको थियो । अब सडक खुलेसँगै पुलका सामग्री वेत्रावती पुऱ्याएर जडान सुरु गरिनेछ ।

'रसुवा र नुवाकोट जोड्ने गरी वेत्रावतीमा बेलिब्रिज जडान गर्दै छौँ । यसको फाउन्डेसन तयार भइसकेको छ । अब सामग्री वेत्रावती पुऱ्याएर जडान गर्छौँ,' नेपालले भने, 'पुल जडान गर्न १० देखि १२ दिन लाग्न सक्छ । त्यसपछि पुरानो पासाङल्हामु राजमार्ग हुँदै रसुवा सदरमुकाम धुन्चेसम्म पुग्न सकिन्छ ।'

विभागका अनुसार वेत्रावतीमा बेलिब्रिज जडान भएपछि धुन्चेसम्मको सडक सञ्चालनमा ल्याउन सहज हुनेछ । धुन्चेबाट स्याफ्रुबेँसीतर्फ समेत सडक सम्पर्क स्थापित गर्न सकिनेछ । त्यसका लागि स्याफ्रुबेँसीमा अर्को बेलिब्रिज जडान गर्ने तयारी भइरहेको छ । वेत्रावतीमा जडान गर्न लागिएको बेलिब्रिज बाढीपछि उक्त सडकखण्डमा राखिने दोस्रो पुल हो । यसअघि देवीघाटमा बेलिब्रिज जडान गरिएको थियो । वेत्रावतीको काम सकिएपछि स्याफ्रुबेँसीमा पुल जडान गरिने विभागको योजना छ । स्याफ्रुबेँसीमा पुलको फाउन्डेसन निर्माण गर्ने स्थानसम्म पुग्न करिब डेढ सय मिटर एप्रोच सडकसमेत निर्माण गरिएको छ ।

धुन्चे दसैँअघि नै केन्द्रीय सडक सञ्जालमा जोडिने भए पनि स्याफ्रुबेँसीभन्दा माथिको सडक तत्कालै सञ्चालनमा ल्याउन सकिने अवस्था छैन । बाढीले त्यस क्षेत्रमा सडकको नामोनिसान नै नरहेको विभागले जनाएको छ ।

अल्पकालीन रूपमा पुरानै रेखांकनअनुसार सडकको ट्र्याक खोल्ने विभागको तयारी छ । तर, त्यसका लागि कति समय लाग्छ भन्ने यकिन भइसकेको छैन । 'अल्पकालीन रूपमा पुरानै रेखांकनमा सडकको ट्र्याक खोल्ने योजना छ,' नेपालले भने, 'तर, कति समय लाग्छ अहिले नै भन्न सक्ने अवस्था छैन ।'

स्याफ्रुबेँसीमा बेलिब्रिज जडान भएपछि पश्चिम रसुवाको सडक सम्पर्क पुनः स्थापित हुने विभागको अनुमान छ । त्यसका लागि करिब डेढ महिना लाग्न सक्ने विभागका अधिकारी बताउँछन् । बाढीपछि सडकमा थुप्रिएको लेदो पन्छाएर सडक खुलाउन चुनौती बनेको छ । कतिपय ठाउँमा एक्स्काभेटर र डोजर नै भासिने समस्या छ । सडक नै नखुलेका कारण बेलिब्रिज जडानमा समेत समस्या भएको विभागले जनाएको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क

# झन् नयाँ

शनिबार १७ असोज ०८३ nayapatrikaofficial @naya_patrika




नयाँ मानिस आएका छन्, परिवारको स्वरूप बदलिएको छ, उत्पादन र उपभोग बजारमुखी भएको छ, राज्यको भूमिका बढेको छ र प्रविधिले सम्बन्धको स्वरूप परिवर्तन गरेको छ। यस्तो अवस्थामा पुरानो छिमेकीपनको नक्कल गरेर मात्र समाधान निस्कँदैन। हामीले नयाँ परिस्थितिमा नयाँ छिमेकीपन निर्माण गर्नुपर्छ।

## छिमेकीपन हराउनु भनेको छिमेकीसँगको सम्बन्ध हराउनु मात्र होइन, सामाजिक पुँजी, सामुदायिक स्मृति र पारस्परिक उत्तरदायित्वको एउटा हिस्सा हराउनु पनि हो

**समाज**



● सुरेश ढकाल, मानवशास्त्री

छिमेकी निश्चित भौतिक भूगोलभित्र जोडिएका घरहरूको समूह वा घरनजिक बस्ने मानिसको झुण्ड मात्र होइन। भौगोलिक निकटता एउटा आधार हो, तर मुख्य कुरा यसले नेपाली सन्दर्भमा विशिष्ट सांस्कृतिक अर्थ राख्दछ। यो एउटा साझा सामाजिक र सांस्कृतिक धरातल हो। यसले पारस्परिक सहयोग, विश्वास र सामाजिक दायित्वसहितको सम्बन्धलाई समेट्छ। यस्तो सामाजिक दायित्व र पारस्परिक सहयोग र विश्वासलाई 'छिमेकी धर्म'समेत भनिन्छ। यसर्थ, समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा, छिमेकीपन कुनै भौतिक संरचना नभई मानिसबिचको भावनात्मक सम्बन्ध, आपसी विश्वास र संवेदनशील सहकार्यबाट निर्माण भएको साझा अवधारणा हो।

घरनजिकैको अर्को घर हुनु मात्र छिमेक होइन, दुःखसुख र मर्दापर्दा विनासर्त सहयोगका हात बढाउने, एक-अर्कामाथि भरोसा राख्ने र सामूहिक भावनाले जोडिएका मानिसको साझा जीवन्त अभिव्यक्ति नै छिमेकीपन हो। छिमेकीपन एउटा सामाजिक-सांस्कृतिक अवधारणा भएका कारण सामाजिक-सांस्कृतिक परिवर्तनसँगै छिमेकीपन पनि निरन्तर परिवर्तन भइरहेको हुन्छ। मेरो अनुभव र स्मृतिमा रहेको आजभन्दा करिब पाँच दशकअघि काठमाडौंजस्ता सहरमा जुन किसिमको छिमेक र छिमेकीपन थियो, त्यो अहिले छैन। त्यसलाई अर्को ढंगले पुनर्स्थापित गर्ने प्रयास नभएको भने होइन, तर हिजोको जस्तो भावनात्मक र संवेदनशील सम्बन्ध अहिले छैन।

### सामाजिक र सांस्कृतिक आधार

जर्मन समाजशास्त्री फर्डिनान्ड टोनिजले व्यक्तिहरूको नातागोता र समुदायमा आधारित सम्बन्ध खस्किँदै गएको छ र अपरिचितबिचका निर्वैयक्तिक, औपचारिक सहरी अन्तर्क्रियालाई परिभाषित गर्न जेमिनीसाफ्ट र गेसेलसाफ्टको अवधारणा उपयोग गरे। यसले मूलतः समुदाय र समाजबिचको भिन्नता देखाउँछ। पहिलाको छिमेकीपनमा समुदायको चरित्र थियो भने अहिलेको समाजमा त्यो चरित्र कम देखिन्छ। समुदाय र समाजमा जे भिन्नता हुन्छ, त्यही खालको परिवर्तन छिमेकीपनमा पनि आएको छ।

छिमेकीपनलाई कायम गर्नु र पुनर्स्थापित गर्नु सांस्कृतिक कर्म पनि हो। म बौद्ध-महाङ्कालमा जन्मिएँ, त्यहाँको छिमेकीपन अनुभव गरेर हुर्कें। बौद्धका साथीभाइको संगतले त्यहाँको छिमेकीपन बुझें। चाबहिलको विद्यालयमा पढें, त्यहाँको छिमेकीपन पनि देखें। कतै तामाङहरूको बस्ती थियो, कतै नेवार समुदायको बस्ती। अन्यत्रझैं चाबहिलमा नेवार समुदायको वर्षभरि विभिन्न सांस्कृतिक पर्व हुन्थे। ती पर्व समुदायका आफ्नै मानिस मिलेर आयोजना गर्थे। पर्व र अवसरअनुसार विभिन्न बाजा बजाएर मन्दिर परिक्रमा गर्थे । हाम्रा स्कुले साथीहरू पनि ठुला मानिससँगै बाजा सिक्ने र त्यस्तो परिक्रममा वा जात्रामा सहभागी हुन्थे। नयाँ पुस्तालाई बाजा बजाउन सिकाउने मात्र नभई सांस्कृतिक ज्ञान हस्तान्तरण गरिन्थ्यो। विस्तारित परिवार हुन्थ्यो।

मलाई लाग्छ, यस्ता अभ्यासले आदिवासी तथा स्थानीय सांस्कृतिक क्षेत्र र त्यससँगको सम्बद्धता र अपनत्वलाई पुनरुत्पादन गर्ने काम गर्थे। त्यो छिमेकी सम्बन्धबाट सम्भव हुन्थ्यो। त्यसैले, छिमेकीपन सांस्कृतिक अवधारणा पनि हो। छिमेकीपनलाई संस्थागत गर्ने कार्य नेवार समुदायभित्र गुठीले पनि गर्थ्यो। त्यस्ता जात्रा, पर्व होस् या मर्दापर्दा गरिने सरसहयोग र सहभागिताले 'बृहत्तर हितका लागि आफ्नो समुदाय र छिमेकीका लागि केही गरिरहेका छौं' भन्ने भावना हुन्थ्यो। यही छिमेकीभावले छिमेकीपनलाई पुनरुत्पादन पनि गरिरहेको हुन्थ्यो।

### सामूहिक श्रम र छिमेकीपन

हामी सानो छँदा पानीको स्रोत सार्वजनिक ढुंगेधारा र कुवा थिए। प्रत्येक वर्ष वर्षाको क्रम सकिएपछि ती कुवा र धाराहरू सामूहिक रूपमा छिमेकी मिलेर सफा गर्थ्यौं। दसैं आउन लाग्दा गोरेटो, बाटो सरसफाइ तथा मर्मत गर्थ्यौं। मानिस सामाजिक हुनुको जुन अर्थ छ, त्यो अर्थ छिमेकीपनले पुनरुत्पादन गरिरहेको हुन्थ्यो। सामाजिक र सांस्कृतिक आधारले नै छिमेकीपनलाई निरन्तरता दिने र पुनरुत्पादन गर्ने काम गर्थ्यो।

यसमा राजनीतिक पाटो पनि आउँछ। गाउँहरू पहिले तुलनात्मक रूपमा स्वावलम्बी थिए। खानेपानी, बाटो, विद्यालय गाउँलेहरू मिलेर बनाउँथे। गाउँलेहरू नै मिलेर शिक्षक खोज्थे। बिस्तारै राज्यको भूमिका व्यापक भयो। यस्ता काम राज्यले गर्नुपर्ने भन्ने धारणा विकास भयो। बाटो राज्य, पालिका वा वडाले बनाउन थाले। कुवा खन्ने, धारा बनाउने काम पालिकाले गर्न थाले। घरघरमा निजी धारा पुग्न थाले। क्रमशः गाउँहरू कम स्वावलम्बी हुँदै गए, आफ्नो स्वायत्तता गुमाउँदै गए र परम्परागत छिमेकीपन पनि कमजोर हुँदै गयो।

### जनसंख्या, बसाइँसराइ र परिवारको विखण्डन

सहरी क्षेत्रमा छिमेकीको स्वरूपमा परिवर्तन आउनुको मुख्य कारण जनसंख्या वृद्धि, बसाइँसराइ पनि हो। सहरमा पछिल्ला चार-पाँच दशकमा जनसंख्या तीव्र रूपमा बढेको छ। घरको संख्या र परिवारको संख्या पनि त्यसैगरी बढेको छ। मानिसहरूको गतिशीलता धेरै बढ्यो, परिवार टुक्रिन थाल्यो। पछिल्लो दशकमा परिवारको संख्या र जनसंख्या मात्र बढेन, मानिसहरूले व्यावसायिक प्रयोजनका लागि घरभाडामा लगाउने क्रम पनि बढ्यो। एउटै घरमा धेरै परिवार बस्न थाले।

मानिसहरू जुन ठाउँमा बस्छन्, त्यहाँ एक-आपसमा सामान्य चिनजान र भावनात्मक सम्बन्ध स्थापित हुन नपाउँदै त्यहाँबाट गइसकेका हुन्छन्। छिमेकीपन त्यसरी पनि हराउँदै गएको छ। पहिले काठमाडौंका टोलहरूमा निश्चित समुदाय वा जातिका परिवार बस्ने गर्थे। नातेदारी बलियो हुन्थ्यो। सिंगो टोल नै विस्तारित परिवारजस्तो हुन्थ्यो। प्रत्येक घर र परिवार नातागोता प्रणालीबाट जोडिएको हुन्थ्यो।

> अहिले दुःख पर्दा सँगै बसेर रुने, बिरामी पर्दा घरमै पुग्ने वा समस्या पर्दा प्रत्यक्ष सहयोग गर्ने अवस्था कमजोर हुँदै गएको छ। मानिस स्थूल वस्तु होइन, भावनाबाट चल्ने सामाजिक प्राणी हो। त्यसैले, भावनात्मक सम्बन्ध कमजोर हुँदै जाँदा छिमेकी र सामुदायिक भावनामा पनि असर पर्न सक्छ।

अहिले मानिस व्यापक रूपमा बसाइँसराइमा सहभागी भएका छन्। भाडामा बस्ने मानिसको संख्या अत्यधिक बढेको छ। त्यसले समुदायका मानिसबिच सम्बन्ध स्थापित हुन कठिन बनाएको छ। काठमाडौं, पोखरा, चितवनजस्ता ठाउँमा घरजग्गाको मूल्य ह्वात्तै बढेको छ। यससँगै छिमेकीपन, नातागोता प्रणाली र परिवारको संरचनामा पनि परिवर्तन आएको छ।

### उत्पादन प्रणालीमा परिवर्तन

अर्को महत्त्वपूर्ण कुरा उत्पादन प्रणाली हो। पहिले समाज मूलतः कृषिमा आधारित थियो। धेरै काम ऐँचोपैँचो, अर्मपर्मबाट चल्थ्यो। त्यसका लागि छिमेकी अत्यन्त महत्त्वपूर्ण हुन्थ्यो। अहिले त्यो अवस्था छैन। उत्पादन प्रणाली नै फेरिएको छ। अर्थतन्त्र नगदमा आधारित भएको छ। अहिले काठमाडौंका वरिपरिका गाउँहरू जहाँ अझै पनि खेती गरिन्छ, त्यहाँ खेतीपातीको समयमा तराईबाट र भारतबाट समेत आएका श्रमिक काम गरिरहेको देख्छौं। हिजो त्यस्ता काम छिमेकी मिलेर गर्थे। अहिले उत्पादन प्रणाली फेरिएकाले हिजोको जस्तो छिमेकीपन आवश्यक नपर्ने अवस्था आएको छ। त्यसैले, छिमेकीपन कसरी कमजोर भयो भन्ने प्रश्नको उत्तर खोज्दा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सबै पक्ष हेर्नुपर्छ।

पहिले ऐँचोपैँचोको आवश्यकता थियो। आवश्यकता ऐँचोपैँचोले पूरा हुन्थ्यो। अहिले ऐँचोपैँचोको अभ्यास र अवधारणा पूरै हराइसक्यो। अहिले वस्तु र सेवा दुवै बजारबाट किन्न सकिन्छ। व्यक्ति-व्यक्तिबिचको प्रत्यक्ष सम्बन्धको आवश्यकता कम भएको छ। त्यसले पनि छिमेकीपन कमजोर बनाएको छ। सामाजिक संरचना फेरबदल हुँदै गएपछि ऐँचोपैँचो र पर्म प्रणाली कमजोर भएका हुन्। यसको अर्थ समाज सधैं उस्तै रहनुपर्छ भन्ने होइन। नयाँ मानिस, नयाँ बस्ती र नयाँ टोलमा टोल सुधार समिति वा अन्य संस्था बनाएर पुराना परम्परालाई स्थापित गर्ने प्रयास भइरहेका छन्। तर, संस्था निर्माण मात्र पर्याप्त हुँदैन।

पहिले मन्दिर, चौतारा, पँधेरा, धारा र घाँसपात गर्ने ठाउँमा मानिसहरू प्रत्यक्ष भेटघाट गर्थे। अन्तर्क्रिया हुन्थ्यो। सूचना आदानप्रदान हुन्थ्यो। गाउँ, व्यक्ति र विभिन्न विषयबारे धारणा बनाइन्थ्यो। अहिले तीमध्ये धेरै सार्वजनिक स्थलको सामाजिक भूमिका हराएको वा कमजोर भएको छ। त्यससँगै प्रत्यक्ष भेटघाट र अन्तर्क्रियाको अवसर पनि घटेको छ। यही कारण पनि अहिलेको सामाजिक सम्बन्धको स्वरूप फरक देखिएको छ।

### यान्त्रिक ऐक्यबद्धताबाट जैविक ऐक्यबद्धतातर्फ

समुदायमा आधारित सम्बन्धलाई यान्त्रिक ऐक्यबद्धता (मेकानिकल सोलिडारिटी)को अवधारणाबाट पनि बुझ्न सकिन्छ। हामी एउटै टोलमा बस्ने, एउटै छिमेकी हुने, एउटै परिवार वा एउटै नातागोताका हुने भन्ने साझा पहिचानले मानिसलाई जोड्थ्यो। त्यस्तो ऐक्यबद्धता कमजोर हुँदै जाँदा हामी जैविक ऐक्यबद्धता (अर्गानिक सोलिडारिटी) तर्फ अग्रसर भएका छौं। आधुनिक समाजमा मानिसका काम वा पेसा फरक भएका छन् र सोहीअनुसारको सम्बन्ध र सम्बद्धता निर्माण हुन्छ। उनीहरूमा पेसागत वा संलग्नताका आधारमा ऐक्यबद्धता हुन्छ। त्यस्तो ऐक्यबद्धता राजनीतिक आधारमा पनि हुन सक्छ। यो आधुनिक समाजको विशेषता हो। त्यस्तो संगठित वा जैविक ऐक्यबद्धता बढ्दै जानुका कारण स्थानीय र भावनात्मक सम्बन्धको आवश्यकता समाप्त हुँदैन।

### प्रविधिले बदलेको सम्बन्धको स्वरूप

प्रविधि र सामाजिक सञ्जालले सूचनाको प्रवाहलाई व्यापक बनाएका छन्। सूचनाको पहुँच र अभिव्यक्ति लोकतान्त्रिक भएको छ। मानिसले आफूलाई मन लागेको कुरा भन्न सक्छ र धेरै मानिससँग जोडिन सक्छ। प्रविधिका यस्ता धेरै सकारात्मक पक्ष छन्। भनिन्छ, सामाजिक सञ्जालले टाढाकालाई नजिक र नजिककालाई टाढा बनाएको छ। तर, सामाजिक सञ्जालले भावनात्मक सम्बन्धमा पारेको प्रभावबारे पनि प्रश्न उठेका छन्। अध्ययनले अत्यधिक सामाजिक सञ्जाल प्रयोग गर्ने बालबालिका-किशोरकिशोरीको बौद्धिक क्षमतामा ह्रास आउने, वयस्कहरूमा डिप्रेसन हुने देखाइरहेको छ। त्यसैले, प्रत्यक्ष मानवीय सम्बन्धको स्थान सामाजिक सञ्जालले लिन सक्दैन।

मानिसलाई दुःख पर्दा दुःखको संकेत गर्ने इमोजी पठाउनु वा 'दुःखी भएँ' भनेर लेख्नु र दुःखमा परेको मानिससँगै बसेर उसको पीडामा सहभागी हुनु एउटै कुरा होइन। अहिले दुःख पर्दा सँगै बसेर रुने, बिरामी पर्दा घरमै पुग्ने वा समस्या पर्दा प्रत्यक्ष सहयोग गर्ने अवस्था कमजोर हुँदै गएको छ। मानिस स्थूल वस्तु होइन, भावनाबाट चल्ने सामाजिक प्राणी हो। त्यसैले, भावनात्मक सम्बन्ध कमजोर हुँदै जाँदा छिमेकी र सामुदायिक भावनामा पनि असर पर्न सक्छ।

### छिमेकीपन जोगाउने मौलिक अभ्यास

खासगरी, उपत्यकाका नेवार समुदायमा अहिले पनि परम्परागत, सानो र सरल समाजमा पाइने (यान्त्रिक) ऐक्यबद्धता र सोहीअनुरूप छिमेकीपन धेरै मात्रामा जीवित छ। अन्य आदिवासी समुदायमा पनि यस्तो ऐक्यबद्धता र सांस्कृतिक निरन्तरता र पुनर्जागरणको अभ्यास पाउन सकिन्छ। यस्ता अभ्यासले समुदायलाई भावनात्मक रूपले एक बनाइराख्ने र आपसी सहयोगमा आधारित सामुदायिकपन कायम गर्न सहयोग गर्छन्।

मेरो अवलोकन, अध्ययन र अनुभवको आधारमा भक्तपुर नगरपालिकाले गरेका केही कामलाई नजिकबाट हेर्दा सहरी क्षेत्रमा पनि छिमेकीपन जोगाउने अनेक प्रयास भएको देखिन्छ। पेसागत र व्यावहारिक कारण जब परिवारका सदस्य आ-आफ्ना काममा जाने र वृद्धवृद्धा घरमा बस्ने अवस्था बढेपछि नगरपालिकाले टोल-टोलमा फल्चा निर्माण र पुनर्निर्माण गरेको छ। त्यहाँ वृद्धवृद्धा जम्मा हुन्छन्, भजन डाफाहरू हुन्छन्, बाघचाल खेल्छन् र कुराकानी गर्छन्। यसरी उनीहरूले एक्लो महसुस गर्नुपर्दैन।

परिवारका सदस्य आर्थिक उपार्जनका लागि आफ्नो काममा जानुपर्छ। त्यसैले, वृद्धवृद्धाको हेरचाहका लागि आवश्यक जनशक्ति उत्पादन गर्न नगरपालिकाले नै नर्सिङ शिक्षातर्फ पनि काम गरेको छ। नगरपालिकाले नर्सिङ कलेज नै सञ्चालन गरेको छ। पालिकाले युवाका लागि पुस्तकालय निर्माण र सञ्चालनमा सहयोग गरेको छ। स्थानीय साना पसललाई र उद्यमीलाई स्थान दिने अभ्यास पनि गरेको छ। अहिले पनि त्यहाँ दुई-चार मुठा साग वा केही किलो काउली बेचिरहेका साना पसल भेटिन्छन्। युवाहरूलाई चाडपर्व र जात्राबारे नियमित प्रशिक्षण दिने गरिन्छ।

थारू समुदायमा बरघरले समुदायको प्रतिनिधित्व गर्छ र यो समुदायको नेतृत्वदायी प्रथाजनित संस्था हो। जहाँ यस्तो प्रचलन बाँचेको छ, त्यहाँ छिमेकी वा सामुदायिक भावनाको निरन्तरता पनि देखिन्छ। बखेरी वा वार्षिक भेला हुन्छ। सबैजना भेलामा सहभागी हुन्छन्। नयाँ नेतृत्व लोकतान्त्रिक ढंगबाट चुन्छन्। त्यसबाट उनीहरू आफ्नो समुदायका लागि बढी जिम्मेवार हुन्छन्। यस्ता परम्परागत संस्थाले आधुनिक समाजमा पनि सामुदायिक सम्बन्धको महत्त्व देखाउँछन्।

भर्खरको भोटेकोशी-त्रिशूली बाढी आउँदा सबैभन्दा धेरै सहयोगी र प्रभावकारी स्थानीय तह अर्थात् समुदायको तह नै भयो। यसले एउटा महत्त्वपूर्ण प्रश्न उठाउँछ, मानिस समुदायको सदस्य हुनुको अर्थ कसरी दिगो बनाउने ? समुदायलाई कसरी वातावरणीय रूपमा दिगो बनाउने ? जीविकोपार्जनलाई कसरी दिगो बनाउने ? समुदाय बलियो हुँदा विपत्मा सहयोग मात्र होइन, वातावरण संरक्षण, स्थानीय अर्थतन्त्र र सामाजिक सुरक्षाका आधार पनि बलिया हुन्छन्।

### नयाँ स्वरूपको छिमेकीपन

हिजोको छिमेकीपन भावनात्मक र संवेदनात्मक रूपमा मानिसलाई जोड्ने माध्यम थियो। त्यो गुमाउनु भनेको ठुलो सामाजिक पुँजी, सांस्कृतिक पुँजी र प्रतीकात्मक पुँजी गुमाउनु पनि हो। जुन समाज वा छिमेकमा सामाजिक पुँजी कमजोर हुन्छ, त्यो समाज पनि कमजोर हुँदै जान्छ।

सामुदायिक अवधारणा अर्थात् समुदायलाई बलियो बनाउने प्रयास धेरै अर्थमा दिगो बनाउने प्रक्रिया हो। वातावरणीय संरक्षण, राजनीतिक अधिकारको संरक्षण, संस्कृतिको संरक्षण र स्थानीय जीविकोपार्जनजस्ता विषयमा समुदायको भूमिका महत्त्वपूर्ण हुन्छ। सामुदायिक भावनाले सामाजिक पुँजीलाई कायम राख्न सहयोग गर्छ।

छिमेकीपन कमजोर हुँदै गएको छ, तर त्यसले नयाँ स्वरूप लिने प्रयास पनि गरिरहेको छ। प्राथमिक सम्बन्धबाट सामाजिक सञ्जालमार्फत द्वितीय सम्बन्धतर्फ गइरहेका छौं। तर, प्राथमिक सम्बन्धको प्रभाव र गहिराइ द्वितीय सम्बन्धले सधैं दिन सक्दैन।

टोल सुधार समिति, क्लबजस्ता संस्था बनिरहेका छन्। तर, पुरानो समुदायको जस्तो छिमेकीपन फेरि जस्ताको तस्तै पुनर्स्थापित गर्न कठिन छ।  हामी दिगो समाज, दिगो समुदाय र दिगो जीवनको कुरा गर्छौं भने छिमेकीपनलाई पुनर्ताजगी दिन आवश्यक छ। हामी त्यसतर्फ उन्मुख छौं कि छैनौं भन्ने कुराले फरक पार्छ।

मानिसहरू एउटै ठाउँमा बसे पनि उनीहरूलाई जोड्ने कुरा फरक-फरक छन्। ती सबै भिन्नताबिच 'हामी एउटै टोलमा बस्छौं' भन्ने साझा आधार निर्माण गर्न सकियो भने नयाँ प्रकारको छिमेकीपन विकास हुन सक्छ।

समुदाय कमजोर भएपछि मानिस व्यक्तिवादी हुँदै जान्छ, 'सबै मैले गर्नुपर्छ', 'मैले कमाउनुपर्छ' भन्ने भावना बढ्छ। निजी उपभोगको मात्रा र आकार ठुलो हुन्छ। मानिस नयाँ प्रकारको प्रतीकात्मक पुँजी निर्माणतर्फ लाग्छ, तर पुरानो सामाजिक तथा सांस्कृतिक पुँजी गुमाउँदै जान्छ। त्यसैले, आजको प्रश्न हिजोको छिमेकीपन जस्ताको त्यस्तै फर्काउने कि नफर्काउने भन्ने मात्र होइन, प्रश्न यो हो, बदलिएको सहरमा हामी कसरी फेरि एक-अर्कासँग जोडिन सक्छौं ?

नयाँ मानिस आएका छन्, परिवारको स्वरूप बदलिएको छ, उत्पादन र उपभोग बजारमुखी भएको छ, राज्यको भूमिका बढेको छ र प्रविधिले सम्बन्धको स्वरूप परिवर्तन गरेको छ। यस्तो अवस्थामा पुरानो छिमेकीपनको नक्कल गरेर मात्र समाधान निस्कँदैन। हामीले नयाँ परिस्थितिमा नयाँ छिमेकीपन निर्माण गर्नुपर्छ।

त्यसका लागि साझा सार्वजनिक ठाउँ चाहिन्छ। स्थानीय संस्कृति र परम्परासँग जोडिने अवसर चाहिन्छ। टोलमा सँगै काम गर्ने वातावरण चाहिन्छ। विपत्मा एक-अर्कालाई सहयोग गर्ने अभ्यास चाहिन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा 'म'भन्दा माथि उठेर 'हामी' भन्ने अनुभूति निर्माण गर्न सक्ने सामाजिक अभ्यास चाहिन्छ। छिमेकीपन हराउनु भनेको छिमेकीसँगको सम्बन्ध हराउनु मात्र होइन, त्यो सामाजिक पुँजी, सामुदायिक स्मृति र पारस्परिक उत्तरदायित्वको एउटा हिस्सा हराउनु पनि हो।

*(मानवशास्त्री ढकालसँग **शान्ति तामाङ**ले गरेको कुराकानीमा आधारित)*

# गीत-गजलमा जम्दै प्रभा

साहित्य



● संगीता पनेरू



पछिल्लो समय गीत र गजल लेखनमा अलग्गै पहिचान बनाउँदै गरेकी स्रष्टा हुन्, प्रभा बर्तौला । उनका सिर्जनामा प्रेम र पीडा मात्र होइन, समाज, संस्कृति, प्रकृति, भूगोल र मानवीय जीवनका अनेक अनुभूति भेटिन्छन् । उनका लागि लेखन केवल रहर वा पेसा होइन, जीवनलाई बुझ्ने र अभिव्यक्त गर्ने माध्यम हो ।

'रुख ठुलो हुनुमा जराको महत्त्व हुन्छ' भन्ने बर्तौलाको आफ्नै जीवनदर्शन छ । उनी आफूलाई पनि बलियो जरा भएको रुखजस्तै बनाउन चाहन्छिन् । 'मलाई पनि जरा हुन मन लाग्छ । जब रुख सुक्छ अनि मात्र जराको अवस्था कस्तो रहेछ भन्ने थाहा हुन्छ । जरा बलियो भयो भने मात्रै रुख झाँगिन्छ । भित्री आवरणले बाहिरी आवरणलाई बचाइराख्छ । त्यसैले मलाई जरा हुन मन लाग्छ,' उनी भन्छिन् ।

एक दशकअघिदेखि गजललेखनमा सक्रिय बर्तौलाको सिर्जनात्मक यात्रा अहिले संगीतसम्म विस्तार भएको छ । उनी अहिले संगीत विषयमा विद्यावारिधि गर्दै छिन् । नेपालमा संगीत क्षेत्रमा महिलाको उपस्थिति अझै अपेक्षाकृत कम रहेको उनको बुझाइ छ । त्यसैले यो क्षेत्रमा आफ्नो स्थान बनाउन उनलाई सहज भने भएन । आर्थिक अभावदेखि पारिवारिक उपेक्षासम्मका अनेक चुनौती पार गर्दै उनी निरन्तर अघि बढिरहेकी छिन् ।

प्रभाले 'एन्जिला', 'मोहर'लगायतका चलचित्रमा गीत लेखेकी छिन् । 'मोहर'का लागि उनले 'सपना हो कि विपना' बोलको गीत लेखेकी छिन् । उनका थुप्रै गीतमा गायक थानेश्वर गौतमको स्वर सुनिन्छ । पहिलो गजल रेकर्ड गराउँदा आर्थिक अवस्था सहज थिएन । तर, अभावले उनको सिर्जनालाई रोक्न सकेन । 'त्यो वेला मसँग पैसा थिएन । मेरो कान्छा काका विनय बर्तौलाले २० हजार रुपैयाँ दिनुभएको थियो,' उनी विगत सम्झिन्छिन् । त्यही सहयोगबाट सुरु भएको रेकर्डिङको यात्रा बिस्तारै अघि बढ्दै गयो । काम गर्दै, सिक्दै र आफ्ना सिर्जना रेकर्ड गराउँदै उनी संगीतको क्षेत्रमा स्थापित हुने प्रयासमा लागिरहिन् ।

'हिमाल हल्लाउन सक्छु' गीतले पनि उनलाई चर्चामा ल्यायो । त्यसैगरी, 'छुट्नलाई पो रहेछ क्यारे, सानु तिम्रो मेरो यति धेरै माया बसेको' बोलको गीतले उनको परिचय अझ फराकिलो बनायो ।

> गीत-गजलको क्षेत्रमा सक्रिय प्रभाको यात्रा अझै जारी छ । अभाव, चुनौती र संघर्षका बिच पनि उनले आफ्नो रचनाकर्मलाई निरन्तरता दिइरहेकी छिन् ।

आफ्नो सिर्जनात्मक क्षमताप्रति प्रभा निकै आत्मविश्वासी छिन् । 'मलाई कुनै विषयमा लेख्न दिइयो भने २० मिनेटमै एउटा गीत वा गजल तयार गर्न सक्छु,' उनी भन्छिन् ।

## आमाको सपना

बर्तौलाकी आमाको चाहना छोरी नर्स बनोस् भन्ने थियो । तर, छोरीको मन भने संगीत र सिर्जनातर्फ तानियो । सुरुमा आफू संगीतमा लाग्दा आमालाई दुःख लागेको उनी बताउँछिन् । आमाको सपना र आफ्नो रुचिबिचको दूरीले उनलाई केही समय अन्योलमा पनि पारेको थियो । तर, उनले अन्ततः आफ्नै मनको बाटो रोजिन् । आज प्रभासँग आमा खुसी छिन् । सिर्जनालाई व्यावसायिक बनाउन सकियो भने लेखेरै पनि बाँच्न सकिने प्रभाको अनुभव छ । तर, नेपाली समाजमा लेखनलाई अझै गम्भीर पेसाका रूपमा नलिएको उनको गुनासो छ । 'लेखनलाई सोखको रूपमा लिइन्छ । पेसा बनाएर भन्दा सोखमा लेख्नेहरू धेरै छन् । तर, राम्रो लेख्नेहरूसँग पैसा हुँदैन र पैसा हुनेहरूले बजार कब्जा गरेका छन्,' उनी भन्छिन् ।

प्रभाको विचारमा एउटा गीत सफल हुन गीतकार, संगीतकार र गायक-गायिकाको भूमिका उत्तिकै महत्त्वपूर्ण हुन्छ । शब्द राम्रो भएर मात्र गीत सफल नहुने उनको बुझाइ छ । भन्छिन्, 'संगीत, सुर र शब्द तीनै पक्षको बराबर भूमिका हुन्छ । भिडियो पनि महत्त्वपूर्ण छ ।'

## समाजसँग जोडिनुपर्छ सिर्जना

प्रभाका लागि गीत केवल मनोरञ्जनको माध्यम होइन । गीत संगीत समाज र जीवनलाई बुझाउने तथा परिवर्तनको सन्देश दिने माध्यम पनि हो । त्यसैले उनका सिर्जनामा समाज, संस्कृति, प्रकृत्ति, भूगोल र मानवीय अनुभूतिका विषयले स्थान पाउँछन् । उनका अनुसार गीत-संगीतले समाजमा सकारात्मक प्रभाव पार्न सक्छ । नेपाली कला र संस्कृतिको संरक्षण गर्दै अन्तर्राष्ट्रियस्तरमा नेपालको पहिचान स्थापित गर्न पनि संगीतको ठुलो भूमिका हुन्छ ।

जागरण र सशक्तीकरणका लागि गीत, नाटक र कथाजस्ता सिर्जनात्मक माध्यम प्रभावकारी हुने प्रभाको विश्वास छ । विशेषगरी, बालबालिकालाई सिकाउन र बुझाउन संगीत अझ प्रभावकारी माध्यम बन्न सक्ने उनी बताउँछिन् ।

प्रभाले सुरुमा धेरै नपढी आफ्ना अनुभूति र भावनाका आधारमा लेखिन् । तर, साहित्य र संगीतसम्बन्धी अध्ययन बढ्दै गएपछि सिर्जनाको गहिराइ र वास्तविकता बुझ्न थालेको उनी बताउँछिन् । मानिसको मनोविज्ञानदेखि प्रेम, सम्बन्ध, सामाजिक अवस्था र मानवीय संवेदनासम्म उनका सिर्जनाका विषय बन्ने गरेका छन् । हालसम्म उनका तीन दर्जनभन्दा बढी गीत रेकर्ड भइसकेका छन् । आगामी दिनमा अझ फरक विषय र शैलीमा काम गर्ने उनको योजना छ

प्रभालाई फरक-फरक भाषामा गीत लेख्ने रहर छ । उनका लागि भाषा मात्र सिर्जनाको सीमा होइन, भाव, अनुभूति र सिर्जनात्मकता नै महत्त्वपूर्ण हुन् । उनी मौलिकतालाई आफ्नो लेखनको मुख्य आधार मान्छिन् । अरूको शैली पच्छ्याउनुभन्दा आफ्नै शैली निर्माण गर्नुपर्ने उनको मान्यता छ । 'आफ्नो मौलिकता आफैँले निर्माण गर्नुपर्छ । आफू आफैँजस्तो बन्नुपर्छ, अरूजस्तो होइन,' उनी भन्छिन् ।

प्रभाका लागि सिर्जना आफ्नै माटो, समाज र अनुभूतिबाट जन्मिनुपर्छ । अरूको क्षमता र नियममा आफूलाई बाँधेर होइन, आफ्नै बाटो पहिल्याएर सिर्जना गर्नुपर्छ भन्ने उनको विश्वास छ

नेपाली लोकगीत र दोहोरीमा आएको परिवर्तनलाई पनि प्रभाले नजिकबाट नियालेकी छिन् । समयसँगै शब्द र प्रस्तुति बदलिन सक्छन्, तर लोकगीतको मौलिक स्वरूप हराउनुहुँदैन भन्नेमा दृढ छिन् उनी । आधुनिकताको नाममा मौलिकता र मर्यादा गुमाउन नहुनेमा उनी सचेत छिन् ।

प्रभाका लागि सिर्जनाको संख्याभन्दा गुणस्तर महत्त्वपूर्ण छ । धेरै गीत रेकर्ड हुँदैमा संगीतको स्तर राम्रो हुन्छ भन्ने छैन । त्यसैले सर्जकले संख्याभन्दा गुणस्तरलाई प्राथमिकता दिनुपर्नेमा उनको जोड छ ।

बालअधिकार र सामाजिक चेतनाका विषयमा पनि सिर्जना गर्ने उनको रुचि छ । समाजमा देखिएका घटना, बालबालिकाका समस्या, संस्कृति, प्रकृति र मानवीय संवेदनालाई गीत-संगीतमार्फत उठाउन सकिने उनको विश्वास छ ।

गीत-गजलको क्षेत्रमा सक्रिय प्रभाको यात्रा अझै जारी छ । अभाव, चुनौती र संघर्षका बिच पनि उनले आफ्नो रचनाकर्मलाई निरन्तरता दिइरहेकी छिन् । उनको लक्ष्य अरूजस्तो बन्नु होइन, आफ्नै शैलीमा चिनिनु हो ।

# यसरी सुरु भयो महिलाले पनि रथ तान्ने प्रचलन

संस्कृति संरक्षणमा पुरुषको जति नै महिलाको पनि भूमिका हुन्छ भनेर यसले स्थापित गरेको छ



परम्परा



● शान्ति तामाङ

नानीहिरा महर्जन यसपटक टिसर्ट नलगाई कुमारीरथ तान्ने तयारीमा थिइन् । कुमारीरथ तान्ने दिनभन्दा केही दिनअघि भेट्दा नानिचाः (महिलाले रथ तान्ने काम)का लागि उनको तयारी सबै पूरा भइसकेको थियो । 'टिसर्ट लगाउने र फोटो खिच्ने कुरा यसपटक भएन,' उनले भनिन्, 'केही वर्षदेखि नै हामीले टिसर्टको सट्टा ब्याचको व्यवस्था गर्ने भनेका थियौँ । सोहीअनुसार यो वर्ष ब्याचको मात्र व्यवस्था गरेका छौँ ।'

यसपटक देश शोकमा रहेकाले जात्रामा तडकभडक नगर्ने निर्णय गरिएको थियो । 'बाढीपहिरोका कारण देश नै शोकमय भएकाले धेरै मानिस राहत र उद्धारमा खटिएका छन् । त्यसैले तडकभडक नगरी, टिसर्टसमेत नराखी रथ जात्रामा सहभागी हुँदै छौँ,' उनले भनेकी थिइन् । उनका अनुसार जात्राका लागि सूचना दिँदा पनि यही कुरा उल्लेख गरिएको छ । उनले सुरुदेखि नै कुमारीको रथ तान्दै आएकी छिन् ।

२०६९ मा ज्यापु महागुठीमा सहसचिव रहँदा महिलाले रथ तान्ने अवधारणा अघि बढेको थियो । त्यतिवेला महागुठीका अध्यक्ष इन्जिनियर स्व. मोहनकृष्ण डंगोल थिए । उनै डंगोलको सक्रियतामा महिलाहरूले पनि रथ तान्ने अवसर बनेको थियो । उनैले महर्जनलाई संयोजक बनेर जात्रामा सहभागी हुन आग्रह गरेका थिए ।

'टोलकै भएको म उहाँलाई ठुलोबुबा भन्थेँ । उहाँले हामीलाई रथ तान्ने इच्छा छ भने व्यवस्था गर्छौँ, तिमीहरूले आँट गरे हुन्छ भन्नुभयो,' उनले भनिन् । त्यसपछि उनले आफ्ना साथीहरूसँग छलफल गरिन् । महिलाको समूहले टोल-टोलमा पुगेर यसबारे बुझ्न थाल्यो । 'देवताको रथ तान्न लाग्दा कस्तो हुन्छ भनेर सोध्यौँ । सयौँ वर्षदेखि पुरुषले गर्दै आएको काम महिलाले गर्ने हो र ? भन्ने प्रश्न पनि आयो । तर, धेरैजसोले देवता महिला र पुरुष दुवैको हो, रथ तान्दा के समस्या हुन्छ र भन्दै समर्थन गर्नुभयो,' महर्जनले भनिन् । त्यसपछि महिलाले रथ तान्न सुरु भयो ।

'सुरुको वर्ष खुबै डर लागेको थियो । मेरो संयोजकत्वमा गर्न लागेको, मेरो नाम सबैतिर गइसकेको थियो । के हुने होला भनेर डर लाग्यो । कति दिनसम्म त निद्रा नै लागेन,' १४ वर्षअघिको त्यो दिन सम्झँदै उनले भनिन् ।

पहिलो वर्ष डंगोलले वसन्तपुरबाट रथ तान्न सुरु गरे पनि पूरै तान्न नसके पुरुषहरू नै परिचालन गर्ने योजना बनाएका थिए । तर, उनीहरूको समूहले कुमारीको रथ पूरै ताने । ज्यापु महागुठीअन्तर्गत काठमाडौं महानगरका ६३ वटै टोलमा सूचना दिइयो । भेला तथा प्रशिक्षण आयोजना गरियो । 'करिब दुई महिना तयारीमै लाग्यौँ । धेरैजना सहभागी हुनुहुन्थ्यो । देवताको रथ तान्ने अवसर दिएकोमा धेरैले धन्यवादसमेत दिनुभयो,' उनले भनिन् ।

महर्जनका अनुसार ०७० सालदेखि महिलाले तीनवटै रथ तान्दै आएका छन् । यो यात्रामा चुनौती पनि कम आएनन् । ०७२ सालको भूकम्पपछि घरहरूमा टेको लगाइएकाले महिलाले रथ नतान्दा पनि हुने भन्ने धारणा आएको थियो । विरोधसमेत भयो । 'तर, मैले छोडिनँ । अडान नै लिएँ,' उनी भन्छिन् ।

समयसँगै महिलाको सहभागिता बढे पनि रथ तान्ने संस्कृतिको अनुशासन र सिकाइमा भने कमी आएको उनको अनुभव छ । 'संख्या बढ्यो । गुणस्तर बढेन । पहिले सिक्ने-सिकाउने हुन्थ्यो । अहिले आफैँ जान्ने हुनेको संख्या धेरै भयो । टिकटक बनाउने, फोटो खिच्नेको संख्या बढी भयो,' उनी भन्छिन् ।

महिलाले मात्र रथ तान्ने भएकाले हेर्न आउनेको संख्या पनि बढेको उनले बताइन् । यसले रथ तान्ने समूहलाई थप चुनौती थपेको छ । रथ तान्ने क्रममा आर्थिक तथा व्यवस्थापनसम्बन्धी समस्या पनि रहेको महर्जन बताउँछिन् । 'चाहेको वेला पानीसमेत हुँदैन । प्राथमिक उपचारको व्यवस्था पनि समयमा पुग्दैन,' उनी भन्छिन् ।

तर, यी चुनौतीका बाबजुद महिलाले रथ तान्ने अभ्यासले एउटा इतिहास बनाएको उनको बुझाइ छ । 'हामीले एउटा इतिहास रचेका हौँ । यो निरन्तर अगाडि बढ्नेछ । यसले समानताको सन्देश दिएको छ । पुरुषले जत्तिकै महिलाले पनि सबै काम गर्न सक्छन् भन्ने भएको छ,' उनी भन्छिन् ।

डेढ दशकदेखि उनको नेतृत्वमा नानिचाः हुँदै आएको छ । उनले तेस्रो वर्ष नै संयोजनको भूमिका हस्तान्तरण गर्न खोजे पनि त्यसका लागि नयाँ नेतृत्व अघि नआएको बताइन् । 'तीन वर्षमै हस्तान्तरण गर्नुपर्छ भनेर लागेको थिएँ । चौथो वर्ष भूकम्प आयो । कोरोना आयो । एक वर्ष रथ तान्न नै रोकियो । यस्ता चुनौती आइरहे,' उनी भन्छिन्, 'अब छोड्छु भनेर जोड गरिरहेकी छु । तर, म गर्छु भनेर कोही आएको छैन । गर्छु भनेर कोही आएमा म छोड्छु ।'

नानीहिराजस्तै सजनी महर्जन पनि योपटक नानिचाःमा सहभागी भइन् । यसपटक उनीहरूले १३ असोजमा रथ तानिन् । उनका अनुसार योपटक टिसर्ट नभएकाले तीन सय पास बाँडिएको थियो । उनी भैरवको रथको जिम्मेवारीमा थिइन् । यो रथ उनीसहित ७५ जनाले तानिन् । योपटक नयाँनयाँ सहभागीलाई प्राथमिकता दिइएको थियो । 'पाँच वर्षदेखि नयाँलाई प्राथमिकतामा राख्ने गरेका छौँ । तर, अनुभवका कारण पुराना पनि चाहिन्छ,' उनले भनिन् ।

१७ असोज ०८३ (शनिबार)
२३ असोज ०८३ (शुक्रबार)

# साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
साताको प्रारम्भमा नयाँ अवसर र उत्साह लिएर आउनेछ । पढाइ तथा करिअरमा गरेको लगानीले भविष्यमा राम्रो प्रतिफल दिनेछ । व्यवसायीले नयाँ सम्पर्कमार्फत लाभ लिन सक्नेछन् । जागिरेले चुनौतीलाई अवसरका रूपमा उपयोग गर्न सक्नेछन् । विद्यार्थीले अधुरो अध्ययन पूरा गर्ने अवसर पाउनेछन् । साताको अन्त्यमा सामाजिक जीवन पनि सक्रिय रहनेछ ।

**वृष** (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
साताको प्रारम्भमा धैर्य र योजनाबद्ध प्रयासले राम्रो परिणाम दिलाउनेछ । स्वास्थ्यमा विशेष गरी खानपानमा ध्यान दिनुहोस् । आर्थिक निर्णयमा सावधानी अपनाउँदा लाभ हुनेछ । व्यवसाय विस्तारका लागि निरन्तर मिहिनेत आवश्यक छ । प्रेम तथा वैवाहिक जीवनमा समझदारी बढाउने समय हो । विद्यार्थीले मिहिनेतअनुसार राम्रो प्रगति गर्नेछन् ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, ह)
यो साता नयाँ सम्भावनाको ढोका खुल्नेछ । आर्थिक क्षेत्रमा परिवारसँग सम्बन्धित खर्च बढे पनि आवश्यक काम पूरा हुनेछन् । व्यवसायमा रोकिएका कामले पुनः गति लिनेछ । पुरानो रोजगारी वा अवसर फर्किन सक्ने सम्भावना छ । प्रेमसम्बन्धमा खुलेर संवाद गरे दूरी घट्नेछ । सत्कर्ममा सहभागी हुँदा सन्तोष मिल्नेछ । विद्यार्थीका लागि समय फलदायी रहनेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
साताको सुरुमा आर्थिक तथा व्यावसायिक रूपमा सकारात्मक रहनेछ । घर, सवारीसाधन वा व्यक्तिगत आवश्यकतामा खर्च भए पनि त्यसले सन्तुष्टि दिनेछ । योजनाबद्ध ढंगले अघि बढ्नुहोस् । जागिरेले नयाँ जिम्मेवारी र अवसर पाउनेछन्, जसले प्रतिष्ठा बढाउनेछ । प्रेममा आत्मीयता बढ्नेछ । वैवाहिक जीवनमा पुराना विषयलाई छाडेर नयाँ सुरुवात गर्न सकिनेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
यो साता व्यस्ततासँगै उपलब्धि पनि प्राप्त हुनेछ । व्यवसाय विस्तारका लागि नयाँ सिप सिक्ने अवसर मिल्नेछ । प्रेमसम्बन्धमा संयम र विश्वासले सम्बन्ध अझ बलियो बनाउनेछ । वैवाहिक जीवनमा प्रेम र आत्मीयता कायम रहनेछ । साताको अन्त्यमा राज्यले तपाईँको इमान्दारिता मूल्यांकन राम्रो गर्नेछ । ठुला व्यक्तिसामु आफूलाई स्थापित गर्न सकिनेछ ।

**कन्या** (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
आर्थिक योजना बनाउन र भविष्यका लागि लगानी गर्न समयअनुकूल देखिन्छ । सम्पत्तिसम्बन्धी योजनाले पूर्णता पाउनेछ । व्यवसायीका लागि यात्रा तथा नयाँ सम्पर्कबाट अवसर सिर्जना हुनेछ । जागिरेले करिअर परिवर्तन वा नयाँ सम्भावनाबारे सोच्न सक्नेछन् । विद्यार्थीले एकाग्रता बढाउन सके अध्ययनमा उल्लेखनीय सुधार ल्याउन सक्नेछन् ।

**तुला** (र, रि, रु, रे, रो, ता, ति, तु, ते)
मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुने समय रहेको छ । स्वास्थ्यमा सामान्य समस्या देखिए पनि उचित हेरचाहले सहज हुनेछ । आर्थिक पक्ष बलियो रहनेछ, तर खर्च व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । व्यवसाय विस्तारका लागि राम्रो अवसर मिल्नेछ । जागिरेका लागि पदोन्नति वा प्रशंसाको सम्भावना छ । आम्दानी प्रशस्तै हुनेछ । सहयोगीहरू जुट्नेछन् ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
यो साता आत्मविश्वास र मिहिनेतका साथ अघि बढ्ने समय हो । स्वास्थ्यमा खानपान र दिनचर्यामा ध्यान दिनुहोस् । खर्च बढे पनि आर्थिक व्यवस्थापन गर्न सकिनेछ । व्यवसाय विस्तारका लागि लगानीको अवसर मिल्न सक्छ । विद्यार्थीका लागि समय विशेष अनुकूल रहनेछ । साताको अन्त्यमा आकस्मिक यात्रा र नयाँ सम्पर्कले लाभ दिनेछ । सम्पत्तिसम्बन्धी काममा धैर्य गर्नुहोस् ।

**धनु** (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
यो साता रोकिएका कामले गति लिनेछ । आर्थिक पक्षमा सुधार आउनेछ भने नयाँ आम्दानीको बाटो खुल्न सक्छ । व्यवसायीले नयाँ सम्पर्कबाट लाभ लिन सक्नेछन् । जागिरेका लागि जिम्मेवारीसँगै प्रगतिको अवसर मिल्नेछ । प्रेम तथा वैवाहिक जीवनमा आत्मीयता बढ्नेछ । विद्यार्थीले मिहिनेत गरे उत्कृष्ट नतिजा हासिल गर्न सक्नेछन् ।

**मकर** (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
मिहिनेत र योजनाले यो साता राम्रो परिणाम दिलाउनेछ । आर्थिक पक्षमा सुधार आउनेछ, तर खर्चमा नियन्त्रण आवश्यक छ । व्यवसायीले नयाँ योजना अघि बढाउन सक्नेछन् । जागिरेका लागि नयाँ जिम्मेवारी र अवसर प्राप्त हुनेछ । प्रेमसम्बन्धमा विश्वास बढ्नेछ । वैवाहिक जीवनमा समझदारी कायम रहनेछ । विद्यार्थीले नियमित अध्ययनबाट राम्रो प्रगति गर्नेछन् ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, द)
साता नयाँ अवसर र सकारात्मक परिवर्तनको संकेत छ । यात्रा गर्ने अवसर मिलनेछ । आर्थिक पक्ष बलियो बन्नेछ र रोकिएको रकम प्राप्त हुन सक्छ । तपाईंको सोचमा सकारात्मक परिवर्तनहरू आउनेछन् । बिहीबारदेखि पढाइमा सफलता राम्रै मिल्नेछ । अरूबाट प्रशंसा पनि पाउनुहोला । ठुला व्यक्तिको विश्वासको पात्र भई अगाडि बढ्ने अवसर मिलनेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
यो साता मिश्रित भए पनि सकारात्मक परिणाम दिनेछ । आर्थिक पक्षमा आम्दानीसँगै खर्च बढ्ने भएकाले योजनाबद्ध रूपमा अघि बढ्नुहोस् । व्यवसायमा नयाँ योजना सफल बनाउन सकिनेछ । जागिरेले मिहिनेतअनुसार उपलब्धि हासिल गर्नेछन् । शुक्रबारपछि प्रेमसम्बन्धमा सुधार आउनेछ । शरीरमा जोसजाँगर बढ्नुका साथै आम्दानीमा वृद्धि हुनेछ ।

चर्चा



● रेशम बिरही

उज्यालोको प्रेमगीत । यो कुनै गीत होइन र कुनै जैविक प्रेम पनि होइन । गीत हो, तर भौतिक रूपमा संगीतबद्ध कर्णप्रिय गीत होइन । प्रेम हो, तर मानवीय संवेदनाको अन्तरंग प्रेम हो ।

यो भर्खर बजारमा आएको एउटा कवितासंग्रह हो । कविताररचनामा आ-आफ्नै मौलिक ढाँचा, शैली र बिम्बहरू हुन्छन् । प्रस्तुत कवितासंग्रह पनि नितान्त फरक ढाँचा र शैलीको सघन विचारसंवेद्य कविता कृति हो । यसका रचनाकार कवि तथा समालोचक पुरुषोत्तम सुवेदी हुन् । यस कवितासंग्रहमा उनी आफ्नै विशिष्ट शैलीमा गहनतापूर्वक अभिव्यक्त भएका छन् । उनी समालोचक पनि भएकाले उनका काव्यिक विचारको धार पनि सामाजिक विषमताविरुद्ध आलोचनात्मक चेतसहित अत्यन्त मर्मस्पर्शी किसिमले अर्चाीपिएको हतियारजस्तै धारिला छन् ।

'उज्यालोको प्रेमगीत' शीर्षकमा चार खण्डमा विभक्त ५८ वटा कविता समावेश गरिएको यस कवितासंग्रहको वैचारिक विशिष्टता भनेको प्रगतिशील रचनाशिल्पका आधारमा मानवीय



तस्बिर : संजित परियार



● नानीहिरा महर्जन

**देवताको रथ तान्न लाग्दा कस्तो हुन्छ भनेर सोध्यौँ। सयौँ वर्षदेखि पुरुषले गर्दै आएको काम महिलाले गर्ने हो र ? भन्ने प्रश्न पनि आयो। तर, धेरैजसोले देवता महिला र पुरुष दुवैको हो, रथ तान्दा के समस्या हुन्छ र भन्दै समर्थन गर्नुभयो।**



● सजनी महर्जन

**महिलाले कहाँ रथ तान्ने भनेर नकारात्मक कुरा धेरै आएका थिए। तर, महिला अगाडि बढ्नुपर्छ भन्ने कुरा पनि आयो। इन्द्रजात्रा व्यवस्थापन समितिले पनि किन नतान्ने भन्ने कुरा गर्‍यो। त्यसपछि रथ तान्ने काम सुरु भयो।**



● रजिना डंगोल

**हामीले रथ तान्न सुरु गर्दा भर्खरभर्खरै महिला समूहहरू बनेका थिए। महिला सशक्तीकरणको कुरा उठेको थियो। जात्रामा सहभागी हुनु, रथ तान्नु पनि महिला सशक्तीकरण हो भन्ने भयो। सोहीअनुरूप हामी रथ तान्ने कार्यक्रममा सहभागी हुन थाल्यौँ।**

सुरुवाती समयमा सामाजिक सञ्जालको प्रयोग कम थियो। महिला समूह र व्यक्तिगत सम्पर्कमार्फत सहभागीलाई खबर गरिन्थ्यो। 'सुरुमा मिसा पुचः (महिला समूह) मार्फत खबर गरिन्थ्यो। अहिले सामाजिक सञ्जालमा सूचना राख्ने चलन छ,' उनी भन्छिन्।

उनी पनि नानीहिराजसरी नै सुरुवाती दिनमा जोडिएको थिइन्। महिलाले रथ तान्ने कुरा सुरु गर्दा नकारात्मक प्रतिक्रिया पनि आएको थियो। 'महिलाले कहाँ रथ तान्ने भनेर नकारात्मक कुरा धेरै आएका थिए। तर, महिला अगाडि बढ्नुपर्छ भन्ने कुरा पनि आयो। इन्द्रजात्रा व्यवस्थापन समितिले पनि किन नतान्ने ? भन्ने कुरा गर्नुभयो। त्यसपछि रथ तान्ने काम सुरु भयो,' उनी भन्छिन्। उनका अनुसार अहिले भने मुख्य चुनौती सामाजिक तथा सांस्कृतिक विरोधभन्दा भिड व्यवस्थापन भएको छ। उनका अनुसार संस्कृति संरक्षणमा पुरुषको जति नै महिलाको पनि भूमिका हुन्छ भनेर यसले स्थापित गरेको छ।

यसपटक गणेशको रथको जिम्मेवारीमा थिइन्, रजिना डंगोल। उनले पनि नानीहिरा र सजनीसँगै रथ तान्न सुरु गरेकी हुन्। केही महिला जुट्न हम्मेहम्मे हुने वेलामा सुरु भएको रथयात्रामा अहिले हजारौँ सहभागी हुन्छन्। तर, यसपटक बाढीपहिरोको कारण देश नै शोकमा भएकाले उनीहरू भिडलाई भन्दा संस्कृतिलाई निरन्तरता दिनेतर्फ उन्मुख भइन्। 'हामीले रथ तान्न सुरु गर्दा भर्खर-भर्खरै महिला समूहहरू बनेका थिए। महिला सशक्तीकरणको कुरा उठेको थियो,' उनी भन्छिन्, 'जात्रामा सहभागी हुनु, रथ तान्नुलाई पनि महिला सशक्तीकरण हो भन्ने भयो। सोहीअनुरूप हामी रथ तान्ने कार्यक्रममा सहभागी हुन थाल्यौँ।'

०६९ सालदेखि इन्द्रजात्राको अन्तिम दिन नानिचाः हुन थालेको हो। इन्द्रजात्रा व्यवस्थापन समितिका सल्लाहकार स्व. डंगोलले महिलाले पनि रथ तान्ने प्रस्ताव अघि बढाएका थिए । सोहीअनुसार नानीहिरा महर्जन, सजनी महर्जन, ज्ञानशोभा महर्जनलगायतको १३ समूह बनेको थियो । यी महिलाको समूहले सुरु गरेको रथ तान्ने काम यसपटकसहित १४औँ पटक हो।

तर, तीनवटै रथ तान्न थालेको भने १३औँ पटक मात्र भएको छ। सुरुको वर्ष एउटा मात्र रथ तान्ने अवसर पाएका महिलाले दोस्रो वर्षदेखि अरू दुई रथ तान्न पाए । इन्द्रजात्राको वेला जीवित देवी कुमारी, गणेश र भैरवको रथयात्रा गरिन्छ। बुधबार हनुमानढोका दरबारपरिसरमा इन्द्रध्वजासहितको लिंगो ठड्याइएसँगै इन्द्रजात्रा सुरु भएको थियो। लिच्छविकालीन राजा गुणकामदेवका पालादेखि जात्रा चलिआएको मानिन्छ ।

# महिलाले सञ्चालन गरेको अब्बल सहकारी

उद्यम



● मणिलाल विश्वकर्मा





**०५५ असारमा सिराहा जमदह र तेतरिया गाउँका ३८ महिलाले २३ हजार रुपैयाँ जम्मा गरी 'कोपिला महिला बचत तथा ऋण सहकारी संस्था' खोलेका थिए। अहिले २८ वर्ष पुग्दा सेयर पुँजी एक करोड २१ लाख पुगेको छ।**

पूर्वपश्चिम लोकमार्गअन्तर्गत सिराहाको गोलबजार नगरपालिका-३, जमदह गाउँ। उदयपुर जिल्लाको कटारीसँग जोडिएको चुरे जंगल काखको गाउँका निम्न र निम्नमध्यम आर्थिक अवस्थाका सीमान्तकृत समुदायका महिलाको करिब तीन दशकअघिसम्म आफ्नै सीमितता र बाध्यता थिए। आफ्नो हातमा सिप र जाँगर भए पनि आर्थिक स्रोतको अभाव झेल्दै आएका थिए। त्यही अप्ठ्यारो छिचोल्दै २०५५ साल असारमा जमदह र तेतरिया गाउँका ३८ जना महिलाले २३ हजार रुपैयाँ जम्मा गरेर 'कोपिला महिला बचत तथा ऋण सहकारी संस्था' खोले। अहिले २८ वर्षको अवधिमा कोषको आकार वृद्धि मात्र गरेको छैन, एक हजार पाँच सयभन्दा बढी महिलालाई सहकारीको सञ्जालमा आबद्ध गरेर आर्थिक उपार्जनको काममा समेत जोडेको छ।

सशस्त्र द्वन्द्वका वेला गाउँघरमा सानातिना भेला, छलफल गर्न पनि त्यति सहज थिएन। सहकारीको जन्मदेखि अहिलेसम्म नेतृत्व गर्दै आएकी अध्यक्ष ७७ वर्षीया भगवती पाख्रिन भन्छिन्, 'शिक्षा, रोजगारी र अवसरमा पछाडि पारिएका ग्रामीण महिलालाई संगठित गर्दै सहकारीमार्फत आर्थिक सशक्तीकरणको अभियानमा जोड्नु पक्कै सजिलो थिएन।' त्यतिवेला गाउँका केही अगुवा महिलाले जनही पाँच सय रुपैयाँ सेयर पुँजी संकलन गरी संस्था खडा गरेका थिए।

'सहकारीले २८ वर्षको अवधिमा स्थानीय उत्पादन, कृषि, पशुपालन, खुद्रा तथा साना व्यापारमा सदस्य महिलालाई जोडेर नियमित बचत, ऋण, आयआर्जनसँगै स्थानीय आर्थिक समृद्धिको अभियान नगरपालिकाको चार वडासम्म विस्तार गरेको छ,' अध्यक्ष पाख्रिनले भनिन्। 'लैंगिक विभेद, आर्थिक परनिर्भरतामा बाँचिरहेका महिलाको आर्थिक सशक्तीकरण र निर्णयमा सहभागिता बढाउनु पक्कै सजिलो थिएन,' उनले भनिन्।

## नियमित बचत, आर्थिक समृद्धिको यात्रा

सानातिना आर्थिक उपार्जनमा महिलाको सहभागिता भए पनि खर्च गर्न भने प्रायः पुरुषको नियन्त्रण रहेको समाजमा महिलाले नियमित बचत गर्नु त्यति सजिलो नभएको सहकारीकी कोषाध्यक्ष प्रमिला थापा मगरले सुनाइन्। वैदेशिक रोजगारीका लागि एकाध लाख रुपैयाँ जरुरी हुँदा स्थानीय साहु-महाजनबाट चर्को ब्याजमा ऋण लिन बाध्य महिला पछिल्लो समय आफ्नै सहकारीबाट दुई लाख रुपैयाँसम्म चलाउन सक्ने भएको सहकारीकी व्यवस्थापक प्रज्ञा पुलामी मगरले बताइन्। उनका अनुसार ७ असोजसम्मको अद्यावधिक तथ्यांकअनुसार सहकारीको सेयर पुँजी एक करोड २१ लाख १४ हजार २७६ रुपैयाँ पुगेको छ।

## बढ्दो महिला सहभागिता

सहकारीको कारण ग्रामीण क्षेत्रका महिलाको सामाजिक सहभागिता पनि क्रमशः बढ्दै गएको गोलबजार-३ का वडाध्यक्ष धनप्रसाद लामाले सुनाए। 'पुरुषहरूको नेतृत्वमा रहेको सहकारी जोखिममा परेको घटना सार्वजनिक भइरहेका वेला ग्रामीण क्षेत्रका महिलाको नेतृत्वमा सञ्चालित सहकारीले करिब तीन दशकको यात्रा पार गर्नु महिलाले पनि गर्न सक्छन् भन्ने उदाहरण हो,' उनले भने, 'थोरै पुँजीबाट महिलाको नेतृत्वमा खोलिएको सहकारी करिब तीन दशकसम्म निरन्तर नाफामा रहनु चानचुने कुरा होइन।'

अध्यक्ष लामाका अनुसार आर्थिक रूपले प्रायः पुरुषमा निर्भर रहने ग्रामीण क्षेत्रका महिलामा थोरै भए पनि जोगाएर नियमित बचत गर्ने बानीको विकास, थोरै पुँजीमा सञ्चालन गर्न सकिने साना व्यवसायमार्फत आयआर्जन गरी आर्थिक रूपले आत्मनिर्भर बन्न सहकारीले सघाएको मात्र छैन, घरपरिवारको आर्थिक निर्णयमा महिलाको सहभागितासमेत बढाएको छ।

## महिलाको नेतृत्वमा अब्बल सहकारी

गोलबजार नगरपालिकाको नगर प्रोफाइलअनुसार नगर क्षेत्रमा क्रियाशील ३१ सहकारीमध्ये महिलाले चलाएका दुई बचत तथा ऋण सहकारी संस्था मात्र छन्। विभिन्न जिल्लामा सहकारी सञ्चालकबाट ठगिएको, सञ्चालकहरू फरार भएका घटना सार्वजनिक भइरहँदा ग्रामीण भेगका महिलाले चलाएको सहकारी निरन्तर चल्नुमा महिलाको अनुशासन, लगनशीलता र मिहिनेत मुख्य कारण रहेको जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. सिरहाले जनाएको छ। संघका जिल्ला कार्यालय व्यवस्थापक शिवदयाल महतोका अनुसार महिलाको नेतृत्वमा सहकारी नियमित रूपले चलिरहेका छन्। उनले भने, 'त्यसो हुनुमा महिलाको इमान्दारिता र लगनशीलता मुख्य कारण हो।' प्रारम्भिक चरणमा बालबालिकाको क्षेत्रमा काम गरिरहेको सेभ द चिल्ड्रेनको सहयोगमा जिल्लास्थित इन्द्रेणी सेवा समाज, भवानी एकीकृत विकास केन्द्र, सिर्जना सामुदायिक विकास केन्द्र, जनज्योति युवा क्लबजस्ता सामाजिक संस्थाको सहजीकरणमा ग्रामीण महिलाका लागि चलाइएको प्रौढ साक्षरता कक्षा र मासिक रूपमा एक रुपैयाँ बचत गर्ने बानीको विकास नै महिला सहकारी जन्मको पहिलो आधार रहेको उनले सुनाए।

'मासिक रूपमा पाँच रुपैयाँ भए पनि बचत गरी संस्थाले नै बिउपुँजीका लागि पाँच हजार रुपैयाँ आर्थिक सहयोग गरेको थियो,' उनले भने, 'त्यही रकम परिचालन गरी सानातिना आयआर्जनसम्बन्धी काम गरिरहेका ग्रामीण महिला समूह मर्ज गरेर तत्कालीन गाविस तहको सहकारीमा रूपान्तरण गरिएको हो।' उनका अनुसार त्यसरी जन्मिएका महिला सहकारीमध्ये जिल्लामा पछिल्लो समय कोपिला, बुद्ध, देवीजस्ता महिला बचत तथा ऋण सहकारी संस्था अब्बल मानिन्छन्, जसले वार्षिक करोडौँको आर्थिक कारोबार मात्र गरेका छैनन्, महिलालाई आर्थिक रूपमा सशक्त पनि बनाइरहेका छन्।

सहकारीकी सेयर सदस्यसमेत रहेकी गोलबजार-३ जमदहकी संगीता लामाको अनुभवमा आफूहरूले सहकारी सञ्चालन थालेदेखि दैनिक घर व्यवहारको काममा चाहिने थोरैतिनो रकम खोज्न भौतारिनुपर्ने बाध्यता अन्त्य भएको छ। 'विगतमा दुई-चार हजार रुपैयाँका लागि पनि गाउँघरमा ऋण सापटी खोज्न दौडिनुपर्थ्यो,' उनले भनिन्, 'अहिले दुई लाख रुपैयाँसम्म सहकारीले नै उपलब्ध गराउँछ।' सहकारीबाट लिएको ऋणले बाख्रापालन गरेको सुनाउँदै उनले त्यही बाख्राले ब्याएको पाठापाठी बेचेर घरखर्च, छोराछोरीको पढाइ खर्चसँगै नियमित रूपमा बचत र ऋणको सावाँ-ब्याज पनि तिरिरहेको बताइन्।

# सीमान्त जीवनको जीवन्त प्रेमकाव्य

संवेदना र अग्रगामी विश्वदृष्टिकोण रहेको देखिन्छ। सांस्कृतिक आन्दोलनमा प्रगतिशील-प्रगतिवादी काव्यरचनामा देखिने वैचारिक स्पष्टताको नाममा प्रयोग भएका जुलुसको भाषाबाट उनका कविताहरू पृथक् देखिन्छन्। पुरुषोत्तम सुवेदीका कविताहरू आफैँमा प्रगतिशीलताको वैचारिक रूपले पुष्ट र परिपक्व देखिन्छन्। साहित्यमा खास गरी कविता विधामा कला भनेको समाजको कलात्मक विन्यास तथा बिम्बात्मक अभिव्यक्ति हो। कतिपय प्रगतिवादी समालोचकले यसप्रकारको काव्यचरित्रलाई यथार्थबाट साहित्यलाई अलग्याउने र जनतालाई नैतिक र वैचारिक चेतनाबाट अलग्याउने कोसिसको रूपमा परिभाषित गर्दछन्। खासमा भन्ने हो भने, कलात्मक काव्यात्मकतासँगै सडकको शैलीगत विविधता र वैचारिक एकरुपता नै अग्रगामी चिन्तनविधि हो। यस मानेमा पनि कवि सुवेदीका कविताहरू सचेत देखिन्छन्।




विचारको नाममा शुष्कता र प्रभावको नाममा चर्को शब्दावलीबाट मुक्त उनका कविताहरूमा नवीन बिम्ब र चोटिला प्रतीकहरूको कुशल संयोजन पाइन्छ। संसारको उत्कृष्ट संरचना भनेको मानव र प्रकृतिको अन्योन्याश्रित सम्बन्ध हो। त्यसैले मानवहित र मानवीय संवेदनाले ओतप्रोत रचना भनेको आफ्नो समय र समाजको परिस्थिति ठिकसँग चित्रित गर्नु हो। यही वास्तविकताको सैद्धान्तिक भूमिमा टेकेर उत्कृष्ट साहित्यको रचना गर्नु शक्तिशाली कविको पहिलो सर्त हुनुपर्छ। हाम्रो समाज अहिलेको युगमा पनि दासयुगको जस्तो मानवताको वर्खिलापका कतिपय कुरूप संस्कृतिबाट अझै मुक्त हुन सकिरहेको छैन। यसले मानव सभ्यता र अग्रगमनको दिशा अवरुद्ध गरिरहेको छ। त्यसैले त्यस्ता कुरुपताप्रति निषेधात्मक चेतनाले परिपुष्ट कविता वा विविध साहित्य रचनामा कविहरूको कलादृष्टि पुग्नुपर्दछ। यसर्थ, पनि कवि पुरुषोत्तम सुवेदीका कविताहरू सजग र सचेत रूपमा रचना गरिएका छन्।

उनको काव्यकृतिले सामाजिक यथार्थलाई टपक्क टिपेर काव्यिक प्रतिबिम्बनमा कुशलतापूर्वक उनेको सहज अनुभूति हुन्छ। अत्यन्त अमूर्त र कठिन शब्दावलीको सट्टा सरल एवं सम्प्रेष्य शब्द र लयात्मक काव्यिक वाक्य बनोटले उनका प्रत्येक कविताहरू भावविधान र गेयताले कमजोर लाग्दैनन्। यस अतिरिक्त 'उज्यालोको प्रेमगीत' कवितासंग्रहमा पुरुषोत्तम सुवेदी समाजको आलोच्य भावमा मुखर भएका छन्। कविताको अन्तर्ध्वनिमा मूलतः जीवनजगत्का यावत चरित्र, स्वस्थ र नैतिकवान् समाज निर्माण तथा उत्पीडन र शोषणप्रति व्यंग्य विनोदी बिम्बहरूको कुशल संयोजन आवश्यक पर्दछ। प्रस्तुत कविताकृतिले यही सामाजिक यथार्थलाई समातेर कलासाहित्यको सिर्जनात्मक प्रतिबिम्बन गरेको छ। यसबाट कवि सुवेदीका कविताहरूमा संवेदी र बौद्धिक संज्ञानको बाक्ला बाछिटा देखिन्छन्। उनको काव्यिक ढपमा समयबोध, द्वन्द्वात्मक विज्ञानको संश्लिष्ट चेतना तथा कला र रूपको सघन संरचना पनि भएको पाइन्छ। मानव समाजमा कला र साहित्य मनोरञ्जन मात्र होइन, समुन्नत विचारधाराको संवाहक पनि हो भन्ने कुरामा श्रष्टाहरू स्पष्ट हुन जरुरी छ। यसमा विचारधारात्मक विषयवस्तुको छनोटमा रचनाकार आत्मगत रूपमा होइन, वस्तुगत रूपमा समाजको बृहत् हिततर्फ उन्मुख हुनुपर्छ।

कविहरू सिर्जनात्मक हस्तक्षेप र आक्रमणमा कलात्मकरूपमा आक्रामक नै हुनुपर्छ। द्विविधा, संशय र आत्मविश्वासरहित भावले भ्रम सिर्जना गर्दछ। यदाकदा आफ्नो सिर्जना भाषिक शैलीले पनि यस्तो अस्पष्टता देखाउन सक्छ। कवि सुवेदीका कविताका कुनै-कुनै बिम्बविधानमा देखिएको संशय उनको मौलिक ढाँचाको सकारात्मक रूप हुन सक्छ। वरिष्ठ कवि विमल निभाको उनीप्रतिको संश्लेषित टिप्पणीले पनि यस्तै संकेत गर्दछ। 'पुरुषोत्तम सुवेदीको कविताको ढप र ढाँचाको आफ्नैखाले मौलिकता रहेको छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



# नेपालमा बाघको सिकार सम्भव छ ?

प्रकृति



● दृष्टान्त विडारी



बाघ मार्नु सम्भव छ त ? यदि छ भने के अहिले यो समय आइसकेको छ ? यस प्रश्नको उत्तरका लागि अन्तर्राष्ट्रिय कानुन, सन्धि र अरू देशमा गरिने अभ्यासलाई हेर्न जरुरी देखिन्छ।

नेपालले अहिले आफ्नो अथक संरक्षण प्रयास र विश्वव्यापी सहयोगको दममा पाटेबाघको संख्या ४२९ पुऱ्याएको छ। यसो त १९५० को दशकमा नेपालको तराई भूभागबाट मलेरिया उन्मूलन भएसँगै यस क्षेत्रमा मान्छेको चाप पनि बढेको हो। तराईको प्राचीन जंगलमा त्यसअघि खुला रूपमा हिँडिरहेका जनावरहरू मान्छेको बढ्दो दबाबका कारण संकुचित हुनुपरेको देखिन्छ। वनविनाश, कृषि जमिनको बढ्दो माग र चोरी-सिकारीजस्ता कारणले १९७० को दशकमा नेपालमा बाघको संख्या करिब ५० मा झरेको मानिन्छ भने सन् २०२२ को राष्ट्रिय बाघ सर्वेक्षणमा यो संख्या बढेर ३५५ पुगेको थियो। बाघको संख्या बढेसँगसँगै मान्छे र बाघबिचको द्वन्द्व पनि बढेको छ। यसो त हाम्रा तराईका बासिन्दासँग जंगली जनावरको द्वन्द्व परापूर्वकालदेखि नै चल्दै आएको हो, तर पहिलाको तुलनामा अहिले बाघले मान्छे र मान्छेले पालेका घरपालुवा जनावरमा आक्रमण गर्ने घटना निकै धेरै बाहिर आएका छन्।

नेपालमा बाघ धेरैजसो पाँचवटा राष्ट्रिय निकुञ्ज र त्यसको वरिपरिका जंगलमा पाइन्छ। जुलाई २९ अन्तर्राष्ट्रिय बाघ दिवसको अवसर पारेर नेपालले बाघको नयाँ अभिलेख प्रकाशन गरेको थियो। यस अभिलेखअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्जमा ११२, बाँके राष्ट्रिय निकुञ्जमा ५१, पर्सामा ७१ र शुक्लाफाँटामा ५० वटा पाटेबाघ रहेको अनुमान गरिएको छ। अरू स्तनधारी जनावरको अध्ययन गर्ने क्रममा डडेल्धुरा र इलामजस्ता पहाडी जिल्लामा पनि पाटेबाघको अभिलेख भएको छ। जमिन परित्याग र बाँझो छाडेर देशका विभिन्न सहरमा बसाइँ सर्ने र विदेश जाने लर्को लागेको हुँदा कुनै समयको खेतीबारी अहिले झाडीमा परिणत भएको छ। कुनै वेला मान्छेको घाँस-दाउरा र गाईवस्तु चरिचरण गर्ने जंगल अहिले झनै घना भएको छ। यस कारणले अहिले पहाडी क्षेत्रमा बाँदर, दुम्सी, मृग, बँदेल र चितुवाजस्ता जनावर मानव बस्तीमा बढी देखिन थालेका छन्। पाटेबाघ पहाडमा देखिन थाल्नु एउटा प्रमुख कारणको रूपमा जंगल बढ्नु पनि हो भन्न सकिन्छ।

बँदेल, बाँदरजस्ता जनावरले कृषकलाई हानि गर्ने हुँदा केही विशेष प्रावधानअन्तर्गत यिनीहरूलाई धपाउने र सो क्रममा मृत्यु हुन गए कुनै पनि किसिमको सजाय नहुने नियम सरकारले ल्याएको छ। बाघसँगको द्वन्द्व न्यूनीकरण गर्न पनि सोही प्रावधान ल्याउनुपर्ने माग नेपाली जनताले गरिरहेका छन् भने संसद् भवनमा समेत यही माग गुञ्जिने गरेको सुनिन्छ। के बाघ मार्नु सम्भव छ त ? यदि छ भने के अहिले यो समय आइसकेको छ ? यस प्रश्नको उत्तरका लागि अन्तर्राष्ट्रिय कानुन, सन्धि र अरू देशमा गरिने अभ्यासलाई हेर्न जरुरी देखिन्छ।

## ■ किन पाइँदैन बाघ मार्न ?

हाल संसारमा बाघका ६ वटा उपप्रजाति जीवित अवस्थामा छन्। ती सबै उपप्रजातिलाई संख्या र वासस्थानका आधारमा खतरा तथा लोपोन्मुखको सूचीमा राखिएको छ। इन्टरनेसनल युनियन फर कन्जर्भेसन अफ नेचर(आइयुसिएन) ले संसारभरिका जनावर, चरा आदिको अध्ययन र यिनीहरूको संख्या, वासस्थानको अवस्था र खतराका आधारमा रातो सूची तयार पार्ने गर्छ। हाम्रो नेपालमा पाइने पाटेबाघ पनि संसारमा करिब दुई हजार ५०० वटा मात्र भएको हुनाले संकटापन्न अवस्थामा राखिएको छ। यस्ता जनावरलाई मार्ने वा ओसारपसार गर्ने कार्य गरेमा अन्तर्राष्ट्रिय रूपमै निकै ठुलो कानुन लाग्न सक्छ। नेपालमा पनि पाटेबाघ संरक्षित जनावर हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा १० को अनुसूची-१ अन्तर्गत संरक्षित वन्यजन्तुको सिकार निषेध गरिएको छ। सबैभन्दा महत्त्वपूर्ण दफा २६(१) हो, जसमा कसैले गैरकानुनी रूपमा संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, किन्ने, बेच्ने वा ओसारपसार गर्ने कसुर गरेमा पाँच लाखदेखि १० लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ।

सन् १९७३ को मार्च ३ मा वासिंटन डिसीमा आइयुसिएनद्वारा संसारभरिका राष्ट्रमा वन्यजन्तु र बोटबिरुवाको चोरी-सिकारी तथा तस्करी न्यूनीकरण र नियमन गर्नका लागि एउटा सन्धि गरिएको थियो। सो सन्धिमा नेपालले पनि सन् १९७५ मा हस्ताक्षर गरेको थियो। हालसम्म १८३ देश र युरोपियन युनियनसम्म यो संस्थामा आबद्ध भइसकेका छन्। यो सन्धिले कुनै पनि नियम कानुनलाई रूपान्तरण नगरी ४० हजारभन्दा बढी जीवजन्तु र बोटबिरुवालाई तीनवटा समूहमा विभाजन गरेको छ। एपेन्डिक्स १ अन्तर्गत अत्यधिक खतरामा रहेका प्रजातिलाई राखिएको छ र यी प्रजातिको किनबेचमा रोकसमेत लगाइएको छ। केही विशेष परिस्थितिमा मात्रै यी प्रजातिलाई एउटा देशबाट अर्को देश लैजान पाइन्छ। पाटेबाघ यहीअन्तर्गत पर्छ। पाटेबाघको सिकार गर्नु भनेको अन्तर्राष्ट्रिय सन्धिको विपरीत जानु हो। एपेन्डिक्स २ मा रहेका प्रजातिलाई भने केही परिस्थिति अनुकूल भएमा किनबेच गर्न पाइने प्रावधान छ। एपेन्डिक्स ३ मा भएका जनावरलाई भने केही निश्चित राष्ट्रहरूले किनबेच गर्ने गरेको पाइन्छ। अन्तर्राष्ट्रिय रूपमा कालोबजारमा हुने किनबेच रोक्नका लागि यो सन्धि गरिएको हो। अहिलेको अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि परिस्थितिमा बाघको सिकार गर्न पाइने प्रावधान छैन।

केहीगरी हामीले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेर बाघ माऱ्यौँ भने पनि त्यसबाट निस्किने उत्पादनका लागि हामीले बजार पाउन सक्दैनौँ। कालोबजारमा यस्ता वस्तुको धेरै मूल्य भए पनि संसारभरिका देशले यस्ता वस्तुको आयातमा कानुनी रूपमा प्रतिबन्ध लगाएका छन्।

विश्वमा कानुनी रूपमा व्यापार हुने वन्यजन्तु र आखेटोपहार सबै जंगलबाट संकलन गरिएका हुँदैनन्। कतिपय वन्यजन्तुलाई सरकारी अनुमति र नियमनअन्तर्गत निश्चित फार्म वा प्रजनन केन्द्रमा पालेर प्रजनन गराई तिनबाट प्राप्त वस्तुको कानुनी रूपमा संकलन र व्यापार गरिन्छ। उदाहरणका लागि विलासी वस्तु उत्पादनमा प्रयोग हुने गोही तथा एलिगेटरको छालाको कानुनी व्यापार ठुलो मात्रामा नियमन गरिएका व्यावसायिक फार्म तथा ऱ्यान्चिङ प्रणालीमा आधारित छ। त्यसैगरी, केही देशले जंगली वनस्पति तथा वन्यजन्तु निश्चित परिमाणमा संकलन र व्यापार गर्ने अनुमति दिन्छन्। यस्तो अनुमति वैज्ञानिक अध्ययनका आधारमा निर्धारण गरिएको कोटाभित्र मात्र दिइन्छ।

## ■ कस्तो छ संसारमा वन्यजन्तु सिकारको स्थिति ?

यसो त नेपालमा परापूर्वकालदेखि नै सिकार खेल्ने चलन चल्दै आएको हो। सन् १८४६ मा राणाशासनको सुरुवात भएसँगै विदेशी बहुप्रतिष्ठित व्यक्तित्व तथा राजपरिवारलाई सिकारमा आमन्त्रण गर्ने र ठुलो संख्यामा बाघको पनि सिकार गर्ने गरिएको पाइन्छ। त्यसपछिको करिब एक शताब्दीभन्दा बढी समयमा अनगिन्ती बाघ, गैँडा, भालु, चितुवा जस्ता ठूला-साना जनावर माृन्झि।ॢेध्ज्ञा।देरएका थिए। हालको कुरा गर्ने हो भने नेपालमा ढोरपाटन सिकार आरक्षले बर्सेनि नाउर, झारल, रतुवा मृग र बँदेलजस्ता जनावरको सिकारका लागि कोटा खुलाउने गर्छ।

संसारका अन्य देशमा पनि कतै मान्छेहरूको खाद्य र परम्परागत आवश्यकता पूरा गर्नका लागि सिकार गरिन्छ। कतै वन्यजन्तुको संख्या व्यवस्थापन गर्न सिकार गरिन्छ। अफ्रिका, उत्तर अमेरिका, युरोप र मध्य-एसियाका केही देशमा निश्चित प्रजातिको 'ट्रफी हन्टिङ'समेत कानुनी रूपमा सञ्चालन हुँदै आएको छ। ट्रफी हन्टिङमा सिकारीले विशेषतः ठुलो सिङ, टाउको, छाला वा अन्य विशेष शारीरिक विशेषता भएको जनावर मारेर त्यसको कुनै भागलाई ट्रफीका रूपमा राख्ने उद्देश्य राख्छ। यो अनुमति र तोकिएको कानुनी प्रक्रियाभित्र गरिने सिकार भएकाले अवैध चोरी-सिकार अर्थात् 'पोचिङ'भन्दा फरक हुन्छ। तथ्यांक विश्लेषण गर्दा सन् २००४ देखि २०१४ सम्म विभिन्न देशबिच करिब १७ लाख हन्टिङ ट्रफिज्को व्यापार भएको र तीमध्ये कम्तीमा दुई लाख संकटमा रहेका समूहका प्रजातिसँग सम्बन्धित रहेको अनुमान गरेको थियो।

> संसारभरिबाट बर्सेनि हजारौँ पर्यटक हाम्रो जैविक विविधता र संरक्षण प्रयास हेर्न आउने गर्छन्, जसले गर्दा देशको अर्थतन्त्रमा विदेशी मुद्रा भित्रिन्छ। त्यसैले, देशको दिगो अर्थतन्त्र सुनिश्चित गर्न द्वन्द्व न्यूनीकरणका लागि जनावरलाई सो ठाउँबाट हटाउनेभन्दा पनि सहअस्तित्व कायम गर्ने उपाय अपनाउनुपर्ने समयको माग हो।

वन्यजन्तुको नियन्त्रित सिकारलाई संरक्षणको साधनका रूपमा प्रयोग गर्न सकिन्छ कि सकिँदैन भन्ने विषयमा भने विश्वभर गम्भीर बहस छ। केही सिद्धान्तअनुसार राम्रोसँग नियमन गरिएको र जैविक रूपमा दिगो वन्यजन्तु उपयोगले केही परिस्थितिमा वन्यजन्तु र तिनको वासस्थान संरक्षणका लागि आर्थिक तथा सामाजिक प्रोत्साहन सिर्जना गर्न सक्छ। तर, त्यसका लागि सिकारले सम्बन्धित प्रजातिको दीर्घकालीन संख्या घटाउन नहुने, पर्याप्त वैज्ञानिक तथ्यका आधारमा कोटा निर्धारण गर्नुपर्ने, निरन्तर अनुगमन हुनुपर्ने, वासस्थान र पारिस्थितिक प्रणालीमा नकारात्मक असर न्यून हुनुपर्ने तथा त्यसबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुग्नुपर्नेजस्ता सर्त आवश्यक मानिन्छन्। कुनै प्रजातिको संख्या मात्र हेरेर सिकार दिगो छ वा छैन भन्न पर्याप्त नहुने र त्यसका लागि प्रजातिको संख्या, प्रजनन दर, मृत्युदर, उमेर तथा लिंग संरचना, सामाजिक संरचना, व्यवहार, आनुवंशिक विविधता, वासस्थान र समग्र पारिस्थितिक प्रणालीको अवस्था बुझ्नुपर्ने हुन्छ।

एफएओमा प्रकाशित एउटा अध्ययनले भने सिकार गरिएको र नगरिएको संख्याबिच तुलना गर्ने पर्याप्त दीर्घकालीन अध्ययनको अभाव रहेको र आनुवंशिक तथा सामाजिक प्रभाव अझै पर्याप्त रूपमा अध्ययन नभएको औँल्याएको छ।

अर्कोतर्फ, विश्वमा वन्यजन्तुको सिकार सधैँ कानुनी अनुमति र वैज्ञानिक व्यवस्थापनभित्र मात्र सीमित छैन। विशेषगरी, कमजोर कानुनी कार्यान्वयन, भ्रष्टाचार र सीमित निगरानी भएका मुलुकमा पैसा र राजनीतिक वा प्रशासनिक पहुँचको दुरुपयोग गरी संरक्षित वन्यजन्तुको अवैध सिकार तथा तिनका अंगको कारोबार हुने गरेको पाइन्छ। आर्थिक रूपमा सम्पन्न व्यक्ति वा संगठित तस्करी सञ्जालले स्थानीय बिचौलिया, सिकारी तथा कतिपय अवस्थामा भ्रष्ट अधिकारीसँगको मिलेमतोमा कानुन छल्ने, अवैध रूपमा मारिएका वन्यजन्तुलाई कानुनी स्रोतबाट आएको देखाउने वा घुस र प्रभावमार्फत अनुसन्धान तथा कारबाही कमजोर बनाउने जोखिम रहन्छ।

## ■ नेपालमा बाघ मार्नुपर्ने अवस्था सिर्जना भएको हो त ?

कुनै पनि ठाउं वा वासस्थानमा कुनै जीवजन्तु तथा पारिस्थितिक प्रणालीलाई नकारात्मक असर नपर्ने गरी जीवित राख्न सक्ने सबैभन्दा धेरै संख्यालाई वैज्ञानिकले बहन क्षमता भन्ने गर्छन्। बाघकै उदाहरण हेर्ने हो भने कुनै पनि ठाउँमा मान्छेसँग न्यून द्वन्द्व सिर्जना हुने, जंगलको पारिस्थितिक प्रणाली स्वस्थ हुने र सो जंगलले धान्न सक्ने सबैभन्दा धेरै संख्या नै सो ठाउँको बहन क्षमता हो। बाघको पक्षमा भने जंगलको क्षेत्रफल, विभिन्न सिकार प्रजातिको उपस्थिति, सिकार प्रजातिको संख्या र पानीको उपलब्धताले त्यो जंगलको बहन क्षमता निर्धारण गर्छन्।

सन् २०२३ मा वैज्ञानिकहरूद्वारा गरिएको एक अध्ययनअनुसार चितवन र पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रले विभिन्न परिस्थितिमा ११९ देखि २६३ सम्म बाघ धान्न सक्ने आकलन गरिएको छ। सन् २०२४ मा गरिएको अर्को अध्ययनअनुसार नेपालको बर्दिया राष्ट्रिय निकुञ्जले १०१ देखि १७७ वटा पाटेबाघ र बाँके राष्ट्रिय निकुञ्जले २०-४० वटा पाटेबाघ धान्न सक्ने कुरा तथ्यांकले देखाउँछ। यी अध्ययनलाई हालसालै प्रकाशित बाघ सर्वेक्षणको नतिजासँग मूल्यांकन गर्ने हो भने यसलाई राम्रो व्यवस्थापन हो भन्न सकिन्छ। नेपालका संरक्षित क्षेत्रमा अझै पनि बाघ अटाउन सक्छन् र बाघहरूलाई जंगल छाडेर मानव बस्ती पस्न जरुरी देखिँदैन।

सन् २०२२ को राष्ट्रिय बाघ सर्वेक्षणको तथ्यांकअनुसार पनि बर्दिया राष्ट्रिय निकुञ्जमा प्रति १०० वर्गकिलोमिटरमा सातवटाभन्दा बढी बाघ र बाघको आहार प्रजाति भने ९० जनावर प्रतिवर्गकिलोमिटर भएको अनुमान लगाइएको थियो। त्यससँगै जोडिएको बाँके राष्ट्रिय निकुञ्जमा प्रति १०० वर्गकिलोमिटरमा एकभन्दा पनि कम बाघ र बाघको आहार प्रजाति भने प्रतिवर्गकिलोमिटर ३३ रहेका अनुमान गरिएको थियो। सोही अध्ययनअनुसार पनि हाम्रा राष्ट्रिय निकुञ्जको स्तर उन्नति गरिने हो भने अझै धेरै बाघ अटाउन सकिन्छ र मान्छेसँगको द्वन्द्व पनि कम गर्न सकिन्छ।

तर, यस विषयमा कुरा गर्दा ध्यान दिनुपर्ने अर्को कुरा हो, आहार प्रजातिको संख्याले मात्र बाघको संख्या बढाउन र बाघलाई जंगलमै राख्न सक्दैन। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको २०२२ को बाघ सर्वेक्षणको तथ्यांक हेर्ने हो भने यहाँ बाघको आहार प्रजातिको संख्या १४६ जनावर प्रतिवर्गकिलोमिटर रहेको छ, तर यहाँ बाघ भने प्रति १०० वर्गकिलोमिटरमा दुईभन्दा कम रहेका छन्।

नेपालको हालको क्षेत्रफलको ४६ प्रतिशतभन्दा बढी जंगल र घाँसेमैदानले ढाकेको छ। त्यसैले, यस्ता वासस्थानको स्तर उन्नति गर्न पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ। बाघको वासस्थान, आहार प्रजाति, मानव हस्तक्षेप, जैविक मार्गहरूको उपलब्धता र अन्य कैयौँ कुरालाई ध्यानमा राखेर संरक्षण गर्ने हो भने बाघ मार्नुपर्ने समस्याको न्यूनीकरण हुनेछ।

## ■ मानव-बाघ द्वन्द्व न्यूनीकरणका उपाय

अब कुरा आउँछ, यदि बाघ मार्न पाइँदैन भने मान्छे र बाघको द्वन्द्व न्यूनीकरणका अरू उपाय के हुन सक्छन् त ? हाल सामाजिक सञ्जाल र जनमानसमा गुञ्जिरहेको कुरा के छ भने 'मान्छे मारेर बाघ पाल्न सकिँदैन।' यो कुरा एकदम सही हो। मान्छे र बाघबिच हुने द्वन्द्वले दुवै पक्षलाई उत्तिकै समस्यामा पार्ने गरेको छ। घाँस-दाउरा गर्न जंगल गएका मान्छेमाथि बाघको आक्रमण र सजिलो सिकारको खोजीमा बस्ती पसेको बाघ मान्छेको पासो वा विषादीयुक्त खानेकुरा खाएर मर्ने प्रवृत्तिले दुवै पक्षलाई असर गरेको छ। यो समस्याको दीर्घकालीन उपाय ननिकाल्ने हो भने यो द्वन्द्व अझै भड्किने देखिन्छ। वर्तमान समयमा मानव-वन्यजन्तु द्वन्द्व हाम्रो देशको मात्र नभएर संसारभरि नै विकराल रूप लिइरहेको समस्या हो।

संसारभरि वन्यजन्तुलाई मानव बस्ती, खेतीबाली तथा पशुधनबाट टाढा राख्न विद्युतीय वा सौर्य तारबार, बलियो जाली, खाडल, प्रकाश, साइरन, मौरीको घारबाट बनाइने बार तथा अन्य तर्साउने प्रविधि प्रयोग गरिन्छ। पशुधनलाई बाघ, सिंह, चितुवा वा अन्य सिकारी जनावरबाट जोगाउन रातको समयमा सुरक्षित तथा सिकारी-प्रतिरोधी खोरमा राख्ने, गोठ सुधार गर्ने, पशु चराउँदा निगरानी गर्ने तथा कतिपय ठाउँमा रक्षक कुकुर प्रयोग गर्ने अभ्यास पनि छ। नेपालमा पनि यी सबै कुरा धेरै ठाउँमा लागू भएको देखिन्छ। तर, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सबैभन्दा राम्रो उपाय भनेको जंगलमाथिको परनिर्भरता घटाउनु हो। नेपालमा बाघबाट मान्छेमाथि आक्रमण भएका घटना धेरैजसो जंगलभित्र हुन्छन्। बाघले गोठभित्रै पसेर गाईवस्तुमाथि आक्रमण गरेको घटना पनि निकै कम देखिन्छ।

मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरणको लागि अर्को गर्नैपर्ने काम भनेको मानव बस्ती वरिपरि र जंगलको बाहिरी क्षेत्रमा घुम्ने बाघ तथा अन्य वन्यजन्तुको निगरानी गर्नु हो। द्वन्द्व बढी देखिने ठाउँहरूको हटस्पट म्यापिङ गर्ने र त्यहाँ वरिपरि घुम्ने जनावरलाई जिपिएसयुक्त कलर अथवा स्वचालित क्यामेरा जडान गरेर निगरानी गर्ने र त्यस्तो समस्यायुक्त जनावर मानव बस्ती वरिपरि देखिएमा छिटोभन्दा छिटो बस्तीमा खबर पुऱ्याउन सके पनि द्वन्द्व न्यूनीकरण हुने देखिन्छ।

यस्ता उपायले पनि समस्या समाधान नभएमा द्वन्द्व गराइरहेको निश्चित जनावर पहिचान गरी त्यसलाई समात्ने, निगरानी गर्ने वा अर्को उपयुक्त स्थानमा स्थानान्तरण गर्नेजस्ता कदम चाल्नुपर्छ। अत्यन्त गम्भीर अवस्थामा, विशेषगरी कुनै निश्चित जनावरले मानिसको जीवनमा लगातार प्रत्यक्ष खतरा उत्पन्न गरिरहेको अवस्थामा, सम्बन्धित देशको कानुन र अधिकार प्राप्त निकायको निर्णयअनुसार अन्तिम विकल्पका रूपमा त्यसलाई हटाउने वा मार्ने व्यवस्था पनि कतिपय देशमा छ।

पाटेबाघ हाम्रो देशको एक गौरवशाली जनावर हो र हाम्रो देशको मेरुदण्ड मानिने पर्यटन क्षेत्रमा पाटेबाघको ठुलो भूमिका छ। संसारभरिबाट बर्सेनि हजारौँ पर्यटक हाम्रो जैविक विविधता र संरक्षण प्रयास हेर्न आउने गर्छन्, जसले गर्दा देशको अर्थतन्त्रमा विदेशी मुद्रा भित्रिन्छ। त्यसैले, देशको दिगो अर्थतन्त्र सुनिश्चित गर्न द्वन्द्व न्यूनीकरणका लागि जनावरलाई सो ठाउँबाट हटाउनेभन्दा पनि सहअस्तित्व कायम गर्ने उपाय अपनाउनुपर्ने समयको माग रहेको छ।

---

# प्रविधिमा चीन 'विश्वको कारखाना' मात्र रहेन, अब 'मुख्यालय' पनि

प्रविधि



● जुमार्ट ओटोरबायेभ



वैश्विक विद्युतीय उद्योग संरचनात्मक परिवर्तनको चरणमा प्रवेश गर्दै छ। दुई दशकभन्दा बढी समय चीन विश्वको प्रमुख उत्पादन केन्द्रका रूपमा रह्यो। यसमा आपूर्तिकर्ता, दक्ष जनशक्ति, पूर्वाधार, लजिस्टिक र इन्जिनियरिङ क्षमताको अतुलनीय केन्द्रीकरणले सघाउ पुऱ्यायो। तथापि, यो चिनियाँ प्रभुत्व अहिले केही खुकुलो हुँदै गएको छ। तर, यसलाई चिनियाँ उत्पादन क्षेत्रको पतनका रूपमा अर्थ्याउनु गल्ती हुनेछ। चीनले आफ्ना उत्पादन प्रक्रियाका केही अंश बाहिर पठाउँदै गर्दा सबैभन्दा महत्त्वपूर्ण औद्योगिक क्षमता भने आफैँसँग सुरक्षित राखेको छ।

'बोस्टन कन्सल्टिङ ग्रुप (बिसिजी)'का अनुसार, सन् २०१७ यता विदेशमा उत्पादन गर्ने चिनियाँ (मूलभूमि चीन, ताइबान र हङकङका समेत जोडेर ) इलेक्ट्रोनिक्स उत्पादकको हिस्सा १२ प्रतिशतबाट बढेर ५६ प्रतिशत पुगेको छ। बिसिजीले आफ्नो विश्लेषण ५० करोड अमेरिकी डलरभन्दा बढी वार्षिक आम्दानी भएका ९४२ सेयर बजारमा सूचीकृत कम्पनीको (जसमा चीनमा मुख्यालय भएका ३१४ कम्पनी पनि समावेश छन्) तथ्यांक अनुसन्धान गरेर तयार पारेको हो। यो एक उल्लेखनीय परिवर्तन हो।

सन् २००० को दशकको सुरुदेखि २०१० को दशकको मध्यसम्म, कैयौँ बहुराष्ट्रिय कम्पनीले उत्पादन खर्च घटाउन चीनका प्रमुख औद्योगिक क्षेत्रबाट उत्पादन गर्ने कार्यलाई बढावा दिए। लागत कटौतीका लागि त्यस वेला चीनको सस्तो श्रमशक्तिले महत्त्वपूर्ण भूमिका खेलेको भए पनि यसको वास्तविक फाइदा भने उत्पादनसम्बन्धी 'इकोसिस्टम' (पारिस्थितिक प्रणाली) सानो क्षेत्रमै केन्द्रीकृत हुनुमा निहित थियो।

यसले 'इकोनोमिज अफ स्केल' (ठुलो परिमाणमा उत्पादन गर्दा आउने न्यून लागत खर्च) र सञ्चालनगत दक्षता सिर्जना गऱ्यो। यसको बराबरी गर्न थोरै मात्र अन्य सक्षम भए। सन् २०१७ यता बढ्दो भन्सार महसुल, निर्यातमा कडा नियन्त्रण र संवेदनशील प्रविधिको कडा निगरानीले यो समीकरणलाई परिवर्तन गरिदिएको छ। चिनियाँ सामानमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको उच्च भन्सार महसुलको उद्देश्य चिनियाँ उत्पादनमाथिको निर्भरता घटाउनु र उत्पादनलाई अमेरिका फर्काउन बाध्य पार्नु थियो। तर, यसले चिनियाँ कम्पनीलाई तेस्रो मुलुकमा उत्पादन क्षमता स्थापना गर्न प्रेरित गरिदियो, विशेषतः भन्सार छल्न सकिने उद्देश्यले।

त्यही समय दक्षिणपूर्वी एसियाली देश, भारत र मेक्सिकोले चिनियाँ उत्पादकलाई आकर्षित गर्न कर छुट, अनुदान, औद्योगिक क्षेत्र र अन्य उपाय उपलब्ध गराउन थाले। चिनियाँ कम्पनीले पनि आफ्नो उत्पादन संयन्त्रलाई विभिन्न देशमा विविधीकरण गर्नुलाई भन्सार महसुल, निर्यात प्रतिबन्ध र अचानक आउने अवरोधविरुद्धको सुरक्षा उपाय (बिमा)का रूपमा हेर्न थालेका छन्। तर, यसको अर्थ चीनलाई पूर्ण रूपमा त्याग्नु भन्नेचाहिँ होइन। धेरै अवस्थामा चिनियाँ कम्पनीले सबै कुरा चीनमै उत्पादन गरेर अन्तिम एसेम्बली मात्र अन्य देशमा स्थानान्तरण गरिरहेका छन्।

मेसिनका पार्टपुर्जा, अत्यावश्यक सामग्री, मेसिनरी र इन्जिनियरिङ विशेषज्ञता चीनमै उत्पादन भइरहेका छन्। यसले 'हब-एन्ड-स्पोक' मोडेल उत्पादन गरिरहेको छ, 'हब (केन्द्र)' चीन नै रहन्छ, स्पोक (केन्द्रसँग जोड्ने)हरूमा भियतनाम, मलेसिया, थाइल्यान्ड, भारत, मेक्सिको र अन्य देशमा फैलिएका छन्। बिसिजीको अनुमानअनुसार दक्षिणपूर्वी एसियामा विस्तार भइरहेकामध्ये लगभग ७६ प्रतिशत चिनियाँ निर्माताले भियतनाम, थाइल्यान्ड वा मलेसियालाई गन्तव्य रोजिरहेका छन्।

भियतनाम इलेक्ट्रोनिक्स एसेम्बलीका लागि बढ्दो रूपमा महत्त्वपूर्ण बन्दै गएको छ, उता मलेसिया सेमिकन्डक्टरको परीक्षण र प्याकेजिङमा सबल बन्दै गएको छ, भारतले विशाल घरेलु बजार सम्भावना प्रदान गर्छ भने मेक्सिकोले संयुक्त राज्य अमेरिकाको निकटताको फाइदा लिएको छ। तर, यी सबै नयाँ क्षेत्र चिनियाँ आपूर्ति शृंखलासँग गहिरो रूपमा जोडिएका छन्।

सबैभन्दा परिणामात्मक विकास इलेक्ट्रोनिक्सभन्दा बाहिर हुन सक्छ। चीनको औद्योगिक रणनीति श्रमविभाजनसँग उपयुक्त छ, जसमा उन्नत अनुसन्धान, इन्जिनियरिङ, प्राविधिक नवप्रवर्तन र परिष्कृत उत्पादन घरेलु रूपमा केन्द्रित रहन्छ। साथमा यसले केही चुनिएका उत्पादनमा चरण अन्तर्राष्ट्रिय रूपमा वितरण गर्छ। यो चीनको औद्योगिक भूमण्डलीकरणको अर्को चरणको मूल विशेषता बन्न सक्छ। उत्पादनलाई चीनमा केन्द्रित राख्नुको सट्टा, बेइजिङले उत्पादन प्रविधि, मेसिनरी, पार्टपुर्जा, मापदण्ड, इन्जिनियरिङ क्षमता र आपूर्ति-शृंखला सम्बन्धमाथिको नियन्त्रण बढी महत्त्वपूर्ण हुन्छ। यो उत्पादन शक्तिको मौलिक रूपमा फरक अवधारणा हो। पुरानो मोडेलले उद्योग कहाँ छ भन्ने आधारमा औद्योगिक शक्ति मापन गर्थ्यो। उदीयमान मोडेलले भने औद्योगिक क्षमतालाई पारिस्थितिक प्रणालीलाई कसले नियन्त्रण गर्छ भन्ने आधारमा मापन गर्छ।

> चीनको उत्पादन संयन्त्र विदेशतिर सर्दै छ, तर नवप्रवर्तन र विकासको विश्वव्यापी केन्द्रका रूपमा चीन अझै पनि 'औद्योगिक मस्तिष्क'का रूपमा कायम देखिन्छ।

यो प्रक्रियाले एक अस्पष्ट विडम्बना बोकेको छ। वासिंटनले चिनियाँ उत्पादनमाथि भन्सार बढाएर र प्रविधिमाथिको चिनियाँ पहुँचलाई नियन्त्रण गरेर विश्वव्यापी उत्पादनमा चीनको भूमिका घटाउन खोज्दै छ। तर, जवाफमा चिनियाँ उद्योगलाई सम्भावित राजनीतिक जोखिम घटाउन धेरै क्षेत्रमा उत्पादन सञ्जाल निर्माण गर्न प्रेरित गरेको छ। चिनियाँ कम्पनीले यदि दक्षिणपूर्वी एसियाली देश, भारत, मेक्सिको र अन्य बजारमा उत्पादन सुविधासँग चिनियाँ अनुसन्धान तथा विकास, मेसिनरी र इन्जिनियरिङसँग जोड्न सके भने त्यसले कुनै एकल देशको व्यापार नीतिको लागि कम जोखिमपूर्ण उत्पादन प्रणाली सिर्जना गर्न सक्छ।

तथापि, यसको मतलब चिनियाँ उत्पादन प्रभुत्व कसैगरी पनि तोडिन्न भन्ने होइन। प्रतिस्पर्धीले समयक्रममा आफ्नै आपूर्तिकर्ता पारिस्थितिक प्रणाली, प्रविधि र औद्योगिक क्षमता विकास गर्नेछन्। प्रतिस्पर्धा अझ बढ्ने निश्चित छ। तथापि, अहिलेको संकेत भने स्पष्ट छ- विश्वव्यापीकरण केहीले भनेजस्तो अन्त्य हुँदै छैन। बरु यसले तीव्र गतिमा नयाँ रूप लिँदै छ। चीनले 'विश्वको कारखाना'का रूपमा रहेको आफ्नो पुरानो भूमिका त्याग्दै छैन। बरु, यसले आफूलाई रूपान्तरण गर्दै छ। यो त अहिले नवप्रवर्तन र विकासको विश्वव्यापी केन्द्र (मुख्यालय) बन्दै गइरहेको छ। उत्पादन क्षमता विभिन्न देशमा छरिएर जान सक्ने भए पनि औद्योगिक मस्तिष्क' भने चीनमै रहेको छ।

*(ओटोरबायेभ किर्गिज गणतन्त्रका पूर्वप्रधानमन्त्री हुन्। साउथ चाइना मर्निङ पोस्टबाट **श्रवण उप्रेती**को अनुवाद)*

# रासायनिक मलमा बर्सेनि बढ्दै अनुदान, तर किसानलाई पाउन सधैँ सकस

## ०८२/८३ मा पाँच लाख ३८ हजार टन मल आयात, तर किसानले मलविनै सके रोपाइँ, धान गोडमेल गर्न पनि समस्या



कृषिसचिव
**डा. राजेन्द्र मिश्र** भन्छन्-
गत वर्ष रासायनिक मलमा मात्रै ३९ अर्ब ७५ करोड १५ लाख रुपैयाँ खर्च भएको छ। अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढेकाले खरिद लागत बढ्न गई अनुदानबापत प्रवाह गर्नुपर्ने बजेट पनि बढेको हो। अन्तर्राष्ट्रिय द्वन्द्वका कारण जहाजको आवतजावतमा ढिलाइ भएन भने समयमै हामी मल पाउँछौँ। त्यसपछि नियमित रूपमा किसानको मागअनुसार वितरण गर्ने कार्यतालिका छ।



**अजित अधिकारी**/नयाँ पत्रिका

बर्सेनि कृषि बजेटको आधाभन्दा बढी हिस्सा रासायनिक मलको अनुदानमा खर्च भइरहे पनि किसानले मागेजति मल पाउन सकेका छैनन्। कृषि, वन तथा पर्यावरण मन्त्रालयको तथ्यांकअनुसार गत आव ०८२/८३ मा सबैभन्दा धेरै पाँच लाख ३८ हजार चार सय ३६ टन मल आयात भएको छ। तर, किसानले मलविनै असारे रोपाइँ सकेका छन्। अहिले धान गोडमेल गर्ने समयमा पनि किसानले मागेजति युरिया नपाएको गुनासो बढिरहेको छ।

कृषिसचिव डा. राजेन्द्र मिश्रले बर्सेनि बजेट वृद्धि गरेर आयात परिमाण बढाउने काम भइरहेको बताए। उनले बिहीबारको कृषि तथा प्राकृतिक स्रोत समिति बैठकमा गत आवमा सबैभन्दा धेरै मल ल्याउँदा अनुदानबापत पनि ठुलो रकम खर्च भएको जानकारी दिए। 'गत आवमा रासायनिक मलमा मात्रै ३९ अर्ब ७५ करोड १५ लाख रुपैयाँ खर्च भएको छ,' उनले भने, 'अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढेकाले खरिद लागत बढ्न गई अनुदानबापत प्रवाह गर्नुपर्ने बजेट पनि बढेको हो।' चालू आव ०८३/८४ मा पनि सरकारले पाँच लाख ५० हजार टन मल खरिद गर्ने लक्ष्य राखेर ३२ अर्ब ४६ करोड रुपैयाँ विनियोजन गरेको छ।

महालेखा परीक्षकको कार्यालयका अनुसार रासायनिक मलतर्फको अनुदान बर्सेनि बढिरहेको छ। महालेखाको प्रतिवेदनमा उल्लेख भएअनुसार आव ०८१/८२ मा चार लाख ८७ हजार टन मल खरिदका लागि २६ अर्ब ८१ करोड ९८ लाख रुपैयाँ अनुदान खर्च भएको थियो। त्यस्तै, आव ०८०/८१ मा चार लाख ६० हजार सात सय १९ टन मल खरिदका लागि २४ अर्ब ३४ करोड ५३ लाख रुपैयाँ अनुदान खर्च भएको थियो।

आव ०७९/८० मा चार लाख ६० हजार सात सय १९ टन मल खरिद गर्दा ३१ अर्ब २० करोड ५३ लाख र आव ०७८/७९ मा एक लाख ७७ हजार पाँच सय २३ टन मल खरिद गर्दा १६ अर्ब ६१ करोड ५९ लाख रुपैयाँ अनुदान खर्च भएको थियो। महालेखाले बर्सेनि जारी गरेको प्रतिवेदनमा ठुलो रकम अनुदानबापत खर्चेर पनि मल आपूर्ति, बिक्री-वितरण र व्यवस्थापनको समस्या सुधार नभएको उल्लेख गर्ने गरेको छ। 'मल खरिद कारबाही समयमा नहुँदा आपूर्ति, बिक्री-वितरण र व्यवस्थापन कार्यमा समस्या देखिएको छ। तसर्थ, समयमै वार्षिक क्यालेन्डर स्वीकृत गरी खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने एवं मल बिक्री-वितरणको प्रभावकारी अनुगमन गरी रासायनकि मल खरिद तथा बिक्री-वितरणको कार्य व्यवस्थित गर्नुपर्छ,' महालेखाको पछिल्लो प्रतिवेदनमा भनिएको छ।

कृषिसचिव डा. मिश्रले भने नियमित रूपमा टेन्डर गरेर मल आपूर्ति बढाउने र अभाव नहुने गरी वितरणको व्यवस्था गर्ने काम भइरहेको दाबी गरे। 'अन्तर्राष्ट्रिय द्वन्द्वका कारण जहाजको आवतजावतमा ढिलाइ भएन भने समयमै हामी मल पाउँछौँ। त्यसपछि नियमित रूपमा किसानको मागअनुसार वितरण गर्ने कार्यतालिका छ,' उनले भने। भारतसँगको जिटुजी प्रक्रियामार्फत टेन्डर भएको २५ हजार टन डिएपी विभिन्न नाकामार्फत प्राप्त गर्ने काम भइरहेको उनले जानकारी दिए। यसबाहेक दुई लाख ४० हजार टन मल खरिदका लागि टेन्डरसमेत भइसकेको उनले जानकारी दिए।

**■ पाँच वर्षयताको मल आयात र अनुदानको विवरण**

| आर्थिक वर्ष | आयात परिमाण (टनमा) | अनुदान रकम |
|---|---|---|
| ०८२/८३ | ५ लाख ३८ हजार ४ सय ३६ | ३९ अर्ब ७५ करोड १५ लाख |
| ०८१/८२ | ४ लाख ८७ हजार | २६ अर्ब ८१ करोड ९८ लाख |
| ०८०/८१ | ४ लाख ६० हजार ७ सय १९ | २४ अर्ब ३४ करोड ५३ लाख |
| ०७९/८० | ४ लाख ७ हजार ३ सय ६३ | ३१ अर्ब २० करोड ५३ लाख |
| ०७८/७९ | १ लाख ७७ हजार ५ सय २३ | १६ अर्ब ६१ करोड ५९ लाख |

स्रोत : महालेखा परीक्षकको प्रतिवेदन

### ■ कार्यदल गठन

नेपालमा रासायनिक मल कारखाना स्थापना भएपछि उत्पादित मलको खरिद सुनिश्चितताका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था पहिचान गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको छ। कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठको संयोजकत्वमा कृषि, अर्थ, उद्योग तथा ऊर्जा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयका विज्ञहरू सम्मिलित कार्यदल गठन भएको हो।

नेपालमा रासायनिक मल उत्पादन सुरु भएपछि उत्पादित मलको बजार सुनिश्चितता, सरकारी खरिदको सम्भावना, खरिद सुनिश्चिततासम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्था र आवश्यक संस्थागत संरचनाबारे कार्यदलले अध्ययन गर्नेछ। नेपालमा रासायनिक मल कारखाना स्थापना गरी आयातमा निर्भरता घटाउने उद्देश्य अघि बढिरहे पनि स्वदेशमा उत्पादित मलको खरिद सुनिश्चितताका सम्बन्धमा हालसम्म स्पष्ट कानुनी व्यवस्था नरहेको अवस्थामा आवश्यक कानुनी तथा नीतिगत बाटो पहिचान गर्न कार्यदल गठन गरिएको मन्त्रालयले जनाएको छ।

सरकारलाई उद्योग वाणिज्य महासंघको सुझाव

# 'कानुनले दिएको सुविधा निर्बाध प्रयोग गर्न पाउनुपर्ने वातावरण बनाऊ'

नयाँ पत्रिका

उद्योग वाणिज्य महासंघले प्रधानमन्त्री बालेन्द्र शाहलाई १० बुँदे सुझाव पेस गर्दै कानुनले दिएका सुविधा निर्बाध प्रयोग गर्न पाउनुपर्ने धारणा राखेको छ। महासंघले औद्योगिक व्यवसाय ऐन तथा उद्योग र लगानी प्रवर्द्धन सम्बन्ध अन्य कानुनलाई सुधारेर उद्योगको पुँजी र क्षमता वृद्धिमा समेत सहजीकरण गर्नुपर्ने बताएको छ।

'औद्योगिक व्यवसाय ऐनले उद्योगलाई प्रदान गरेका सबै प्रकारका सुविधा निर्बाध प्रदान गर्न, कम्पनीको सेयर स्वामित्व र कम्पनीको स्वामित्व परिवर्तन सम्बन्धमा स्पष्ट गर्न, औद्योगिक तथा लगानी प्रवर्द्धन कोषको रकम स्टार्टअप व्यवसाय विकासमा लगानी गर्न महासंघले सुझाव दिएको छ,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

त्यसैगरी, लगानी प्रवर्द्धन तथा मुलुकको औद्योगिकीकरणका लागि विशेष आर्थिक क्षेत्रसम्बन्धी ऐन, भूमिसम्बन्धी ऐन, २०२१ र वातावरण संरक्षणसम्बन्धी ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, श्रम ऐन, २०७४, वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५, एजेन्सी नियमावली, २०२६ समेत लगानी अनुकूल हुने गरी संशोधनका लागि सुझाव पेस गरेको महासंघले जनाएको छ।

महासंघले आर्थिक कसुरमा व्यवसायीको संरक्षण र कानुनी प्रक्रियामा सुधार, कर कानुनको एकीकरण र कर प्रशासनमा व्यापक सुधार, स्वचालित भन्सार मूल्यांकनसहितको सहज र सरल जाँचपास प्रणाली, उत्पादन लागत घटाउन र विद्युत्मा लागेको भ्याट फिर्ता लिन, कर प्रणालीमा रहेको कर कट्टी, फिर्ता, समायोजन र आयकर ऐनमा रहेका अन्य केही प्रावधानमा स्पष्टता खोजेको छ। त्यसैगरी, औद्योगिक व्यवसाय ऐन तथा उद्योग र लगानी प्रवर्द्धन सम्बद्ध अन्य कानुनमा सुधार, व्यापार तथा निकासी प्रवर्द्धन, घरजग्गा व्यवसायको विकास एवं भूमिसम्बन्धी ऐनमा सामयिक संशोधन, एजेन्सी दर्तामा लाग्ने धरौटीमा एकरूपता कायम र सरकार-निजी क्षेत्र संवाद तथा नीतिगत स्थिरताका क्षेत्रमा लिखित सुझाव पेस गरेको महासंघले जनाएको छ।

**■ महासंघले दिएको १० बुँदे सुझाव**

- **आर्थिक कसुरमा व्यवसायीको संरक्षण र कानुनी प्रक्रिया सुधार**
- **कर कानुनको एकीकरण र कर प्रशासनमा व्यापक सुधार**
- **स्वचालित भन्सार मूल्यांकनसहितको सहज र सरल जाँचपास प्रणाली**
- **उत्पादन लागत घटाउन र विद्युत्मा लागेको भ्याट फिर्ता लिन**
- **कर प्रणालीमा रहेको कर कट्टी, फिर्ता, समायोजन र आयकर ऐनमा रहेका अन्य केही प्रावधानमा स्पष्टता**
- **औद्योगिक व्यवसाय ऐन तथा उद्योग र लगानी प्रवर्द्धन सम्बद्ध अन्य कानुनमा सुधार**
- **व्यापार तथा निकासी प्रवर्द्धन**
- **घरजग्गा व्यवसायको विकास एवं भूमिसम्बन्धी ऐनमा सामयिक संशोधन**
- **एजेन्सी दर्तामा लाग्ने धरौटीमा एकरूपता कायम**
- **सरकार-निजी क्षेत्र संवाद र नीतिगत स्थिरता**

# पर्साका साहले जिते १० लाख

**काठमाडौं**/ असोज १ देखि १५ सम्मको करदाता उपहार कार्यक्रममार्फत पर्साका लालबाबु साह कानूले १० लाख जितेका छन्। अर्थ मन्त्रालयमा शुक्रबार आयोजित एक कार्यक्रममा सांसदहरू सुम्निमा उदास, गणेश कार्की र सन्तोष राजवंशीले करदाता प्रोत्साहन उपहार घोषणा गरेका थिए।

विजेता कानूले २१ हजार रुपैयाँबराबरको ल्युब आयल खरिद गर्दा तिरेको रकमको कारोबार नै बम्पर उपहारमा छनोट भएको हो। विजेता बन्नासाथ कानूलाई तत्कालै फोन सम्पर्क गरेर आन्तरिक राजस्व विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालले बधाई दिएका थिए। साथै, पुरस्कार प्राप्त गर्न नजिकैको कर कार्यालयमा सम्पर्क गर्न जानकारी गराएका थिए। त्यस्तै, थप १० जनाले एक-एक लाख रुपैयाँ पनि जितेका छन्। असोज १ देखि १५ सम्म बिल लिएका उपभोक्ताको तीन करोड १८ लाख १८ हजार दुई सय ८६ वटा कारोबार उपहार कार्यक्रमका लागि योग्य थिए।




# बागमती नीति आयोगमा १४ महिनापछि उपाध्यक्ष नियुक्त



**मकवानपुर**/ करिब १४ महिनादेखि पदाधिकारीविहीन रहेको बागमती प्रदेश नीति तथा योजना आयोगले नयाँ नेतृत्व पाएको छ। बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले आयोगको उपाध्यक्षमा राजनीतिक अर्थशास्त्रमा विद्यावारिधि गरेका डा. देवराज रोकालाई नियुक्त गरेको हो। मुख्यमन्त्री किरण थापामगर नेतृत्वको सरकारले उनीसँगै आयोगमा तीन सदस्यसमेत नियुक्त भएका छन्।

आयोगको सदस्यमा सुनीता गौतम, दीपकविक्रम थापा र सुरेन्द्रवरसिंह थापा नियुक्त भएका छन्। उपाध्यक्ष रोकासहित तीनैजना नवनियुक्त सदस्यले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका छन्। बाँकी एक सदस्यको शपथ पछि हुने जनाइएको छ। तत्कालीन मुख्यमन्त्री बहादुरसिंह लामा नेतृत्वको सरकार परिवर्तन भएपछि आयोग नेतृत्वविहीन बनेको थियो। २० साउन ०८२ मा इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री बनेपछि आयोगका तत्कालीन उपाध्यक्ष डा. गंगादत्त नेपालले भदौमा राजीनामा दिएका थिए। त्यसयता आयोगमा नयाँ पदाधिकारी नियुक्त हुन सकेका थिएनन्।

## 'कानुन सुधारेर लगानीको वातावरण बनाउँदै छौँ'

**काठमाडौं**/ पूर्वाधार विकासमन्त्री सुनील लम्सालले विद्यमान कानुन सुधारमार्फत विकास र लगानीको वातावरण निर्माण गर्न खोजिरहेको बताएका छन्। शुक्रबार पूर्वाधार विकास मन्त्रालयले आयोजना गरेको 'नेपाल पूर्वाधार सम्मेलन २०२६ सम्बन्धी लगानी र विकासका लागि कानुनी सुधार' विषयक कार्यशाला गोष्ठीमा मन्त्री लम्सालले लगानी र विकासमा देखिएका समस्या कानुनी रूपमा समाधान गरिने बताएका हुन्। उनले कानुनअनुसार नै राज्यको प्रणाली चल्नुका साथै परिणामसमेत देखिने भन्दै सरकार नागरिकमैत्री कानुन निर्माणमा केन्द्रित रहेको बताए। उनले मुलुकको पूर्वाधार निर्माणको कामलाई थप गतिशील र प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक सुधारको खाँचो रहेको पनि बताए।

# चुँडिएको दोधारा झोलुंगे पुल अध्ययन गर्दै प्राविधिक टोली

## नदीको बहाब पिलरमै भार पर्ने गरी बगेको र पिलरको जगभन्दा मुनिबाट कटानी हुँदा पुल भत्किएको आशंका

कञ्चनपुरमा **मोहन विष्ट**



१४ असोज बुधबार एकाबिहानै चुँडिएर दोधाराको झोलुंगे पुल क्षेत्रमा प्राविधिक टोलीले स्थलगत अनुगमन गरेको छ। शुक्रबार भौतिक तथा पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास विभागको प्राविधिक टोलीले स्थलगत निरीक्षण गरेको हो।

स्थानीय पूर्वाधार विकास विभाग उपमहानिर्देशक तथा इन्जिनियर कमलकुमार अधिकारी र वरिष्ठ डिभिजनल इन्जिनियर डा. हुमाकान्त मिश्रसहितको प्राविधिक टोलीले क्षतिग्रस्त पुलको स्थलगत अनुगमन गर्दै बाढीबाट भएको क्षति, पुलको वर्तमान अवस्था तथा तत्काल गर्नुपर्ने मर्मत र पुनर्निर्माणका सम्भावनाबारे अध्ययन गरेको छ। अढाई दशकअघि निर्माण भएको उक्त पुलको बिचभाग अनौठो तरिकाले चुँडिएपछि आउजाउ नै बन्द भएको छ।

०५८ सालमा निर्माण सुरु भएर ०६१ मा सम्पन्न भएको एक हजार चार सय ५३ मिटर लम्बाइको उक्त झोलुंगे पुल झन्डै १० करोड लागतमा निर्माण भएको एसियाकै दोस्रो लामो पुलका रूपमा परिचित थियो। महाकाली नदीपारिको नेपाल भनेर चिनिने दोधारा चाँदनीलाई जिल्ला मुकाम महेन्द्रनगरदेखि देशकै भूगोलसँग प्रत्यक्ष जोड्न पुल निर्माण गरिएको थियो।

पुलवारि भीमदत्त नगरपालिका १३ का वडाध्यक्ष रामचन्द्र बोहरा (झक्कास)ले दोधारा चाँदनीका स्थानीयलाई छोटो दूरीमा रहेको पुल चुँडिएसँगै घुमाउरो भएर जानुपर्ने बाध्यता भएको बताए। भारतलगायतका तेस्रो मुलुकका पर्यटकसमेत दैनिकजसो शुक्लाफाँटासँगै पुल अवलोकनका लागि आउने गरेको उनले बताए। 'दैनिक पुल हेर्नकै लागि सयौँ आन्तरिक तथा बाह्य पर्यटन आउने गरेका थिए,' उनले भने, 'अब पुल भत्किएसँगै यहाँ पर्यटक आउने कुरा भएन, जतिसक्दो शीघ्र सरकारले निर्माण गर्नुपर्छ।'

पूर्वाधार विकास कार्यालय कञ्चनपुरका प्रमुख एवं इन्जिनियर पदम मडैले प्रारम्भिक अध्ययन गर्दा सिंगो नदीको बहाब त्यही पिलर भएर बगेको र पिलरको जगभन्दा मुनिबाट कटानी हुँदा पिलर ढलेको हुन सक्ने बताए।

महाकालीमा साढे पाँच लाख क्युसेक पानीको जलस्तर पुग्दा नढलेको पुल अहिले ६० हजार क्युसेक पानीको बहाबले भत्काइदिएको छ। शारदा ब्यारेजको तथ्यांकअनुसार पुलको पिलरसहित बिचभाग चुँडिएकै दिन १४ असोज ०८३ बिहान ६ बजेतिर ६० हजार एक सय ७३ क्युसेक पानीको जलस्तर थियो। यसअघि दुईपटक महाकालीको जलस्तर रेकर्ड कायम भएका वेला साढे पाँच लाखभन्दा बढी थियो। २ कात्तिक ०७८ मा पाँच लाख ४७ हजार दुई सय २४ क्युसेक र ४ असार ०७० मा पाँच लाख ४४ हजार क्युसेक पानीको बहाब हुँदा पनि नढलेको पुल अहिले ६० हजारले ढलायो।

**नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मितिः २०८३/०६/१७)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/०१/०९ को नेपाल समाचारपत्र दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/०९/१९ मा दर्ता नं. ३०४९०२/०७९/०८० अन्तर्गत दर्ता भएको **टि.एम.जी.पोल्ट्रि फिड एण्ड ह्याचरी प्रा.लि.**। ठेगानाः चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०८।

**कम्पनीका संचालकहरु र ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. महावीर प्रसादकी बुहारी, गोपाल जी प्रसादकी श्रीमती पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १६०३०५३०३ (जारी मितिः २०३८/०७/२७, स्थान पर्सा) भएकी **आशा देवी कलवार**।
२. रामचन्द्र प्रसादकी छोरी गोपाल जी प्रसादकी बुहारी, राजेश कुमार कलवारकी श्रीमती पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. १२४४ (जारी मितिः २०५३/०५/१७, स्थान पर्सा) भएकी **रंजना देवी**।
३. गोपाल जी प्रसादको नाति, राजेश कुमार कलवारको छोरा पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ३४-०१-७४-०८७३५ (जारी मितिः २०७४/०७/०६, स्थान पर्सा) भएको **रौनक कुमार साह**।
४. महावीर प्रसादको नाति, गोपाल जी प्रसादको छोरा पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. १६०३१६१८२ (जारी मितिः २०३८-०७-३०, स्थान पर्सा) भएको **राजेश कुमार कलवार**।

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
१. **टि.एम.जी.पोल्ट्रि फिड एण्ड ह्याचरी प्रा.लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ०८ नक्सा सिट नं ८ मा अवस्थित कि.नं. ४३० र ६७९ क्षेत्रफल १-०-१५-० विघा र ३०६५.९५ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।
२. पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं. ०२ बस्ने, **आशा देवी कलवार** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला बीरगंज उ.म.न.पा. वडा नं. ०७ नक्सा सिट नं ११३०३९०१० मा अवस्थित कि.नं. ४ क्षेत्रफल १२७.६० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।
३. पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं. ०२ बस्ने, **आशा देवी कलवार** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला नगवा गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं ६ मा अवस्थित कि.नं. ३४७ क्षेत्रफल ०-२-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०६/२३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं, वा पर्सा बजार शाखा, चितवनमा** बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/२६ गते ३:०० बजे बैंकको **पर्सा बजार शाखा, चितवनमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्ते बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्ते बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं, वा पर्सा बजार शाखा, चितवनमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

■ २०औँ एसियाली खेलकुद

# क्रिकेटको स्वर्ण भिडन्तमा भारत–पाकिस्तान

एसियाडअन्तर्गत पुरुष क्रिकेट फाइनलमा शनिबार पहिलोपटक दुई छिमेकी प्रतिस्पर्धा गर्दै




नागोया (जापान)मा **रमेश सुवेदी**

२०औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड) अन्तर्गत क्रिकेटमा चिरपरिचित प्रतिद्वन्द्वी भारत र पाकिस्तानबिच शनिबार स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुँदै छ। आइसिसीले क्रिकेटका सबै विधामा नयाँ नियम लागू गरेको ४८ घण्टापछि नै यी दुई प्रतिस्पर्धा मैदानमा उत्रन लागेका हुन्। एसियाडमा भारत र पाकिस्तानबिचको स्वर्ण पदक खेल प्रतिष्ठाको लडाइँका रूपमा पनि हेरिएको छ। भारत साबिक विजेता हो। भारतले स्वर्ण रक्षा गर्ने योजनाका साथ मैदानमा उत्रँदा पाकिस्तान इतिहास रच्ने ध्यानमा हुनेछ।

पाकिस्तानले एसियाडमा क्रिकेट विधामा स्वर्ण हात पारेको छैन। अन्तर्राष्ट्रिय क्रिकेटमा यी दुई प्रतिस्पर्धीबिच हुने खेल सधैँ रोमाञ्चकताले भरिएको हुन्छ। दुवै टोली एक-आपसमा हार्न चाहँदैनन्। पछिल्लो नौ वर्षदेखि भारत पाकिस्तानसँग अपराजित रहेको छ। पाकिस्तानले अन्तिमपटक भारतलाई सन् २०१७ को आइसिसी च्याम्पियन्स ट्रफीको फाइनलमा हराएको थियो। त्यसयता भारतले पाकिस्तनसँग हारको सामना गर्नुपरेको छैन।

नागोयाको मौसम विभागले शनिबार हुने फाइनलमा वर्षाले प्रभावित नहुने जनाएको छ। विभागले १० प्रतिशत मात्र वर्षा हुने जनाएको छ। यस कारण स्वर्ण भिडन्त पूरै २०-२० ओभरका हुनेछन्। फाइनल खेलाउने पिच ब्याटिङ मानिएको छ।

### टी-२० आईमा भारत अगाडि

अन्तर्राष्ट्रिय टी-२० आईमा भारतले पाकिस्तानमाथि एकछत्र राज गरेको छ। अहिलेसम्म यी दुई राष्ट्रबिच १७ पटक टी-२० आई खेल भएका छन्। जसमा भारतले १४-३ को नतिजा निकालेको छ। तथ्यांकअनुसार भारतले पाकिस्तानलाई पछिल्ला लगातार ६ खेलमा पराजित गरेको थियो।

पाकिस्तान भने शनिबार हुने स्वर्ण भिडन्तमा हारको अन्तर कम पार्ने प्रयासमा छ। आइसिसी टी-२० विश्वकप विजेतासमेत रहेको भारतले सेमिफाइनलमा श्रीलंकालाई केवल ४५ रनमा रोकेको थियो। पाकिस्तानले बंगलादेशमाथि ६ विकेटको जित निकाल्दै फाइनल स्थान पक्का गरेको थियो। अब्दुल समादले १५ बलमा ३० रन बनाएपछि पाकिस्तानले अन्तिम दुई स्थान सुरक्षित गरेको हो।

### पाकिस्तानलाई वैभवको डर

भारतले सेमिफाइनलमा आक्रामक ब्याट्सम्यान वैभव सूर्यवंशीलाई टोलीमा समावेश गरेको थियो। १५ वर्षीय वैभव ओपनरमा आउँदा सन्जु सामसनले तेस्रो क्रममा ब्याटिङ गरेका थिए। उत्कृष्ट फर्ममा रहेका वैभव नयाँ प्रतिद्वन्द्वीका बलरविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुन्छन्। यस्तोमा पाकिस्तानका बलरविरुद्ध कसरी उनी खेल्छन् भन्ने प्रश्न रहेको छ। तर, वैभवले आफूलाई फाइनलका लागि पूर्ण रूपमा तयार भएको बताइसकेका छन्। पाकिस्तानका बलरले वैभवलाई हल्का लिँदा भारतले पहिलो पावर प्लेमै राम्रो रनरेट बनाउन सक्छ। अर्कोतिर पाकिस्तानका लागि साहिजादा फराहन उत्कृष्ट फर्ममा छन्। उनले एसिया कप टी-२० मा जस्प्रित बुमराहविरुद्ध विस्फोटक ब्याटिङ गरेका थिए। भारतले बुमराहलाई ओपनिङ बलिङ स्पेल गराउन सक्ने सम्भावना छ।

## एसियाड संक्षेप

### कुस्तीमा नेपालका तीनै खेलाडी पराजित

एसियाडअन्तर्गत कुस्तीमा नेपालले खराब प्रदर्शनलाई निरन्तरता दिएको छ। शुक्रबार नागोया सिटी इनाए स्पोर्टस् सेन्टरमा प्रतिस्पर्धा गरेका नेपालका तीनै खेलाडी पराजित भएका छन्। पुरुष एक सय २५ केजीमा राज यादव चीनका बुहेइरदुनसँग १०-० ले पराजित भए। राउन्ड अफ १६ प्रतिस्पर्धामा बुहेइरदुनले राजलाई टेक्निकल सुपेरियोरिटीमा पराजित गरे। राजले त्यसपछि रेपेचेजमा पनि प्रतिस्पर्धा गरे। त्यसमा पनि उनी सफल हुन सकेनन्। उनी मंगोलियाका बातबयार नाम्बारदाग्भासँग ६-० ले पराजित भए।

पुरुष ८६ केजीमा निखिलराज पटेल पनि राउन्ड अफ १६ बाटै बाहिरिए। उनी उज्वेकिस्तानका बोबुर इस्लोमोभसँग १०-० ले पराजित भए। इस्लोमोभले टेक्निकल सुपेरियोरिटीमा निखिललाई हराए। पुरुष ६५ केजीमा रामकिशोर यादव बंगलादेशका अब्दुल सत्तारसँग १०-० ले पराजित भए। राउन्ड अफ १६ को खेलमा सत्तारले टेक्निकल सुपेरियोरिटीमा रामकिशोरलाई हराए। बिहीबार महिला ६२ केजी तौल समूहमा प्रतिस्पर्धा गरेकी सुशीला चन्द पनि पहिलो चरणमै पराजित भएकी थिइन्। उनलाई मंगोलियाकी अल्त्जिन तोगतोखले 'टेक्निकल सुपेरियोरिटी'का आधारमा १०-० ले पराजित गरिन्।

20th Asian Games
Aichi-Nagoya 2026

### जापानका ओकाडासँग हारे सुजन

जुडोको पुरुष ९० केजी तौलसमूहमा नेपालका सुजन गुरुङ जापानका रिको ओकाडासँग पराजित भएका छन्। आइची इन्टरनेसनल एरिनामा शुक्रबार भएको राउन्ड अफ १६ मा सुजन इप्पोनमा पराजित भएका हुन्। ओकाडाले एक इप्पोन र एक वाजा-आरी स्कोर गर्दै अन्तिम आठमा स्थान बनाए। सुजनले भने कुनै स्कोर गर्न सकेनन्। हारसँगै सुजनको चुनौती समाप्त भएको छ। जुडोमा नेपालका चार खेलाडी यसअघि नै आ-आफ्नो स्पर्धामा पराजित भइसकेका छन्। नेपालका पाँचै जुडो खेलाडीले शनिबार मिक्स्ड टिम स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्।

### गल्फर सुभाष १४औँ स्थानमा



गल्फमा नेपालका सुभाष तामाङले शुक्रबार एक ओभर पार ७१ स्कोर गरेका छन्। तीन राउन्डपछि उनले २ अन्डर २०८ स्कोरसहित संयुक्त १४औँ स्थान रक्षा गरेका छन्। पहिलो दिन इभन पार ७० र दोस्रो दिन तीन अन्डर ६७ खेलेका सुभाषले आफ्नो लय कायम राख्न सकेनन्। उनले तीनवटा बर्डी प्रहार गर्दा चारवटा बोगी खेपेका छन्। दिनको सुरुवातमा दसौँ होलबाट खेल सुरु गरेका उनले ११औँ होलमै बोगी खेपे। फ्रन्ट नाइनको पहिलो होलमा बर्डी बनाएका सुभाषले दोस्रो होलमै बोगी खेपे। गल्फमा शनिबार अन्तिम राउन्डको खेल हुनेछ। उनी अग्रता लिएका दक्षिण कोरियाका किम जोनभन्दा १० स्ट्रोकले पछि छन्।

# एकदिवसीय विश्वकप ग्लोबल छनोट दक्षिण अफ्रिका र नामिबियामा हुने

नयाँ पत्रिका

ICC MEN'S CRICKET WORLD CUP SA·ZIM·NAM·2027

आइसिसी पुरुष एकदिवसीय विश्वकप २०२७ को ग्लोबल छनोट प्रतियोगिता दक्षिण अफ्रिका र नामिबियाले आयोजना गर्ने भएका छन्। ग्लोबल छनोटमा १० टोलीबिच प्रतिस्पर्धा हुनेछ। दक्षिण अफ्रिका र नामिबियाले संयुक्त रूपमा आयोजना गर्ने छनोट प्रतियोगिता आगामी २६ फेब्रुअरीदेखि २१ मार्चसम्म हुनेछ। एकदिवसीय विश्वकपमा दक्षिण अफ्रिका र जिम्बाबेसहित शीर्ष आठ टोली स्वतः छनोट भइसकेका छन्। भारत, न्युजिल्यान्ड, पाकिस्तान, अस्ट्रेलिया, इंग्ल्यान्ड, श्रीलंका, अफगानिस्तान र बंगलादेशले विश्वकपमा स्थान बनाइसकेका छन्। आइसिसीले आगामी ५० ओभरको एकदिवसीय विश्वकप १२ राष्ट्रबिच हुने निर्णय गरेको छ। अब बाँकी चार स्थानका लागि १० टोलीले क्वालिफायर खेल्न लागेका हुन्।

ग्लोबल छनोटमा वेस्ट इन्डिज र आयरल्यान्डसहित विश्व क्रिकेट लिग-२ का शीर्ष चार टोलीसँगै प्लेअफबाट आउने चार टोली सहभागी हुनेछन्। आयरल्यान्ड ३० सेप्टेम्बरमा जारी आइसिसी एकदिवसीय वरीयताका आधारमा छनोटमा धकेलिएको हो। आइसिसी विश्वकप लिग-२ मा स्कटल्यान्ड, अमेरिका, नेदरल्यान्ड्स र ओमान लगभग ग्लोबल छनोटमा पुगेका छन्। विश्वकप लिग-२ को अन्तिम चार स्थानमा नामिबिया, क्यानडा, नेपाल र युएई छन्। विश्वकप छनोट प्ले अफ आगामी १ देखि २२ डिसेम्बरसम्म हुनेछ।

क्वालिफायरको विजेता सिधै विश्वकपको मुख्य समूह चरणमा पुग्नेछ। बाँकी तीन टोलीले नामिबियामा तीन खेलको सुपर सिरिज खेल्नेछन्। त्यसको विजेता पनि विश्वकपको मुख्य समूह चरणमा पुग्ने आइसिसीले जनाएको छ।

विश्वकप छनोट प्ले अफमा विश्वकप लिग-२ का पुछारका चार टोली र च्यालेन्ज लिगका शीर्ष चार टोली सहभागी हुनेछन्। यसरी प्ले अफमा कुल आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्। प्ले अफबाट चार टोलीले फेब्रुअरीमा हुने १० टोलीको ग्लोबल छनोटमा स्थान बनाउनेछन्।

### नेपालको विश्वकपमा पुग्ने आशा जीवितै

नेपालको एकदिवसीय विश्वकप खेल्ने सपना अझै जीवितै छ। विश्वकप लिग-२ को अन्तिम चरणमा शीर्ष चारमा स्थान बनाउन सके नेपाल सिधै ग्लोबल छनोटमा पुग्नेछ। आइसिसीका अनुसार विश्वकप लिग-२ का शीर्ष चार टोलीले विश्वकप छनोटमा स्थान बनाउनेछन्। शीर्ष चारमा पुग्न नसके नेपालले प्ले अफको बाटो रोज्नुपर्नेछ। नेपालका लागि अहिले विश्वकप छनोट हुने दुई अवस्था सिर्जना भएको छ। पहिलो, विश्वकप लिग-२ बाट सिधै ग्लोबल छनोटमा हुनेछ। दोस्रो, प्ले अफको माध्यमबाट ग्लोबल छनोटमा पुग्ने हो।

१० टोलीबिच हुने ग्लोबल छनोटबाट चार टोलीले २०२७ मा विश्वकपको मुख्य प्रतियोगितामा स्थान बनाउनेछन्। छनोट प्रतियोगिताको विजेता टोली सिधै विश्वकपको समूह चरणमा पुग्नेछ। बाँकी तीन टोलीले विश्वकपको सुरुवातमा नामिबियामा तीन खेलको सुपर सिरिज खेल्नेछन्। उक्त सिरिजको विजेता पनि विश्वकपको मुख्य समूह चरणमा प्रवेश गर्नेछ। विश्वकप लिग-२ मा नेपाल सातौँ स्थानमा छ। यहाँबाट शीर्ष चारभित्र रहेर सिधै विश्वकप छनोट खेल्न नेपाललाई सहज छैन। त्यसैले टोलीले विश्वकप छनोटका लागि प्ले अफको सहारा लिनुपर्ने देखिन्छ।

### नेपाली टोली घोषणा

नेपाल क्रिकेट संघ (क्यान)ले २३ असोजदेखि ओमानमा हुने आइसिसी विश्वकप लिग-२ अन्तर्गतको एकदिवसीय सिरिजका लागि नेपालको राष्ट्रिय टोली घोषणा गरेको छ। नेपाली टोलीमा एसिसी प्रिमियर कप जितेका खेलाडीले निरन्तरता पाएका छन्। ओपनर कुशल भुर्तेलसहित सोमपाल कामीले स्थान बनाउन सकेनन्। सिरिजमा नेपाल र ओमानसहित क्यानडाले प्रतिस्पर्धा गर्नेछन्। नेपालले आफ्ना आठ सिरिजका ३२ खेल खेलिसकेको छ।

### खेलाडी

सन्दीप लामिछाने (कप्तान), आसिफ सेख, दीपेन्द्रसिंह ऐरी, देव खनाल, ईशान पाण्डे, रोहित पौडेल, अर्जुन कुमाल, सन्दीप जोरा, गुल्सन झा, बसिर अहमद, करण केसी, नन्दन यादव, ललित राजवंशी, साहब आलम, शेर मल्ल।

# बालगोपाल बने नेपालका पहिलो प्रो लाइसेन्सप्राप्त प्रशिक्षक



बालगोपाल साहुखलले एएफसीको आधिकारिक प्रो लाइसेन्स प्राप्त गरेपछि नेपाली राष्ट्रिय फुटबल टोलीले स्वदेशी मुख्य प्रशिक्षक पाउने बाटो खुलेको छ। यसअघि नेपालका प्रशिक्षकसँग प्रो लाइसेन्स नहुँदा विदेशी प्रशिक्षक ल्याउनुपर्ने बाध्यता थियो।

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

बालगोपाल साहुखल प्रो लाइसेन्सप्राप्त प्रशिक्षक बनेका छन्। एएफसी प्रो लाइसेन्स प्राप्त गर्ने उनी पहिलो नेपाली हुन्। अस्ट्रेलियामा भएको एक वर्ष लामो डिप्लोमा कोर्स आयोजनामा उत्तीर्ण भएसँगै साहुखलले प्रो लाइन्सेस पाए। फुटबल अस्ट्रेलियाको आयोजनामा सञ्चालन भएको सो कोर्सलाई एसियन फुटबल महासंघ (एएफसी)ले मान्यता दिएको छ। एक वर्षको अवधिमा साहुखलले चार तहको विभिन्न कोर्स पूरा गरेका थिए।

नेपालकै पहिलो प्रो लाइसेन्स प्रशिक्षक हुँदा उनले खुसी व्यक्त गरेका छन्। 'यो सफलता मेरो मात्र नभएर सम्पूर्ण नेपालीको हो,' साहुखलले एन्फासँग कुराकानी गर्दै भनेका छन्, 'यहाँसम्म आउन मेरो एकल प्रयासले सम्भव थिएन। यसमा सबैको सहयोग उत्तिकै छ।' अब नेपालले कम्तीमा राष्ट्रिय फुटबल टोलीमा मुख्य प्रशिक्षक राख्ने प्रावधानको बाटो खुला भएको छ।

एएफसी र फिफाले कुनै पनि राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक बन्न प्रो लाइसन्स हुनुपर्ने नियम बनाएका छन्। यसै नियमका कारण अखिल नेपाल फुटबल संघ (एन्फा)ले पछिल्लो केही वर्षयता विदेशी प्रशिक्षकलाई नै टोली हेर्ने जिम्मा दिँदै आइरहेको थियो। अब एन्फाले राष्ट्रिय टोलीको मुख्य प्रशिक्षकका रूपमा नेपालीलाई छनोट गर्न सक्छ।

साहुखलले आफू देशमै बसेर काम गर्ने जनाएका छन्। उनले एन्फासँग पनि कोर्स पूरा भएपछि नेपालमै भोलेन्टियर रूपमा काम गर्ने प्रतिबद्धता जनाएका थिए। 'मैले अगाडि भनेको थिएँ। प्रो लाइसेन्स पाउँदा नेपालमै भोलेन्टियरका रूपमै काम गर्छु,' उनले एन्फासँगको अन्तर्वार्तामा भने, 'अब केही काम बाँकी छन्। त्यसपछि यहाँकै फुटबलको विकासमा योगदान दिनेछु।'

प्रो लाइसेन्स पाउन त्यति सहज छैन। यसका लागि विभिन्न तह पार गर्नुपर्छ। प्रो लाइसेन्स फुटबल प्रशिक्षकका लागि उच्च तहको व्यावसायिक प्रशिक्षण मानिन्छ। यसमा उच्चस्तरीय प्रशिक्षण रणनीति, नेतृत्व, खेल विश्लेषण, खेलाडी विकास तथा प्रशिक्षक टोली व्यवस्थापनलगायतका विषयमा गहन अध्ययन र व्यावहारिक प्रशिक्षण गराइन्छ। प्रो लाइसेन्स प्राप्त प्रशिक्षकले कुनै पनि राष्ट्रमा मुख्य प्रशिक्षकका रूपमा आवेदन दिन सक्छन्।

यसअघि अमेरिकामा रहेका नेपाली प्रशिक्षक प्रदीप हुमागाईंले पनि प्रो लाइसेनससम्बन्धी कोर्स गरेका थिए। तर, साहुखलले फुटबल अस्ट्रेलिया र एएफसीको मान्यतासहितको प्रो लाइसेन्स प्रशिक्षण पूरा गरेका छन्। यसै कारण उनी पहिलो नेपाली नागरिकको उपलब्धि आफ्नो नाममा लेखाएका हुन्। यसअघि नेपालमा एएफसीको 'ए', 'बी' र 'सी' लाइसेन्स प्राप्त प्रशिक्षक मात्रै थिए। साहुखलले सन् २०२३ मा कतार फुटबल संघ एएफसी 'ए' लाइसेन्स प्राप्त गरेका थिए।

### एक वर्षको कोर्स

साहुखल नेपाली फुटबलमा खेलाडी र प्रशिक्षक दुवै भूमिकामा सक्रिय थिए। उनले 'ए' डिभिजन लिगमा खेलाडीका रूपमा प्रतिस्पर्धा गरेका थिए। च्यासल युथ क्लब 'ए' डिभिजनमा रहँदा उनी मुख्य प्रशिक्षकका रूपमा थिए। साहुखलले नेपाली यू-१९ महिला राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षकको जिम्मेवारी लिइसकेका छन्। उनले सहिद स्मारक 'बी' डिभिजनमा सरस्वती युथ र 'सी' डिभिजनमा महावीर क्लबलाई प्रशिक्षण दिएका थिए।

उनले कम्तीमा दुईदेखि तीन वर्ष नेपालमै रहेर नेपाली फुटबलको विकासमा योगदान गर्ने प्रतिबद्धता जनाएका छन्। साहुखलले व्यक्तिगत करिअरसँगै नेपाली राष्ट्रिय टोलीको प्रशिक्षक उत्पादन र व्यावसायिक कोचिङ विकासका लागि पनि नयाँ ढोका खोल्ने अपेक्षा राखेका छन्। 'फुटबलको लामो यात्रामा अर्को एउटा खुड्किला पार गरेको छु। मिहिनेतको फल प्राप्त हुँदा खुसी लागेको छ,' उनले भने, 'अवसर पाउँदा नेपालकै जिम्मेवारी निर्वाह गर्ने इच्छा छ।'

■ भुटानविरुद्धको सिरिज उपाधि घरेलु टोलीलाई




**कास्की**/ पुरुष टी-२० एसिया कप क्वालिफायरको तयारीका लागि अभ्यास गर्न आएको भुटानी राष्ट्रिय क्रिकेट टोलीले पोखरामा खेलेका चारवटै खेल गुमाएको छ। नेपालको घरेलु टोलीले चारैवटा खेल जित्ने सिरिज हात पारेको छ। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा शुक्रबार अन्तिम अभ्यास खेलमा क्यान ११ ले भुटानलाई एक सय चार रनको फराकिलो अन्तरले हराएको छ। क्यान ११ ले २० ओभरमा सात विकेट गुमाएर एक सय ७६ रन जोडेको थियो। भुटानले १७.३ ओभरमा अलआउट हुँदै ७२ रन बनायो। क्यानका ओपनर तृतराज दासले ३१ बलमा चार चौका र तीन छक्कासहित सर्वाधिक ५१ रन बनाएका थिए। विपिन खत्रीले नटआउट ३८ रन जोडे।

# प्राइम कन्सल्टेन्सी कर्णालीको पार्टनर

नयाँ पत्रिका

तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टोली कर्णाली याक्सको कन्सल्टेन्सी पार्टनरमा प्राइम कन्सल्टेन्सी एन्ड सर्भिसेज प्रालि जोडिएको छ। एनपिएलको तेस्रो संस्करणका लागि कर्णाली र प्राइम कन्सल्टेन्सी एन्ड सर्भिसेजबिच सम्झौता भएको हो। सम्झौतापत्रमा कर्णालीका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्ल र प्राइम कन्सल्टेन्सीकी निर्देशक प्रिज्मा गौतमले शुक्रबार हस्ताक्षर गरेका छन्।

मल्लले नयाँ साझेदारीले कर्णालीको व्यावसायिक यात्रालाई थप मजबुत बनाउने बताए। 'कर्णालीसँग पहिलोपटक जोडिनुभएकोमा प्राइम कन्सल्टेन्सीलाई धन्यवाद दिए। यो साझेदारीले कर्णालीलाई मैदानभित्र मात्र होइन, मैदानबाहिर पनि थप व्यवस्थित र व्यावसायिक रूपमा अघि बढ्न सहयोग पुग्ने विश्वास छ,' मल्लले भने। प्राइम कन्सल्टेन्सीकी गौतमले कर्णालीसँगको सहकार्यलाई नेपाली क्रिकेटसँग जोडिने अवसरका रूपमा लिएको बताइन्।

'कर्णालीसँग सहकार्य गर्न पाउँदा हामी उत्साहित छौँ। नेपाली क्रिकेट र एनपिएलले पछिल्लो समय ठुलो सम्भावना देखाइरहेको छ,' गौतमले भनिन्, 'यही यात्रामा कर्णालीसँग जोडिन पाउनु हाम्रा लागि महत्त्वपूर्ण अवसर हो।' तेस्रो एनपिएल आगामी २६ अक्टोबरदेखि सुरु हुँदै छ। लिगका लागि कर्णालीले विदेशी खेलाडीका रूपमा इंग्ल्यान्डका मार्क वाट र बंगलादेशका अकबर अलीलाई अनुबन्ध गरिसकेको छ। कर्णालीको प्रमुख प्रायोजकका रूपमा एक्स्ट्रिम र हेडगेयर पार्टनरका रूपमा प्लम्बर पाइप रहेका छन्।

# मेसी बने दोस्रो स्पेनिस क्लबका मालिक

एजेन्सी

गत अप्रिलमा कार्नेला आफ्नो स्वामित्वमा लिएका लियोनल मेसीले दोस्रो डिभिजनको एल्डेनस क्लबमा शतप्रतिशत लगानी गरेका छन्



लियोनल मेसीले दोस्रो स्पेनिस क्लब किनेका छन्। मेसीले स्पेनिस ला लिगाअन्तर्गत दोस्रो डिभिजनमा रहेको क्लब सिडी एल्डेनस स्वामित्वमा लिएको बिबिसीले जनाएको छ। गत अप्रिलमा मेसीले कार्नेला क्लब किनेका थिए। 'क्लब डेर्पोटिभो एल्डेनसले मालिकका रूपमा मेसीलाई घोषणा गरेको छ,' बिबिसीले उल्लेख गरेको छ, 'क्लब र मेसीबिच अन्तिम सम्झौता पूरा भइसकेको छ। कानुनी रूपमा केही बाधा नआएपछि क्लबले मेसीलाई मालिकका रूपमा स्वीकार गरेको छ।'

मेसीको लगानीमा क्लबले स्पेनिस ला लिगाको दोस्रो डिभिजनमा यसपटक उत्कृष्ट नतिजा निकाल्ने विश्वास छ। 'सय वर्ष इतिहास बोकेको क्लबले आगामी दिनमा केही फरक नतिजा निकाली समर्थक र मालिकलाई खुसी पार्नेछ,' एल्डेनसले जारी गरेको विज्ञप्तिमा भनेको छ। दोस्रो डिभिजनमा अहिले २२ क्लबले प्रतिस्पर्धा गरिरहेका छन्।

एल्डेनस वर्तमान अंकतालिकाको १९औँ स्थानमा छ। पहिलो सात खेलमा उसले केवल एक जित मात्र निकालेको छ। समग्रमा एल्डेनसले पाँच अंक बटुलेको छ। बार्सिलोनाका पूर्वखेलाडी समेत रहेका मेसीले आफ्नो नयाँ क्लबलाई एक उचाइमा पुर्‍याउने जनाएका छन्।

कीर्तिमानी रूपमा आठपटकको बालोन डिअर विजेता मेसीले सेप्टेम्बरमै एल्डेनसलाई आफ्नो स्वामित्वमा लिने प्रयास गरेका थिए। एक महिनाको प्रयासपछि उनले क्लब आफ्नो हातमा लिन सफल भए।

### चार वर्षअघि बार्सिलोना छाडेका थिए मेसीले

मेसीले आफ्नो व्यावसायिक फुटबल लगभग स्पेनिस क्लबमै बिताए। बार्सिलोनामा १७ वर्षको उमेरमा आबद्ध भएका मेसीले ६ वर्षअघि स्पेनिस क्लब छाडेका थिए। सन् २००४ मा उनले बार्सिलोनाको पहिलो सेटमै प्रतिस्पर्धा गरेका थिए। बार्सिलोना त्याग्नुअघि उनले अन्तिमपटक पनि व्यवस्थापनसँग वार्ता गरेका थिए। तर, बार्सिलोना चरम आर्थिक संकटमा परेको जनाउँदै मेसीलाई क्लबमा राख्न नसक्ने जनाए। त्यसपछि मात्र उनी फ्री ट्रान्सफरका माध्यमबाट बार्सिलोना छाडेर उनी पेरिस सेन्ट जर्मेन (पिएसजी)मा आबद्ध भएका थिए। पिएसजीमा दुई सिजन बिताएपछि उनी डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीमा आबद्ध भए। गत अगस्टमा अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास घोषणा गरेका मेसीले मियामीबाटै फुटबल करिअर समाप्त गर्ने जनाएका छन्।

### नयाँ क्लबमा नयाँ योजना लागू हुने

मेसीले अहिले दोस्रो डिभिजनमा रहेको एल्डेनसलाई फरक योजनाका साथ अगाडि बढाइने बताएका छन्। 'तत्काल हाम्रो टिमले सबै पक्षको अध्ययन गरिरहेको छ। आगामी दिनमा एल्डेनसमा नयाँ योजना लागू हुनेछ,' मेसीको भनाइ उद्धृत गर्दै एल्डेनसले भनेको छ, 'दीर्घकालीन योजनाका साथ अगाडि बढ्नेछ। शीर्ष डिभिजनमा पुर्‍याउने लक्ष्य हो।' डेढ दशक बार्सिलोनामा रहेका मेसीले कीर्तिमानी रूपमा ६ सय ७२ गोल गरेका थिए। उनले बार्सिलोनाबाट सात सय ७८ खेल खेले। सन् २०२१ मा उनी पिएसजीमा पुगे। मेसीसँगै क्रिस्टियानो रोनाल्डोले पनि स्पेनिस क्लबमा लगानी गरेका छन्। रोनाल्डोले स्पेनिस क्लब अल्मेरियाको २५ प्रतिशत सेयर किनेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com